सर्वाधिक बिक्री हुने

# साप्ताहिक

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सबैको लागि सम्पूर्ण पत्रिका




● वर्ष १५ ● अंक ४० ● काठमाडौं, शुक्रबार, फागुन ७, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Feb 19, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-



तस्विरहरु : महेश प्रधान

# कथा कालीबाबाको

• विदुर खतिवडा

'म खाँटी अर्थमा कम्युनिस्ट हुँ,' कुराकानीको सुरुवातमै रुद्राक्षधारी साधुले यस्तो कुरा गर्दा अचम्म लाग्नु स्वाभाविक थियो। उनले दोस्रो वाक्य केही हदसम्म सामन्यीकृत गर्दै भने- 'नेपालका कम्युनिस्टले कम्युनिस्टको गलत व्याख्या गरेका छन्।' 'उनीहरू कम्युनिस्ट शब्दको खोल ओढेर झूटको खेती गरिरहेका छन्,' उनले थपे- 'म कमन पिपल भएकाले कम्युनिस्ट हुँ, कम्युनमा बस्ने कमन पिपल वास्तविक कम्युनिस्ट हुन्।' कम्युनिस्ट सिद्धान्तका मसिहा भन्नेहरू आफूलाई सर्वहारा वर्गको प्रतिनिधि मान्छन्, बाबा कालिदास दाहालका अनुसार यहाँका कतिपय कम्युनिस्टहरू जतिसक्दो धेरै यो शब्दको प्रयोग गरेर सामन्तको जस्तै जीवनयापन गरिरहेका छन्।

विस्तृत विवरण पृष्ठ ५ देखि







मध्यपृष्ठमा

भ्यालेन्टाइन बिशेष

## मिलन र कोमल

## ● क्यासेट ●

### दिल



गायिका दुर्गा खरेलका पप गीतहरूको संग्रह 'दिल' बजारमा आएको छ । भाइब्ज क्रिएसनको यो संग्रहमा आठवटा गीत छन् । संग्रहमा गीतमा अर्जुन पोखरेल, न्हयू बज्राचार्य, सचिन सिंह, राजु सिंह, राम सिटौला आदिको संगीत तथा दुर्गालाल श्रेष्ठ, किरण खरेल, विजय शिवाकोटी, कृष्ण अविरलका शब्दहरू छन् ।

### नाम



गायक सूर्य रुम्बाका पप गीतहरूको संग्रह 'नाम'बजारमा आएको छ । म्युजिक डटकमको यो संग्रहमा आठवटा गीत छन् । संग्रहका गीतमा शिवराज गुरुङ, चेतन राई, सूर्य रुम्बा, भरत सिटौला तथा बालकृष्ण पुनको शब्द तथा संगीत सुन्न सकिन्छ ।

### सियोनका गीतहरू



गायिका चन्दा देवानका आधुनिक गीतहरूको संग्रह 'सियोनका गीतहरू' बजारमा आएको छ । विजय देवानले प्रस्तुत गरेको यो संग्रहका गीतहरूमा राजेश राई, बबिराज, लोकनाथ मेनन, त्रीलोक प्रधान, नोयल किपन, सलोन कार्थक, ग्रेसी मोक्तान, श्यामकृष्ण श्रेष्ठ आदिका शब्द तथा संगीत छन् ।

## ● रंगमञ्च ●

### गुरुकुलमा पानी फोटो

पुरानो बानेश्वरस्थित आरोहण गुरुकुलमा 'पानी फोटो' शीर्षकको नाटक मञ्चन हुन थालेको छ । गुरुकुलमा यसअघि यहाँ 'घनचक्कर' शीर्षकको नाटक मञ्चन भएको थियो । खगेन्द्र लामिछानेको लेखन तथा निर्देशनमा तयार पारिएको नाटक 'पानी फोटो' को मञ्चन गत मंगलबार प्रारम्भ भएको हो । यो नाटक सोमबार बाहेक हप्ताको छ दिन मञ्चन भैरहेको छ । नाटक आगामी फागुन २९ गतेसम्म मञ्चन हुनेछ । दस वर्षे गृहयुद्धको पीडा पोखिएको यो नाटकमा गृहयुद्धका क्रममा बेपत्ता भएको परिवारका प्रतिनिधि पात्रलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । परिवारका एक सदस्य बेपत्ता भएपछि उसको परिवारमा आएको आँधिबेहरी नाटकमा प्रस्तुत गरिएको छ । 'पानी फोटो' मा गुरुकुलकै रंगकर्मीहरूले अभिनय गरेका छन् । नाटकमा सरिता गिरी, पशुपति राई, मणिराम पोखरेल, भोलाराज सापकोटा, कमलमणि नेपाल, अरुणा कार्की, विपिन कार्की, सविन थापामगर आदिले अभिनय गरिरहेका छन् ।

### मञ्जुश्रीको चर्यानृत्य

कलाकार मञ्जुश्री प्रधानले गत साता रुसी सांस्कृतिक केन्द्रमा परम्परागत नेपाली चर्या नृत्य प्रस्तुत गरिन् । फ्रान्सेली कला केन्द्र काठमाडौंको आयोजनामा भएको द ग्लोरी अफ हिमालयज शीर्षकको कार्यक्रममा उनले चर्या नृत्य प्रस्तुत गरेकी हुन् । कार्यक्रममा उनले कुमारी, मञ्जुश्री आदि चर्याका विभिन्न विधामा आफ्नो प्रतिभा देखाएकी थिइन् ।

## ● ग्यालरी ●

### अमेरिकाका न्यूड आर्ट प्रदर्शनीमा

कलाकार कपिलमणी दीक्षितले अमेरिकाको टेक्सासस्थित नर्थलेक कलेजबाट चित्रकलामा स्नातक गर्दा न्यूड आर्टलाई मूल विषय बनाएका थिए । उनकै पहलमा उक्त कलेजका अन्य विद्यार्थीहरूको न्यूड आर्टको प्रदर्शनी 'लिट्रेली फिगरेटिभ' बुधबारदेखि काठमाडौंको नक्सालस्थित इमागो डेई ग्यालरीमा सञ्चालन भैरहेको छ । उक्त कलेजका विद्यार्थीहरूबाट पठाइएका २५ वटा चित्रकला प्रदर्शनीमा कलाकार दीक्षितका चित्रकला पनि छन् ।

### पब्लिक भ्वाइसमा पदम

कलाकार पदम घले तेस्रो एकल चित्रकला प्रदर्शनीमार्फत झुल्किएका छन् । वर्तमान समाजको यथार्थता झल्कने चित्रहरू लिएर उनी पोखराको पिएसएम आर्ट ग्यालरीमा प्रस्तुत भएका हुन् । उनका चित्रहरू 'पब्लिक भ्वाइस' शीर्षकमा प्रदर्शन भैरहेका छन् । प्रदर्शनीमा कोलाज शैलीका २९ थान चित्र समावेश छन् । सिर्जनशील कलाकार समूहद्वारा आयोजित प्रदर्शनीमा २५ सयदेखि १२ हजार रुपैयाँसम्मका चित्र राखिएका छन् । घलेले यी सबै चित्र पछिल्ला ६ वर्षको अवधिमा तयार पारेको बताएका छन् ।

### रविनको एकल प्रदर्शनी

कलाकार रविन कोइराला आफ्ना पछिल्ला चित्रमार्फत सार्वजनिक प्रदर्शनीमा प्रस्तुत भएका छन् । उनले तयार पारेका चित्रहरू 'द गोल्डेन वेज अफ नोइङ' शीर्षकमा प्रदर्शन भैरहेका छन् । नक्सालस्थित नेपाल ललितकला संस्था (नाफा) मा सञ्चालन भैरहेका उनको चित्र प्रदर्शनी यसै साता सम्पन्न भएको छ । मानव आकृतिमा अमूर्त विम्ब तथा प्राकृतिक आकृतिको संयोजन गर्न सिपालु देखिएका कलाकार कोइरालाको एकल प्रदर्शनीमा ३२ थान चित्र समावेश गरेका छन् । पहिलो पटक एकल प्रदर्शनीमा प्रस्तुत भएका कलाकार कोइरालाले दर्शक, दृश्य तथा द्रष्टा गरी तीन स्वभावको मानव जीवनलाई चित्रण गरेका छन् ।

### मेजरसाबको चित्रकला

राष्ट्रसेवामा समर्पित मेजर झसेन्द्रबहादुर राणाले तयार पारेका चित्रको प्रदर्शनी गत साता सम्पन्न भएको छ । आधुनिक चित्रकार गेहेन्द्रमान अमात्य तथा भारतमा ख्याति कमाएका चित्रकार लक्ष्मण श्रेष्ठ युवा अवस्थाका कला मित्र थिए । उनीहरूकै संगतले चित्रकलामा प्रवेश गरेका राणाले ५१ वर्षअघि तयार पारेको बुद्धको चित्र आज नेपाल कलापरिषद्को भित्तामा सजिएको छ । २००८ सालमा कोरेका चित्रदेखि हालसम्मका विभिन्न शैलीका चित्रलाई उनले आफ्नो एकल प्रदर्शनीमा प्रस्तुत गरेका छन् । सैनिक जागिरबाट अवकाशप्राप्त उनको डेढ दशक कला सिर्जनाका लागि उर्वर बन्यो । 'मेरो कला यात्रा' शीर्षकको प्रदर्शनीमा उनका प्रारम्भिक कालदेखि हालसम्म सिर्जित ५५ थान चित्र समावेश गरिएको थियो । पेन्सिल, पानी रंग तथा मिश्रित माध्यमबाट सिर्जित राणाका चित्रमा जीवनशैली, धार्मिक तथा सांस्कृतिक पक्ष झल्किएको पाइन्छ । दृष्यात्मक तथा कम्पोजिसन शैलीका चित्रले पनि प्रदर्शनी ढाकिएको छ । सिद्धार्थ आर्ट ग्यालरीद्वारा आयोजित यो प्रदर्शनी गत साता सम्पन्न भएको हो ।

### चित्रकलामा अन्तर्राष्ट्रिय पुरस्कार

जापानमा आयोजित एसिया स्तरीय नवौं विश्व बसोवास दिवस बाल-चित्र प्रतियोगितामा नेपालकी छात्रा छेतेन लामाद्वारा सिर्जित चित्र पुरस्कृत भएको छ । लामा डेफोडिल पब्लिक स्कूलकी विद्यार्थी हुन् । फुकुवाकास्थित युएन हाविटाटको क्षेत्रीय कार्यालयले आयोजना गरेको प्रतियोगितामा कक्षा ६ मा अध्ययनरत लामाले चिल्ड्रेन फ्युचर एवार्ड पाएकी हुन् । प्रतियोगितामा एसियाका नेपालसहित चीन, थाइल्याण्ड, फिलिपिन्स आदि सात राष्ट्रका ७ सय ५८ बाल-चित्र समावेश गरिएको थियो । 'हाम्रो सहरको भविष्यका निम्ति के गर्न सक्छौ ?' भन्ने विषयमा ती चित्र कोरिएको थियो । जापानले प्रतियोगितामा विजयी चित्रहरू संकलन गरेर क्यालेन्डर प्रकाशित गर्ने भएको छ ।

### कोरियामा नेपाली चित्रकला

नेपालका प्राकृतिक सौन्दर्य तथा हिमश्रृंखलाका आकर्षक चित्रकलाहरू कोरियाको राजधानी सियोलस्थित हिमालयन आर्ट ग्यालरीमा प्रदर्शन गरिएको छ । प्रदर्शनीमा दस जना नेपाली कलाकारले तयार पारेका चित्र समावेश गरिएको छ । दुई साताका लागि सञ्चालन गरिएको प्रदर्शनीमा यथार्थवादी तथा प्रभावकारी शैलीमा तयार पारिएका चित्र समावेश छन् । चालीस दिन लगाएर अन्नपूर्ण पदमार्ग यात्राका क्रममा छ जना कलाकारले यथास्थानमै सिर्जना गरेका आकर्षक हिमाली श्रृंखलाले प्रदर्शनीस्थल सजिएको छ । अन्नपूर्ण पदमार्ग यात्रामा सहभागी आलोक गुरुङ, मोहम्मद जब्बर, ज्ञानमणि राय, एसपी न्यौपाने, एनबी गुरुङ तथा आशाराम ख्याजूले यथास्थानमा तयार पारेका चित्र कोरियाली कलाप्रेमीमाझ आकर्षणको केन्द्र बनेका छन् । विगत दस वर्षदेखि नेपालमा हिमश्रृंखलाको संरक्षण तथा सफाइमा काम गर्दै आएका कोरियाली नागरिक वङ योङ दुकको पहलमा सञ्चालित प्रदर्शनीमा महेश आचार्य, एस गुरुङ, रत्नकाजी शाक्य तथा ए नोरिसका नेपाली जीवनशैली तथा हिमाली सौन्दर्य झल्कने चित्र पनि राखिएका छन् । प्रदर्शनीमा कोरियास्थित नेपाली राजदूतदेखि पर्वतारोहीलगायत पाँच हजार दर्शकले अवलोकन गरिसकेको जानकारी आयोजकले दिएका छन् ।

## ● लाइभ ●

### पुलिस क्लबमा कन्सर्ट

आगामी फागुन ११ गते मंगलबार प्रदर्शनी मार्ग, काठमाडौंस्थित नेपाल पुलिस क्लबमा एउटा सांगीतिक कार्यक्रम गरिने भएको छ । स्वामी विवेकानन्दको भजनको नेपाली संस्करण 'जाग उठ' को विमोचन समेत गरिने उक्त कार्यक्रममा गायिका सविना कार्की तथा गायक आदेश गुर्माचनले गीत-संगीत प्रस्तुत गर्नेछन् । नेपाली संस्करणको संग्रहमा आनन्द कार्की तथा स्वरूपराज आचार्यको पनि स्वर सुन्न सकिन्छ । विवेकानन्दको १ सय ४८ औं जन्म जयन्तीको अवसरमा यो कार्यक्रम आयोजना गर्न लागिएको हो ।

## ● पुस्तक ●

### प्रतिनिधि नेपाली लघुकथाहरू

विनयकुमार कसजूद्वारा सम्पादित प्रतिनिधि नेपाली लघुकथाहरूलाई विवेक सिर्जनशील प्रकाशन प्रा.लि.ले सार्वजनिक गरेको हो । १ सय ४२ वटा लघुकथा समेटिएको यो पुस्तकमा सबैजसो लब्धप्रतिष्ठित नेपाली कथाकारहरू समेटिएका छन् । केही विदेशी लघुकथासमेतले स्थान पाएको यो संग्रहले छोटा-मीठा कथाका पारखीहरूको मन जित्ने विश्वास गरिएको छ ।

### पूर्णिमा

दीपक विवश 'आशु'का ८० वटा गजलको संग्रह पूर्णिमालाई एस.आर. होम्स, काठमाडौंले सार्वजनिक गरेको हो । मायाप्रीतिका कुरासँगै विद्रोहका गीतहरूसमेत समेटिएका संग्रहका गजलहरूले पाठकलाई एउटा बेग्लै आनन्द दिन्छ । १ सय रुपैया मूल्यको यो गजल संग्रह पठनीय छ ।

### चतुरशीति सिद्ध पूजाविधि

मधुसूदन सुवेदीले वैदिक हिन्दू धर्ममा विश्वास राख्ने सनातनी हिन्दूहरूमा प्रचलित पूजाविधिलाई सरल भाषामा सरलीकृत 'चतुरशीति सिद्ध पूजाविधि' नामक पुस्तकमार्फत सार्वजनिक गरेका छन् । यो पुस्तकको प्रयोगले कतिपय पूजा पुजारीको सहयोगविना पनि गर्न सकिनेछ । श्रीमती सानुमाया सुवेदीद्वारा प्रकाशित यो पुस्तकको मूल्य ६५ रुपैयाा छ ।

### पानीको घाम

कथाकार अमर न्यौपानेका कथाहरूको संग्रह पानीको घामलाई पैरवी बुक हाउसले सार्वजनिक गरेको हो । नारी मनोविज्ञान प्रस्तुत गर्ने न्यौपानेका कथाले समसामयिक नेपाली समाजको प्रतिनिधित्व गरेका छन् । यो संग्रहको मूल्य १ सय ९५ रुपैयाा छ ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## यो साताको पञ्चाङ्ग

फागुन ७ गते : राष्ट्रिय प्रजातन्त्र दिवस, कान्तिपुर पब्लिकेसन्सको सत्रौं वार्षिकोत्सव, ८ गते : विश्व सामाजिक न्याय दिवस, ९ गते : अन्तर्राष्ट्रिय मातृभाषा दिवस, १० गते : चिरोत्थानम होली प्रारम्भ, १३ गते : आमलकी एकादशी ।

### मेष

मान-सम्मान पाउनुहोला । पराक्रम एवं बोलीको प्रभाव बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ । रमाइलो यात्रा हुनसक्छ । भाग्यले साथ दिनेछ । धन आर्जन गर्न सकिनेछ । अध्ययनमा सफलता मिल्नेछ । महत्त्वपूर्ण जिम्मेवारी थपिनेछ ।

### मिथुन

सोच्ने शक्ति बढ्नेछ । सजिलै अरूको विश्वास जित्न सकिनेछ । अरूबाट प्रशंसा पनि पाउनुहोला । पराक्रम बढ्ने, अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ । अध्ययनमा रुचि बढ्नेछ । आइतबार र सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ ।

### सिंह

भाग्यले साथ दिनेछ भने व्यवसायमा सोचेजस्तै सफलता मिल्नेछ । यात्रा रमाइलो हुनेछ । भेटघाटमा मन रमाउनेछ । पराक्रम बढ्ने, अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ । आफन्तहरूको भरोसा गर्ने अवस्था छैन । झूटा आरोप लाग्न सक्ने भएकाले सजग रहनुहोला ।

### तुला

यात्रामा लाभ हुने तथा भेटघाटमा रमाउने अवसर जुट्नेछ । पतिपत्नीबीचको असल सम्बन्धले आँट र साहस बढ्नेछ । पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । आइतबार, सोमबार तथा मंगलबार स्वास्थ्य गडबड हुने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ ।

### धनु

झूटा आरोप लाग्ने सम्भावना भएकाले अरूको विश्वास गरिहाल्नु उचित हुँदैन । मंगलबारदेखि मनमा उत्साह बढ्ने, काममा सुधार आउने, व्यवसायमा लाभ हुने तथा यात्रामा रमाइलो हुने योग छ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने देखिन्छ । धन आर्जन पनि हुनसक्छ ।

### कुम्भ

सानै प्रयासले ठूलो काममा सफलता पाउनुहोला । मनमा उत्साह एवं शरीरमा स्फूर्ति बढ्नेछ । अरूले तपाईंको भरोसा गर्नेछन् । महत्त्वपूर्ण जिम्मेवारी प्राप्त हुनसक्छ । धन आर्जन गर्ने अवसर जुट्नेछ । अध्ययनमा सोचेभन्दा बढी नै सफलता मिल्नेछ । रिस बढ्ने भएकाले धैर्यता अपनाउनु उचित होला ।

### वृष

साताको सुरुमा खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ । मन चञ्चल रहनेछ । निर्णयको अभावमा हात परेको काम पनि फुत्कन सक्छ । विश्वास गरेकाहरूले धोका दिन सक्छन् । आइतबारदेखि मान-सम्मान मिल्नेछ भने पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ ।

### कर्कट

मान-सम्मान पाइनेछ । सजिलै अरूको विश्वास जित्न सकिनेछ । महत्त्वपूर्ण स्थान र जिम्मेवारि पाइनेछ । यात्रा गर्ने अवसर मिल्नेछ । भेटघाटमा मन रमाउनेछ । आफन्तहरूको सहयोग प्राप्त हुनेछ । नयाँ मित्रको अगमनले मनोबल बढ्नेछ । बुधबार र बिहीबार खर्च, विवाद एवं चिन्ताले सताउन सक्छ ।

### कन्या

मन अशान्त हुनेछ । काममा अवरोधको सामना गर्नुपर्नेछ, शरीरमा चोटपटक लाग्नसक्छ । समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ । विश्वास दिलाएर धोका दिनेहरू बढ्नेछन् । घरेलु समस्याले सताउनेछ । पतिपत्नीबीचको विवादले चर्को रूप लिनसक्छ । सोमबारदेखि वातावरण केही सहज बन्नेछ ।

### वृश्चिक

काममा सफलता मिल्नुका साथै र धन आर्जन पनि हुनेछ । पराक्रम को गति तीव्र हुनेछ । अरूबाट प्रशंसा पाइने योग छ । पहिलो भेटमै अरूलाइ विश्वास दिलाउन सकिनेछ । अध्ययनमा सोचेजस्तै सफलता पाउनुहोला । बुधबार र बिहीबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने, चिन्ता बढ्ने तथा अरूबाट आलोचना हुने योग छ ।

### मकर

घरेलु समस्या, रोग एवं शत्रुले सताउनेछन् । विनाकारणको विवादले मन अशान्त हुनेछ । पति-पत्नीमा मतभेद खडा हुनसक्छ । व्यवसायमा उतारचढावको सामना गर्नुपर्ला । आइतबार, सोमबार तथा मंगलबार ग्रहले साथ दिनुका साथै अध्ययनमा सफलता मिल्नेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ ।

### मीन

सफलता प्राप्त गर्न निकै प्रयास गर्नुपर्नेछ । बोल्दा सजगता अपनाउनुहोला । धनमाल हराउन सक्छ । अरूको काममा समय बित्नेछ । घरेलु समस्याले सताउनेछ । अध्ययनमा भने राम्रै सफलता मिल्नेछ । पराक्रम बढ्ने योग भए पनि सफलताका लागि संयम आवश्यक छ । लेनदेनमा अघि नबढ्नु नै उचित हुन्छ ।

# पर्यटनका लागि प्रतिबद्धता

विदुर खतिवडा/शिव मुखिया

'आर्थिक क्रान्तिका लागि पर्यटन' पर्यटन वर्ष २०११ लाई सार्थक बनाउने अभियानस्वरूप अघि सारिएको नारा हो यो। यो अभियान सफल भए, आगामी वर्ष नेपालमा १० लाख पर्यटक भित्रिनेछन्। यसले आन्तरिक द्वन्द्व एवं राजनैतिक अस्थिरताले शिथिल बनेको मुलुक पर्यटनको विकासबाटै माथि उकासिने संकेत दिएको छ। 'तर यसका लागि सम्पूर्ण क्षेत्रबाट प्रतिबद्धताको खाँचो छ', अभियानको अगुवाइ गरिरहेको नेपाल पर्यटन बोर्डका प्रबन्धक सुवास निरौला भन्छन्- 'पर्यटन हामी सबैको हो भन्ने भावना जाग्नुपर्छ।' बन्द-हड्ताल नगरी विश्वमा सकारात्मक सन्देश सम्प्रेषण गर्न सकिए अभियानले सार्थक आकार लिने उनको विश्वास छ। पर्यटनमैत्री समाज स्थापना अर्को आवश्यक सर्त हो।

त्यसो त पर्यटन वर्ष २०११ लाई सफल बनाउन सबै क्षेत्रले एउटै मञ्चमा उभिएर प्रतिबद्धता जनाउने भएका छन्। आउँदो फागुन १४ गते उनीहरूले पर्यटन विकासका लागि विभिन्न प्रतिबद्धता जनाउने भएका हुन्। जहाँ सरकारी निकाय, राजनीतिज्ञ, व्यापारी/उद्योगी, निजी क्षेत्र, कलाकर्मी, खेलाडी, पत्रकार आदिको उपस्थिति रहनेछ। यसका लागि 'पर्यटनका लागि सँगसँगै' भन्ने नारा तय गरिएको छ। 'पर्यटन विकासबाट कुनै पनि क्षेत्र अछुतो रहनेछैन', निर्देशक निरौला भन्छन्- 'सबै यसको प्रतिफलबाट प्रभावित हुनेछन्।'

फागुन १४ गते राजधानीको सैनिक मञ्च टुडिखेलमा हुने भव्य समारोहसागै 'पर्यटन वर्ष २०११' को ढोका उघारिनेछ। लुम्बिनीबाट प्रज्वलित अखण्ड दीपसहितको र्‍याली निस्कनेछ। यो दीप विभिन्न ११ राष्ट्रका बुद्धका मूर्तिबाट विशेष पूजाआजा गरी प्रज्वलित गर्ने र नेपाली ओलम्पियनबाट काठमाडौं ल्याइपुर्‍याउने कार्यक्रम छ। यही अवसरमा सरकारले आफ्नो तर्फबाट पर्यटन विकासमा सहयोग पुर्‍याउनुका साथै राजनैतिक दलले बन्द-हड्तालजस्ता अवरोधजन्य कार्य नगर्ने प्रतिबद्धता सार्वजनिक गर्नेछन्। व्यवसायी/उद्योगी, कलाकर्मी, खेलाडी आदि सबैले आ-आफ्नो क्षेत्रबाट प्रतिवद्धता जनाउनेछन्।

पर्यटन वर्ष २०११ शुभारम्भको यस अवसरमा खेलाडी तथा कलाकर्मी सहिद रंगशालाबाट, राजनीतिज्ञ राष्ट्रिय सभागृहबाट, प्रज्ञा-प्रतिष्ठानबाट व्यवसायी, लैनचौरस्थित नेपाल स्काउट संघबाट पर्यटन व्यवसायीले बृहत र्‍याली निकाल्ने कार्यक्रम छ। 'जातिय संस्कृति पनि पर्यटन प्रवर्द्धनको राम्रो माध्यम हो', झााकी संयोजनको जिम्मेवारी लिएकी चित्रकार सुष्मा राजभण्डारीले भनिन्-'नेपाल जातीय कला-संस्कृतिमा पनि धनि छ भन्ने सन्देश दिइनेछ।' डाइरेक्सन नेपाल प्रालिले यसको व्यवस्थापकीय जिम्मेवारी सम्हाल्ने इभेन्ट म्यानेजर दीपक थापाले बताए। 'विश्वभर का मुलुकमा सकारात्मक सन्देश सम्प्रेषण गर्न' यो कार्यक्रमले सघाउ पुर्‍याउने विश्वास लिइएको छ। द्वन्द्वकालमा भएका नकारात्मक प्रचारलाई पनि यसले निस्तेज पार्ने

## पर्यटन वर्ष २०११

अपेक्षा गरिएको छ। 'भाषणभन्दा पनि सन्देशमूलक कार्यक्रममा लक्षित छौं'- संस्कृति तथा पर्यटन मन्त्रालयका सचिव नगेन्द्र भट्टराईले भने। कार्यक्रमबाट पर्यटनप्रतिको जनचासो मापन गर्न सकिने डाइरेक्सन नेपालका थापाले बताए।

कलकारखाना, उद्योग, कृषि, व्यापारलगायतका क्षेत्र ओरालो लागे पनि तुलनात्मक रूपमा लाभ भएको क्षेत्र हो– पर्यटन। नेपालमा पर्यटन विकासका थुप्रै सम्भावना छन्। विश्वको सर्वोच्च शिखर सगरमाथा, प्राकृतिक सौन्दर्य, प्राचीन कलाकृति, मठ-मन्दिर, जातीय कला-संस्कृतिको आकर्षणले पर्यटकीय गन्तव्य मानिएको छ नेपाललाई। यिनै स्रोत-साधनको प्रयोगबाट मनग्य आम्दानी लिन सकिन्छ। 'यसका लागि पर्यटनको बजारीकरण आवश्यक भएको' विज्ञहरूले औंल्याएका छन्। उनीहरू 'लगानीबिनाको आम्दानी हुने' क्षेत्र मान्छन् पर्यटनलाई। 'पर्यटकलाई प्राकृतिक सुन्दरता देखाएर मात्र पनि पैसा कमाउन सकिन्छ'- निरौला भन्छन्। त्यसैले पर्यटकलाई सहरकेन्द्रित मात्र नगराएर गाउँ-गाउँसम्म पुर्‍याउने लक्ष्य राखिएको छ यो वर्ष। ग्रामीण पर्यटनलाई प्रथमिकतामा राखिएको छ, जसले खेती किसानी गर्नेले समेत प्रत्यक्ष लाभ लिन सक्ने अपेक्षा गरिएको छ। 'समुदायमा आधारित होमस्टेको व्यवस्था गरिनेछ' न्यौपानेले भने। यसका लागि पर्यटनका केही आवश्यकतालाई ध्यान दिनुपर्ने पनि उनको सुझाव छ। बस्ने स्थान र खानपान सफा-सुग्घर र व्यवस्थित शौचालय पर्यटकका लागि आवश्यक पर्ने उनको भनाइ छ।

नेपालको होटल तथा रेस्टुरेन्टले ५ लाख पर्यटक मात्र थेग्न सक्ने दाबी गरिन्छ। बााकी पर्यटकका लागि होमस्टे राम्रो विकल्प हो। यसबाट मौलिक रहनसहन एवं खानपानमा इच्छा लाग्ने पर्यटक त लोभिनेछन् नै, ग्रामीण क्षेत्रका बासिन्दाले आय आर्जनको बाटो पनि पाउनेछन्। होमस्टेको तयारीका सम्बन्धमा आवश्यक तलिम सञ्चालन गर्ने योजना बनाएको छ पर्यटन बोर्डले।

नेपालमा दिगो पर्यटन विकासका लागि चुनौतीहरू नभएका होइनन्। जारी राजनैतिक अस्थिरता, बन्द-हड्ताल, असुरक्षादेखि भेदभावपूर्ण सामाजिक व्यवहार यसका खास समस्या हुन्। यी समस्याको समाधान विनापर्यटन विकासको बाटो खुल्न गाह्रै छ। पर्यटनका लागि थालिएको राष्ट्रिय अभियानले यी समस्याको हल गर्ने अपेक्षा गरिएको छ।

पर्यटन विकासका लागि सन् २००९ मै राष्ट्रिय अभियान सुरु गरिएको हो। अभियानअन्तर्गत आगामी वर्ष २०११ लाई 'पर्यटन वर्ष'का रूपमा मनाउन लागिएको आयोजकले जनाएको छ।

पर्यटन वर्षका रूपमा कुनै ठोस कार्यक्रमको रूपरेखा भने तय गरिएको छैन। यद्यपि स्थानिय क्षेत्र, समुदायबाट हुने पर्यटन प्रवर्द्धनमा बोर्डले सहयोगी भूमिका खेल्नेछ। घलेगााउ, सिरुवारीजस्तै समुदायमा आधारित पर्यटनलाई बढावा दिने लक्ष्य राखिएको छ। त्यस्तै, खेल पर्यटनलाई पनि प्रोत्साहित गरिने कार्यक्रम छ। स्काइ डाइभ, बन्जी जम्प, साइक्लिङ, हिमाली म्याराथुन, प्याराग्लाइडिङजस्ता खेलकुदको अन्तर्राष्ट्रिय प्रतियोगितावाट पनि पर्यटक आकर्षित गरिनेछ।

# कान्तिपुर पब्लिकेसन्स १८ औं वर्षमा

कान्तिपुर पब्लिकेसन्सले आज १७ वर्षे यात्रा पूरा गरेको छ। नेपाली पत्रकारितामा परिवर्तन एवं व्यावसायिक पत्रकारिताको संवाहक मानिएको कान्तिपुर पब्लिकेसन्सले यसलाई उत्सवका रूपमा मनाउने निर्णय गरेको छ। कान्तिपुरले वार्षिक उत्सवका अवसरमा ६ र ७ गते विशेष सामग्री दिएको छ भने अंग्रेजी दैनिक काठमाडौं पोस्टले पनि विशेष सामग्री दिएको छ। पब्लिकेसन्सले अघिल्ला वर्ष झैं यो वर्ष पनि रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा ८९ जना पत्रकार एवं कर्मचारीले रक्तदान गरेका थिए। यही अवसरमा पब्लिकेसन्सका जिल्ला सम्वाददातालाई विशेष तालिम प्रदान गरिएको थियो।

२०४९ साल फागुन ७ गतेदेखि प्रकाशन प्रारम्भ भएको कान्तिपुर पब्लिकेसन्सले आफ्नो वार्षिक उत्सवका अवसरमा आज विशेष कार्यक्रम गर्ने भएको छ। कार्यक्रममा वर्षभरि काम गर्ने पत्रकार एवं कर्मचारीहरूलाई पुरस्कार प्रदान गरिनेछ। कार्यक्रममा संविधान निर्माणको समय घर्किंदै गएको अवस्थामा कान्तिपुरले खेल्ने भूमिकाका विषयमा चर्चा गरिने अपेक्षा गरिएको छ।


तस्बिर : नवराज वाग्ले

वार्षिकोत्सवका अवसरमा रक्तदान गर्दै कान्तिपुरकर्मीहरू










## ● सम्पादकीय ●

# घट्यो गरिबी

रुकुमको एउटा विपन्न परिवारले आफ्नी छोरीको उपचार खर्च जुटाउन नसक्दा सामूहिक आत्महत्या गरेको समाचार सार्वजनिक भएकै दिन राष्ट्रिय योजना आयोगले एक प्रतिवेदन सार्वजनिक गर्दै नेपालको गरिबी २५ प्रतिशतमा झरेको र हरेक वर्ष १ प्रतिशतका दरले घट्दै गएको बताएको छ । सन् २०१५ सम्ममा नेपालले आफ्नो गरिबीलाई २१ प्रतिशतमा झार्ने सहस्राब्दी विकास लक्ष्य निर्धारण गरिएको थियो । पछिल्लो प्रतिवेदनले आगामी ५ वर्ष नेपालको गरिबीदर २० प्रतिशतको हाराहारीमा झर्न सक्ने सम्भावनालाई बलियो बनाएको छ । त्यति मात्र नभै मूल्यांकन प्रतिवेदनले के पनि भन्छ भने– नेपालमा विद्यमान गरिबीको अन्तर पनि ७ दशमलव ५५ प्रतिशतबाट ६ दशमलव १० प्रतिशतमा झरेको छ । गरिबी निवारणमा महत्त्वपूर्ण भूमिका खेल्ने गरिब र धनी बीचको खाडल समेत साघुरिंदै गएकाले निकट भविष्यमा नेपालको सामाजिक संरचनामा समानता र सामाजिक न्यायको अवधारणाले मूर्तरूप पाउन सक्ने सम्भावना बढ्दै गएको प्रतिवेदनले देखाएको छ । नेपाल सरकारले गरिबी न्यूनीकरण अभियानसागसागै अन्य सामाजिक पक्षहरूलाई पनि समेट्ने नीति अन्तर्गत सञ्चालन गरेको कतिपय कार्यक्रमले समेत अपेक्षा गरिएअनुरूप परिणाम दिएकाले नेपालको गरिबीलाई कमभन्दा कम विन्दुमा झार्न सघाउ पुर्‍याएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदन भन्छ– गरिबी घटाउन सहायक मानिएको भोकमरीग्रस्त जनसंख्याको अनुपात घटाउने लक्ष्य यसअघि नै पूरा भैसकेकाले नेपाल सरकारको अभियान सफलताको नजिक पुगेको हो । यो सकारात्मक पाटो मात्र हो । नेपाल सरकारको अभियानका नकारात्मक पाटाहरू पनि छन् । गरिबी घटाउनु सागसागै सरकारले सबै नागरिकका लागि पूर्ण र सभ्य रोजगारीसम्बन्धी जुन लक्ष्य निर्धारण गरिएको थियो त्यो असफल प्रमाणित भैसकेको छ भने कम तौल भएका बालबालिकाको अनुपात घटाउने सरकारी लक्ष्य पनि तुहिएको छ । यस्तो स्थितिमा नेपालमा सहर र ग्रामीण क्षेत्रका नागरिकहरूको जीवनशैली र साधन स्रोतसम्मको पहुचमा नाट्कीय भिन्नता देखापर्नुलाई विश्लेषकहरूले स्वाभाविक मानेका छन् । बितेको डेढ दशकमा नेपालमा देखापरेको जनयुद्धको चाप, अस्थिर राजनैतिक वातावरण र अझै पनि अन्यौलमै रहेको राजनैतिक भविष्य, अभूतपूर्व ऊर्जा संकट एवं अनियमित आर्थिक गतिविधिहरूका कारण नेपाली समाजको सामाजिक विकासको गति सुस्त रहन सक्ने संकेतहरू देखिएका छन् ।

**समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।**

## ● चिठीपत्र ●

# प्रेममा गोली चलाउने प्रेमीहरू

एकताका एउटा प्रेमी, जसको नाम पुकार हो, ले आफ्नै प्रेयसीको कञ्चटमा गोली हिर्काई स्वयंलाई पनि गोली प्रहार गरी मृत्युवरण गर्दा उनीहरूको प्रेमले धेरै चर्चा पाएको थियो । मृतक प्रेमिकाप्रतिको सहानुभूति र पागल प्रेमीप्रतिको घृणा धमिलो नहुँदै रौतहटमा एउटा यस्तै पागल प्रेमीले अर्की एक निर्दोष युवतीलाई गोली प्रहार गरी स्वयंलाई पनि गोली प्रहार गरे । प्रेम प्राप्तिको यो अभ्यासले प्रेमलाई एउटा भयानक वस्तुमा रूपान्तरण गर्दै गएको छ । यसरी नै प्रेमीहरू पागल भएर आफ्नै प्रेयसीलाई गोली प्रहार गर्दै गए प्रेमिकाहरू प्रेम गरेर गोलीका याचक हुनेछैनन् । बलिदान र त्याग प्रेमको अभिलाषा हो, रगत र गोली त्यसको अभीष्ट होइन । अहिले प्रेम एउटा विकृति हुँदै गोलीसम्म पुग्दा प्रेम प्रेम नभै उद्वेग र आवेग हुन पुगेको छ । प्रेमिकालाई गोली प्रहार गर्ने संस्कृतिले ती प्रेमी र प्रेमिकाको चित्त दुखाएको छ जसको अभीष्ट त्याग र बलिदान हो ।

यहाँ प्रेमिकालाई गोली हिर्काएका मात्र छैनन्, कैयन् प्रेमिकाको सुन्दर अनुहारमा तेजाव छ्याप्ने प्रेमीहरू पनि छन् । जुन ओठमा मेरो चुम्बन फक्रिन्न त्यो ओठ खरानीको थुप्रो हुनुपर्छ भनी प्रेयसीको सुन्दर ओठ तेजाबले डढाउनेहरूले अन्ततः प्रायश्चितसिवाय अरू केही पाउँदैनन् । पागल प्रेमका यी काला प्रतीकहरूको समर्थनमा पागल प्रेमीहरू तर्क यसरी देलान् कि महिलाहरू धोका दिन खप्पिस हुन्छन् र जसले प्रेममा धोका दिन्छ उसले मृत्यु पाउनैपर्छ । यसरी प्रेयसीलाई बदलामा गोली प्रहार गर्नु, तेजाव छ्याप्नु भनेको प्रणय विकृति हो । प्रेमलाई फूल सुहाउँछ, गोली सुहाउँदैन तर प्रेममा आजभोलि रगतको होली खेल्ने विकृति मौलाएको छ ।



**बलिदान र त्याग प्रेमको अभिलाषा हो, रगत र गोली त्यसको अभीष्ट होइन। अहिले प्रेम एउटा विकृति हुँदै गोलीसम्म पुग्दा प्रेम प्रेम नभै उद्वेग र आवेग हुन पुगेको छ। प्रेमिकालाई गोली प्रहार गर्ने संस्कृतिले ती प्रेमी र प्रेमिकाको चित्त दुखाएको छ जसको अभीष्ट त्याग र बलिदान हो।**

धोका पाउँदा प्रेमीहरूमा तीन थरीको चरित्र देखिन्छ । प्रेयसीलाई पीडा दिने, स्वयंलाई पीडा दिने र दुवैलाई पीडा दिने । स्वयंलाई होस् वा अरूलाई पीडा अप्रिय चीज हो र यो अप्रिय नै हुनुपर्छ । अरूलाई पीडा दिनु पाप हो, स्वयंलाई पीडा दिनु झन् पाप र दुवैलाई पीडा दिनु महापाप हो । यसरी मर्दैमा शान्ति र चैन हुने होइन । प्रतिशोध, प्रभाव एवं प्रेम प्राप्ति जे-जस्तो अभिलाषामा गोली चलाए पनि त्यो प्रेमको पराजय हो ।

भौतिक प्रतिशोधको निष्कर्ष भन्नु नै प्रायश्चित्त हो । हो, प्रेममा यस्तै त्याग र बलिदानको भावना हुनुपर्छ । प्रेममा धोका दिनेको हृदय पगाल्नुपर्छ । अवगुणलाई गुणले मार्नुपर्छ । एक रातको आँसुलाई, दुई रातको आँसुले तिरून् । यसरी प्रतिशोध लिए प्रेम झन् संग्लिन्छ । प्रेममा रगत बग्दैन, केवल आँसु मात्र बगेर प्रेम झन् कञ्चन हुन्छ । यसकारण प्रेममा पेस्तोलले आत्मदाह गर्ने प्रेमजोडीलाई न इतिहासले सहानुभूति दिन्छ, न आफ्नै आत्माले । प्रेममा धोका दिनेलाई प्रेमले नै धोका दिए प्रतिशोधको कति औचित्य हुन्थ्यो, तर प्रेममा एकाध पागलप्रेमीले आफ्नै प्रेयसीमाथि गोली प्रहार गर्दा निष्कपट प्रेमी-प्रेमिका भने लज्जित नै हुन्छन् ।

**–प्रेमकृष्ण श्रेष्ठ**

## ● तीतो सत्य ●

● चिप्ला मानिसको मुखमा मह हुन्छ । मनमा छुरा हुन्छ । चाल गंगटाको जस्तो हुन्छ, जाल माकुराको जस्तो बुन्छन् ।

● मानिस बन्नका लागि बाउन्न घुस्सा त्रिपन्न ठक्कर खानैपर्छ । किताबी ज्ञानले मात्र मानिसको बुद्धि तिखारिंदैन ।

**–सरगम बेहोसी**

● प्रेमले प्रेमलाई नै आमन्त्रण गर्छ भने वैरभावले शत्रुतालाई निमन्त्रण दिइरहेको हुन्छ ।

● त्यहाँ धोका हुन्छ जहाँ विश्वासको वातावरण हुँदैन ।

● जहाँ असत्य त्यहाँ छल, जहाँ छल त्यहाँ झेल, जहाँ झेल त्यहाँ अशान्ति, जहाँ अशान्ति त्यहाँ हत्या-हिंसा ।

● सयौंले एउटालाई खेद्नु बहादुरी र राम्रो काम मानिंदैन ।

**–सदाशिव के.सी.**

● चम्चा बन्नु, चाप्लुसी गर्नु, चुक्ली लगाउनु र चिप्लो घस्नुलाई आचारवान् भनिंदैन ।

● नराम्रो अनुहार देखियो भनेर ऐनालाई दोष दिन अनि हिँड्न नजानेर लडियो भनेर बाटोलाई गाली गर्न मिल्दैन ।

**–वसन्त खत्री**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*
*–सम्पादक*

# रिजु र राजनीति

१३ वर्षीया रिजु भट्टराईले भविष्यमा 'राजनीति' गर्ने दृढ संकल्प लिएकी छिन् । किन त ? उनी भन्छिन्- 'देश बन्यो भने नै रोजगारी सिर्जना हुने हो । कुन व्यक्ति कुन पेसामा लाग्नेभन्दा पनि पहिले समग्र मुलुकको विकास हुनुपर्‍यो, त्यसैले राजनीति गर्छु ।' रिजु भट्टराईले नेपाल जेसिजको काठमाडौंमा सम्पन्न छत्तीसौं महाधिवेशनमा आठ जना



'ट्यालेन्ट'लाई उछिनेर व्यक्तित्वकलामा सफलता हात पारिन् । १३ वर्षको उमेरमै धाराप्रवाह भाषण गरेर रिजुले धेरैलाई चकित तुल्याइसकेकी छिन् । भक्तपुरमा जन्मी हुर्किएकी रिजु पारिवारिक बसाइँसराइका कारण हाल उर्लाबारी, मोरङमा छिन् । भक्तपुरमा लिटिल लेडी प्रतियोगितामा भाग लिइसकेकी रिजु मोडलिङभन्दा राजनैतिक चिन्तामा मग्न छिन् । 'अधिकांश साथीभाइ सयौंको भीडमा सफल हुन नसकिने बताउँदै पछि सरे,' उनले भनिन्- 'मलाई भने राम्रो गर्न सके सफलता हासिल हुने आत्मविश्वास थियो ।'

**निर्मल श्रेष्ठ**

## ● सहर चर्चा ●



## ● मोडल वाच ●

# पोखराकी सपना

मोडलिङमा चर्चाको भर्‍याङ उक्लँदै छिन्- सपना गुरुङ । पर्स्याङ, पोखराकी १९ वर्षीया गुरुङको पहिलो रोजाइ नै मोडलिङ हो । उनले आधा दर्जनभन्दा बढी र्‍याम्पमा क्याटवाक गरिसकेकी छिन् । मोडलिङमा सफलता प्राप्त गर्न आत्मविश्वाससँगै अध्ययनको पनि आवश्यकता महसुस गरेकी गुरुङ पोखरा बहुमुखी क्याम्पसमा बीबीएस तेस्रो वर्षमा अध्ययन गरिरहेकी छिन् । स्लिम शरीर एवं भावुक स्वभावकी सपना सफलता प्राप्त गर्ने धेरै सपना बुन्छिन् र ती सपनालाई बिपनामा बदल्ने प्रयासमा अग्रसर हुँदै आएकी छिन् । सानैदेखि सबैले चिन्ने व्यक्तित्व भन्ने उद्देश्य बोकेकी सपना स्थानीय माछापुच्छ्रे एफ.एम.मा ग्ल्यामरसम्बन्धी कार्यक्रम सञ्चालन गर्छिन् । उनी मार्केटिङ अफिसर पनि हुन् । उनले ठूलो पर्दाको चलचित्र फस्ट लभमा पनि अभिनय गर्ने अवसर पाएकी छिन् ।

स्वतन्त्र र खुला विचारकी सपना समाजमा अझै पनि महिलालाई पछाडि नै पारिएको गुनासो गर्छिन् । 'हरेक क्षेत्रमा अझै पनि पुरुषकै बोलवाला छ,' उनले भनिन्- 'महिलाहरूलाई अघि बढ्न दिइँदैन ।' क्याजुअल वेयरमा ठाँटिन मन पराउने सपनालाई अरूको कुरा काटेर समय बर्बाद गर्नेहरू देख्दा दिक्क लाग्छ । ५ फिट ३ इन्च अग्ली सपना मोडलिङलाई सही रूपमा लिन सबैसँग आग्रह गर्छिन् ।

## ● मुखाले ●

धर्म निरपेक्षता मात्र होइन संघीयताका बारेमा समेत हाम्रा तर्फबाट गल्ती भएका छन् ।
**पुष्पकमल दाहाल**

अहिले कांग्रेस र एमाले मधेश आन्दोलनका उपलब्धि खोस्ने षडयन्त्रमा लागेका छन् ।
**उपेन्द्र यादव**

इमान्दारीपूर्वक लागिपर्ने हो भने एक महिनामै संविधान लेख्न सकिन्छ ।
**मातृका यादव**

विश्व बैंक र मुद्रा कोषको प्रेस्क्रिप्सनले गरिबी निवारण हुँदैन ।
**डा. बाबुराम भट्टराई**

संयन्त्र तीन दलको कि तीन नेताको ?, दलको हो भने दलमा छलफल हुनुपर्‍यो ।
**केपी शर्मा ओली**

जबसम्म लडाकु व्यवस्थापन र कब्जा गरिएको सम्पत्ति फिर्ता हुँदैन तबसम्म नयाँ संविधान जारी हुन सक्दैन ।
**शेरबहादुर देउवा**

अयोग्य लडाकुबाट जेसुकै गतिविधि भए पनि त्यसको सम्पूर्ण जिम्मेबारी माओवादीले लिनुपर्छ ।
**विजयकुमार गच्छदार**

सरकार नै थ्रेटमा छ ।
**अच्युतकृष्ण खरेल (पूर्व आइजी)**

मन्त्रीले फूर्ति गरेर हुन्छ ?
**शारदाभक्त रञ्जित, (पूर्व डिआइजी)**

सुन्दर हुँदैमा नायिका भइन्छ र ?
**सञ्चिता लुइटेल**

# कथा कालीबाबाको

पृष्ठ १ बाट जारी

'म त संन्यासी साधु हुँ' उनले भने- 'यी रुद्राक्षका माला र पहिरिएको एउटा पहिरनबाहेक मसँग केही छैन, जति छ, त्यो पनि सबै ट्रस्टमार्फत सञ्चालित छन्, जसमा मेरो स्वामित्व कतै छैन ।'

केही समयअघि मात्र ओखलढुंगा जिल्लाको रुम्जाटारस्थित आफूले पढ्ने विद्यालयमा १ करोड रुपैयाँ अनुदान सहयोग गरेर फर्किएका कालीबाबा पछिल्ला वर्षहरूमा नेपालका चर्चित व्यक्तित्वका रूपमा चिनिन थालेका छन् । आफ्ना बारेमा धेरै बोल्न नरुचाउने कालीबाबासँगको संवाद चलिरहँदा उनले आफूलाई चिनाउन कम्युनिस्ट शब्द सापट लिएका थिए ।

देविका साधक कालीबाबा बेलाबखत नेपाल आइरहन्छन्, उनको आगमनलाई अर्थपूर्ण ढंगले पनि हेरिन्छ । झट्ट नाम सुन्दा थुप्रै भारतीय साधुहरूझैं उनी पनि भारतीय नै हुन् कि जस्तो लाग्छ, तर उनी विशुद्ध नेपाली साधु हुन् । ओखलढुंगामा ५६ वर्षअघि जन्मिएका कालिदास दाहाल नै अहिले कालीबाबाका रूपमा परिचित छन् ।

कालिदास दाहालको अहिलेको परिचय श्री श्री १००८ श्री बाबा कालिदास जी महाराज श्री कृष्णानन्द परमहन्स हो । उनको संन्यासी नाम श्री कृष्णानन्द परमहंस हो । भारतमा विख्यात बाबा कालिदास, त्यहाँ ठुला १० साधुसन्तमा गनिन्छन् । भक्त केशव रायमाझीका अनुसार उनी भारतवर्षमा छैटौं ठूला सन्तका रूपमा परिचित छन् ।

देवीको अखण्ड साधना गरेर सिद्धि पाएका बाबा कालिदास तन्त्रका ज्ञाताका रूपमा पनि परिचित छन् । वर्षौंको साधनापछि सिद्धि पाएका बाबा कालिदास बौद्धिक व्यक्तित्व पनि हुन् । भौतिक विज्ञानमा स्नातकोत्तर गरेका बाबा कालिदास भौतिकताबाट विरक्तिएपछि आध्यात्मिक बाटोतर्फ लागेका हुन् । उनले कठोर तपस्या र साधनापछि अहिलेको सिद्धि प्राप्त गरेर महात्माको स्वरूपमा आफूलाई विकास गरेका हुन् ।

बाबा कालिदासले सेन्टजोसेफ स्कुल, दार्जीलिङ हुँदै आईएस्सी तथा बीएस्सीसम्मको अध्ययन पूरा गरेका थिए । ज्योतिष पिता मनोहर दाहालका जेठा छोरा कालीबाबाले सानैमा ज्योतिष विद्या पनि हासिल गरेका थिए । पढेलेखेको उनको परिवार ग्रामीण क्षेत्रमा सम्पन्न परिवारका रूपमा चिनिन्थ्यो । बनारस हिन्दू विश्वविद्यालयबाट भौतिक शास्त्रमा स्नातकोत्तर पूरा गरेपछि उनले काठमाडौंस्थित अमृत साइन्स कलेजमा करिब एक वर्ष प्राध्यापन गरेका थिए । अहिलेका चर्चित राजनीतिज्ञ हृदयेश त्रिपाठी उनले अध्यापन गराएका विद्यार्थी हुन् । यस्तै मनकामना केवल कारका सञ्चालक एवं चितवन कोइका प्रमुख राजेशबाबु श्रेष्ठ पनि बाबा कालिदासका विद्यार्थी हुन् । उनले अध्यापन गराएका अन्य थुप्रै विद्यार्थी अहिले सफल जीवन बाँचिरहेका छन् ।

अमृत साइन्स क्याम्पसपछि उनले केही वर्ष बनारस हिन्दू विश्वविद्यालयमा पनि प्राध्यापन गरे । 'प्राध्यापन पेसामा संलग्न भए पनि मलाई साधु बन्ने हुटहुटी थियो,' कुराकानीका क्रममा बाबा कालिदासले साप्ताहिकसँग भने- 'अन्ततः मैले भौतिकताबादी जीवन त्यागेर आध्यात्मिक यात्रामा आफूलाई समाहित गरें ।' कुराकानीकै क्रममा कालीबाबाले पटक-पटक शैक्षिक योग्यता नसोध्न आग्रह गरेका थिए, यति उति पढेको भन्दा दम्भ बढ्ने तथा अहिलेको संन्यासी जीवनमा त्यो शैक्षिक यात्राले महत्व नराख्ने भएकाले पनि गुरुदेवले शैक्षिक कुरा नगर्न भन्नुभएको कालीबाबाकी भक्त गीता मैनालीले बताइन् । बाबाले भन्न नरुचाए पनि उनले इन्डियन फिलोसोफी, संस्कृत, वेद, व्याकरण, नीति र रत्न साहित्यमा स्नातकोत्तर गरेको निकट स्रोतले बतायो ।

नेपालको संकटकालीन राजनीतिको समयमा पहिलो पटक कालीबाबाको चर्चा चुलिएको थियो । धेरैले उनलाई पूर्व राजा ज्ञानेन्द्रका गुरु भनेर जानेका थिए । राजा ज्ञानेन्द्रले आयोजना गरेका यज्ञमा मुख्य रूपमा कालीबाबा संलग्न हुने गरेको बताइन्छ । त्यसयता निरन्तर नेपाल आइरहेका कालीबाबाले आफ्नो मातृभूमि भएकाले अगाध स्नेहका कारण मात्र नेपाल आउने गरेको बताए । 'मेरो नेपाल आगमनलाई लिएर थुप्रै उड्वा कुरा भएको पाएको छु,' नेपाल र नेपालीप्रति आफ्नो दायित्व भएको बताउँदै उनले भने- 'तर म विशुद्ध रूपमा धार्मिक प्रयोजनका निम्ति मात्र नेपाल आउँछु ।'

भारतमै विशिष्ट पहिचान बनाइसकेका कालीबाबाले नेपाल आउनुमा एउटा स्वार्थ रहेको बताए । 'पछिल्ला वर्षहरूमा हिन्दू सनातन धर्मलाई नेपालको राष्ट्रिय धर्मका रूपमा फर्काउनुपर्छ भनेर वकालत गर्दै आएको छु,' उनले भने- 'हठात केही व्यक्तिले धर्मनिरपेक्ष राष्ट्र घोषणा गर्दा सम्पूर्ण नेपाली जनता मर्माहत भएकाले हिन्दू राष्ट्र फर्काउनुपर्छ भन्नुमा मेरो स्वार्थ छ ।' हिन्दू धर्म विकासका लागि कहिल्यै पृष्ठ ८ मा जारी





६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)
Arts Commerce Science
अब केही दिन मात्र बाँकी
अन्तिम भर्ना !!
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, 'A'Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने ।
४/४ महिना मै IA/ICom Pass!! (TU)
अंग्रजी, Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु, भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, IA, ICom, BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665
ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400 9851021071
चावहिल:4460091, 2290690
नयाँ बानेश्वर:4484634, 2160822
पोखरा:9846147694



✓थाहै नदिई जाँड रक्सी र चुरोटको कुलत छुटाउने
यौन शक्ति उत्तेजना नहुने, शीघ्रपतन रोक्ने, लिङ्गको साईज बढाउने Herbal Product को साथम Japani Oil
३ ईन्च सम्म उचाई बढाउने Height Plus
मोटोपना घटाउने/तौल बढाउने १२ Kg सम्म
Breast बढाउने घटाउने र टाईट गर्ने
फ्रि होम डेलिभरी
तुरुन्त केश झर्न रोकी उमार्ने
Gorkha Herbal
१००% ग्यारेण्टी ०% साईडइफेक्ट
Helpline: 4282138, 9841079654 9851026391, चितवन 9845279326









# यहाँ कीरा-फट्याङ्ग्रा पनि नेता हुँ भन्छन्

बाबा कालिदास अहिले नेपाल आएका छन्। यसपटकको उनको भ्रमण १७ गतेदेखि आयोजना हुने अखण्ड रुद्रचण्डी महायज्ञमा लक्षित छ। मुलुकमा व्याप्त अशान्ति, अत्याचार, दुराचार, विकृति एवं विसंगतिको अन्त्यका निम्ति यो महायज्ञ आयोजना गर्न लागिएको सहस्र रुद्रचण्डी अखण्ड महायज्ञ पालन मूल समितिका सभापति हरिबोल भट्टराईले बताए। नेपालमा चिरशान्ति स्थापना गर्दै देशभित्र आपसी सद्भाव, पारस्परिक मित्रता एवं समृद्धिका निम्ति महायज्ञ आयोजना गरिएको कालीबाबाको कथन छ। दस महाविद्याका दस कुण्डमा शक्ति साधना गरिने यो अखण्ड महायज्ञमा कालीबाबाले एक कुण्डमा बसेर निरन्तर ९ दिन ९ रात हवन गर्नुहुनेछ। यज्ञमा तिल र घ्यू मात्र हवन गरिनेछ। यज्ञअवधिभर एकै स्थानमा बसेर कालिबाबाले निराहार रही यज्ञ सम्पन्न गर्ने संकल्प लिनुभएको छ। सहस्र चण्डी महायज्ञ र नेपालको समसामयिक परिस्थितिमा रहेर कालीबाबासँग **विदुर खतिवडाले** गरेको कुराकानी :

**सहस्र रुद्रचण्डीआयोजनाको मूल उद्देश्य के हो ?**

देशमा शान्ति, समृद्धि, सुख, भाइचारा, एकता, अखण्डता कायम रहोस् भनेर मैले सहस्र रुद्रचण्डी अखण्ड महायज्ञको संकल्प लिएको हुँ, देशमा नैतिकता समाप्त भएका कारण धर्म रक्षेतु रक्षते भनेजस्तै धर्मको रक्षा गर्न पनि यो महायज्ञ आयोजना भएको हो । जुन दिन यो देशमा हिन्दू धर्म हटाएर धर्मनिरपेक्ष राष्ट्र घोषणा गरियो त्यसपछि निरन्तर मारकाट, लुटपाट, अतिचार, भ्रष्टाचार बढेको छ । यसलाई रोक्न महायज्ञ प्रभावकारी हुनेछ । महायज्ञमा देवी माता दुर्गाको आराधना हुन्छ । त्यसपछि भगवान् शंकरको आराधना गरिन्छ, त्यसैले रुद्रचण्डी सहस्र अखण्ड महायज्ञ भनिएको हो ।

**महायज्ञ आयोजनाको विधिविधान कस्तो हुनेछ ?**

१६ गते कलशयात्रा निस्कन्छ, १७ गतेदेखि ९ दिन ९ रात निरन्तर अखण्ड रुद्री तथा चण्डी हवनपाठ चलिरहन्छ, महायज्ञ अवधिभर रात्रिको समयमा ब्राह्मण पण्डितहरूले एक समय मात्र भोजन गर्नुहुनेछ । प्रातःकाल उहाँहरू फलाहार बस्नुहुन्छ, उहाँहरूले सिलाइ गरेको वस्त्र, पहिरन लगाउनुहुन्न । लगौटी पहिरन गर्नुहुन्छ, उहाँहरूको मुण्डन गरिनेछ । त्यो समयमा उहाँहरूलाई कतै जान दिइँदैन, नियन्त्रणमा बस्नुहुन्छ । महायज्ञमा १ सय २५ देखि १ सय ५१ जनासम्म ब्राह्मण सहभागी हुनुहुन्छ ।

**महायज्ञमा तपाईंको भूमिका कस्तो रहनेछ ?**

मैले १ सय ४ वटा यज्ञ सम्पन्न गरिसकेको छु । यो महायज्ञमा म नौ दिनसम्म एउटै आसनमा रहेर हवन गर्नेछु र महायज्ञ सम्पन्न भैसकेपछि मात्र त्यो आसनबाट उठ्नेछु । अन्य ब्राह्मण पण्डितहरू पालो-पालो गरेर बस्नुहुन्छ, तर म १७ गतेदेखि बसेर २५ गते एकैपटक आसनबाट उठेर कुमारी पुजन गरी सम्पूर्ण कुण्ड आहुती गर्नेछु ।

**यस प्रकारको महायज्ञ नेपालमा पहिलो पटक आयोजना हुन लागेको हो ?**

मैले थाहा पाएसम्म यस प्रकारको सहस्र रुद्रचण्डी अखण्ड महायज्ञ अहिलेसम्म नेपालमा भएको छैन । मैले पनि पहिलो पटक नेपालमै यस प्रकारको महायज्ञ गर्दैछु । लक्ष्य हवन, चण्डी पाठ-रुद्री पाठ त थुप्रै पटक भएका छन्, तर यति बृहत् स्वरूपको महायज्ञ पहिलो पटक नै आयोजना हुन लागेको हो ।

**तपाईले भारतमा पनि यस प्रकारकै महायज्ञ गरिरहनुभएको छ भन्ने सुनिन्छ त ?**

मैले रुद्रचण्डी अखण्ड महायज्ञ वार्षिक र रुद्रचण्डी अखण्ड महायज्ञ १२ वर्ष, रुद्रचण्डी महायज्ञ, अति रुद्र महायज्ञ, रुद्र महायज्ञ, सहस्र चण्डी महायज्ञ, विष्णु महायज्ञ, लक्ष्मी महायज्ञलगायत गरेर अहिलेसम्म १ सय ४ वटा यज्ञ गरे पनि पशुपतिनाथको परिसरमा गर्न लागिएको यो महायज्ञको विशेष अर्थ छ ।

**महायज्ञले नेपालको भविष्यमा के प्रभाव पार्ला त ?**

अवश्य पार्छ, त्यसैले यो यज्ञको आवश्यकता महसुस गरिएको हो । महायज्ञपछि नेपालमा शान्ति-प्रक्रियाले गति पाउनेछ । सबैको बिग्रिएको मति सुध्रिएर भाइचाराको सम्बन्ध विकास हुनेछ । अतिचार, भ्रष्टाचार रोकिएर एकता, अखण्डता छाउनेछ । गीतामा भनिएको छ, यदा यदाहि धर्मस्य ग्लानी भवती भारत, अभ्युथानम्म धर्मस्य तदात्मानम सृजाम्यहम्, परित्राणाय साधुनाम्, विनाशाय च दुष्ट्रिताम, धर्म संस्था पनार्थाय सम्भवामी युगेयुगे ।' यो महायज्ञलाई त्यही आधारमा बुझ्नुपर्छ, नेपालको शान्ति र विकासका लागि सही समय आएको छ, त्यसैले यो यज्ञ सञ्चालन गर्न गैरहेका छौं ।

**बेलाबखत नेपाल आइरहनुहुन्छ, नेपालको वर्तमान स्थिति देख्दा कस्तो अनुभूति हुन्छ ?**

म गत साउनयता तीन पटक नेपाल आइसकेको छु, चौथो पटक अहिले महायज्ञका लागि आएको छु, यो मंसिरमा आउँदा पोखरा, काठमाडौं, मुक्तिनाथ, निजगढ, जनकपुर, वीरगन्ज, मटियानी, राजविराज, बराहक्षेत्र तथा अर्जुनधाराको भ्रमण गरें । यही बेला मैले हाम्रो राष्ट्रमा अति संकट परेको महसुस गरें । विकृति बढेको छ, मानवीयता हराएको छ, धर्मको अपहेलना भएको छ । त्यसैले पनि यो सबै कुकृत्यको अन्त्यका निम्ति मैले महायज्ञ गर्ने संकल्प लिएको हुँ । यो देशमा शुद्धीकरणको आवश्यकता छ, केही समयअघि भगवान् पशुपतिनाथको ७ दिनसम्म पूजा भएन । भगवान् पशुपतिनाथ र माता गुह्येश्वरीको शुद्धीकरणका लागि पनि यो महायज्ञ आयोजना गरेको हुँ ।

**अन्तर्राष्ट्रिय ख्याति कमाउनुभएको छ, नेपाल र नेपालीप्रतिको तपाईंको दृष्टिकोण ?**

म ओखलढुंगाको रुम्जाटारमा जन्मिएको हुँ, यहींको माटोमा लुटुपुटु गर्दै हुर्किएको हुँ, मलाई नेपाल र नेपालीप्रति अगाध स्नेह छ । म जहाँ रहे पनि मातृभूमि नेपाललाई कहिल्यै बिर्सन सक्दिनँ । म यहाँ बारबार आउनुको कारण पनि यही हो ।

**तपाईंको नेपाल भ्रमणमा भित्री स्वार्थ लुकेको छ भनिन्छ नि ?**

अवश्य स्वार्थ लुकेको छ । नेपाल हिन्दू राष्ट्र कायम रहोस् भन्ने मेरो स्वार्थ हो। त्यस्तै प्रत्येक नेपालीले एक गाँस र पानी घुट्क्क खाएर बाँच्ने अधिकार पाऊन् भन्ने अर्को स्वार्थ छ, यसबाहेक अन्य स्वार्थ छैन ।

**हिन्दू राष्ट्र फर्किन्छ त ?**

अवश्य फर्किन्छ । ६ सय १ सांसदले गरेको निर्णय नै सर्वोपरि हुने होइन, उहाँहरूले जनमत बुझेर मात्र निर्णय लिनुपर्थ्यो त्यो गर्नुभएन । रातारात धर्मनिरपेक्ष राष्ट्र घोषणा गर्न जनताले उहाँहरूलाई त्यहाँ पुऱ्याएको होइन । हिन्दू धर्म हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहनेछ, कसैले हिन्दू धर्मलाई पाखा लगाउन सक्दैन । नेपाल हिन्दू राष्ट्रका रूपमा सधैं परिचित रहनेछ । धर्म निरपेक्ष गर्ने नै हो भने पनि जनमत-संग्रहमार्फत जानुपर्छ, यदि जनताले नै त्यो निर्णय गरेछन् भने ठीकै छ । जनताको अधिकार लिएका मुखियाहरूले कुकर्म गरेका छन् । समयक्रमले त्यसलाई पुष्टि गर्नेछ । हिन्दू राष्ट्रका लागि म लड्न तयार छु।

**जनमत-संग्रहले उल्टो परिणाम दियो भने मान्न तयार हुनुहुन्छ ?**

तयार छौं, हामी मात्र नभएर ३ करोड नेपाली जनता जनमत-संग्रहको निर्णयलाई मान्न तयार हुनुहुन्छ, यो मैले बोलेको कुरा नेपाली जनताले बोलेको कुरा हो, मैले भ्रमणका क्रममा सबै राजनैतिक दलसम्बद्ध नेपालका विद्वान्हरूले यो गलत निर्णय भयो भनेर भन्नुभएको छ । संसारभरका २ अर्ब १३ करोड हिन्दू का लागि यो चासोको मुद्दा हो, ख्यालै नगरी गलत निर्णय लिइएको छ, त्यसैले चाँडै नै नेपालका राजनैतिक नेताहरूले यो गलत निर्णय भएछ भनेर स्वीकार्नुहुनेछ ।

**अन्तर्राष्ट्रिय परिवेशलाई आधार बनाएर धर्मनिरपेक्ष राष्ट्र घोषणा गर्नु समयको माग हो भनिन्छ नि ?**

त्यो उनीहरूको बुद्धि खराब भएर भनेका हुन् । युरोप, अमेरिका र एसियाकै कतिपय राष्ट्रमा क्रिस्चियन र मुस्लिम धर्मलाई राष्ट्रिय धर्मका रूपमा लिइएको छ । विकासको चरम सीमामा पुगेर पनि उनीहरूले धर्मनिरपेक्षतालाई आवश्यक मानेका छैनन् । विकासका लागि हिन्दू धर्मले के नै अवरोध सिर्जना गरेको छ र ? विश्वका २ अर्ब १३ करोड हिन्दू ले हिन्दू राष्ट्रका रूपमा नेपाललाई माया गर्दै आएका थिए, त्यसैले नेपाल हिन्दू राष्ट्र भनेर नै चिनिनुपर्छ । हिन्दू राष्ट्र हुँदा अन्य धर्मावलम्बीसँग पनि भाइचाराकै सम्बन्ध रहिआएको थियो ।

**देशविकासका लागि तपाईंको योगदानको आवश्यकता महसुस गरिए के गर्नुहुन्छ ?**

म शिक्षा, चिकित्सा, अनाथ, असहाय वृद्धवृद्धाका लागि सहयोग गर्न तत्पर छु, मैले ७८ राष्ट्रमा सम्बन्ध पुऱ्याएको छु, ७८ राष्ट्रका हिन्दू मात्र नभएर क्रिस्चियन समुदायले पनि नेपालका लागि सहयोग गर्न तयार भएको बताएका छन्। मैले सहयोग कार्यक्रम प्रारम्भ गरिसकेको छु। अब १४ अञ्चल ७५ जिल्लाकै लागि सक्दो सहयोग गर्नेछु ।

**तपाईंलाई भेट्न विभिन्न राजनैतिक दलका व्यक्तिहरू आउनुहुन्छ, यो भेटघाटलाई कसरी बुझ्ने ?**

राजनैतिक नेताहरू मलाई भेट्न आउनुहुन्छ, यसरी भेट्न आउनुमा अवश्य उहाँहरूको राजनैतिक स्वार्थ होला, म उहाँहरूलाई जे माग्नु छ, भगवान्सँगै माग्नुहोस् भनिदिन्छु । मसँग माग्दा सबै कुरा पाइने भए किन म यसरी

पृष्ठ ८ मा जारी

केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before Herbal44 Rs. 750/- After
बेदाग गोरो मुहारको लागि
रूपअमृत - Rs.1650/-
Anti Pimple
[Rose Sunscream Free]
क्याप्टिक, सुगर, ब्लडप्रेसर, दम समाधान
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं गोश्वला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, 9842083409 इटहरी

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसगै
Tel: - 4249576

आकर्षक व्यक्तित्व
Acupuncture, अक्युप्रेसर (VASTU) उपकरणहरू
• अनुहार गोरो बनाउन (Roop Amrit)
• डण्डीफोर, चायापोतो, चारीपना हटाउने
• स्तन घटाउन, बढाउन, टाइट गर्न (Cream)
• YOKO (Height) बढाउन
लिङ्गको लम्बाई, मोटाई बढाउन
स्खलन रोक्न (Handsum up)
• केश झर्न रोकी उमार्ने (Oil)
• रक्सी, चुरोटको कुलत छुटाउन
• मोटापा घटाउन, बढाउन
• ढाड दुखाई कम गर्ने चुम्बकीय (Belt)
Abking Pro Suna Belt, Home Jogger
Free Home Delivery
Blood Circulation Machine
TELE-SHOP INTERNATIONAL
सम्पर्क Thamel, Galkopakha (आरालोमा)
98030-87729, 97213-19662

BANKING & Finance TRAINING
SWISS Institute of Banking
Putalisadak: 4433924, Ktm.

Congratulation
Miss Sujita Malla
(Placed in Yeti Airlines)
100% Job Placement Assistance
HURRY UP! HURRY UP! HURRY UP!
Join the team of established Airhostesses trained by our instructors.
[The Most Trusted name in Airhostess Training]
Enroll your seats now and get 10% Discount @
SKY BIRD AIRHOSTESS TRAINING INSTITUTE
New Baneshwor, (Way to Shankhamul) Tel.: 01-4786500, 9841363475

आवश्यकता
निर्यात उद्योगको लागि काँटी र क्रुसले बुन्न जान्नेहरु तथा JUKI सिलाइ मेशीन जान्नेहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क: रेणुजी, फोन ८२६००७३, ८२६०७०१
फोन गर्ने समय: १०-५ बजे (शनिबार बन्द)

होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
✧Cook ✧Waiter ✧Bartender ✧Housekeeping ✧Front Office ✧Coffee Making ✧Bakery ✧Caregiver ✧Hotel Mgmt. ✧F&B Mgmt.
✧Airfare & Ticketing (Fare Calculation) ✧Abacus, Amadeus, Galileo, e-ticketing ✧Travel Operation ✧Tour & Travel Mgmt
✧3/4/5 Star होटलहरुमा तालिम दिइने
✧Abroad Study- UK, USA, Australia, Japan
Language: English & Japanese
बिदेश जानेहरूको लागि विशेष कोर्ष
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)

Miss Tamang
२०१० मा सहभागिता हुन इच्छुक युवतीहरूलाई अनुरोध गर्दछौं । तामाङ
योग्यता : एस.एल.सी. उतिर्ण / उचाई : ५ फिट / उमेर : १६ देखि २५ वर्ष सम्म
एभरेष्ट फेसन होम डिल्लीबजार,काठमाण्डौं
☎ २००४०१२, ९८०६१०६९००, ९८५१००८३२१, ९८४१५०४६१८

# साधनामा कालीबाबा







शिक्षित पारिवारिक पृष्ठभूमिमा जन्मिएका कालीबाबा सानैदेखि धार्मिक क्रियाकलापमा विशेष रुचि राख्थे। उनका पिता मनोहर दाहाल विख्यात ज्योतिषी थिए। बाबा कालिदासले पनि नौ वर्षको उमेरमै ज्योतिष विद्या हासिल गरेका थिए। घरमा आयोजना हुने धार्मिक कार्यक्रमले उनको मनमा शान्ति दिन्थ्यो, साधु, सन्त, महात्मा घरमा आइरहने भएकाले पनि उनी गृहस्थी जीवनभन्दा यस्तो जीवन नै रमाइलो मान्थे। भौतिक विज्ञानमा स्नातकोत्तर गरिसक्दा पनि आध्यात्मिक जीवनमा नै मन रमाउने क्रम यथावत् रहेकाले अन्ततः उनले बृहत् साधना गरेर सन्त बन्नेतर्फ यात्रा गरे।

अमृत साइन्स क्याम्पसमा अध्यापन गर्नुअगावै मनमा विरक्ति आइसकेको बाबाले बताए। एकपटक एकजना जर्मन नागरिकलाई स्वागत गर्ने क्रममा एयरपोर्ट पुग्दा बाबाले अंग्रेजीमा स्वागत गरेका थिए, तर जर्मन नागरिकले संस्कृतमा बोल्दै संस्कृतको महत्व दर्साए। संस्कृतसम्बन्धी स्व-अध्ययन गरे पनि त्यो अपुग भएको महसुस गरेपछि बाबाले यस विषयमा बृहत् अध्ययन गरे। साधनाको क्रममा बाबा कालिदास ७ वर्ष गायब भएका थिए, एकपटक उनी आसामको तिनसुकिया पुगे, जहाँ उनी बलभद्र राई नाम गरेका एक नेपालीको सानो झुपडीमा बस्न थाले।

त्यसक्रममा एउटा अनौठो घटना घट्यो। बाबा कालिदास दिउँसो आराम गर्ने समयमा एउटा नाग उनलाई बेरेर बस्थ्यो, त्यो देखेर घरका मानिस डराएर भाग्दै कराउँथे, त्यसपछि बाबा उठेर के भयो भन्दा त्यहाँबाट नाग अचानक अलप हुन्थ्यो। केही समयपछि बाबा कालिदास त्यहाँबाट राजस्थानतर्फ लागे। त्यसबेला करिब डेढ वर्ष बाबा कालिदासले एकपटक पनि नबसी साधना गरे। उनी जंगलै जंगलको यात्रा गरिरहन्थे। जब उनी हिँड्दा-हिँड्दै थाक्थे, त्यसबेला रुखमुनि उभिएरै आराम गर्थे। यसरी यात्रा गर्ने क्रममा उनले नदीको किनारमा रहेको हनुमान मन्दिरमा बसेर ध्यान साधना प्रारम्भ गरे। बाबाजी साधनामा रहेकै बेला विशाल बाढी आएर वरिपरिको भुतल बगाएर लग्यो, बाबाजी बसेको स्थान र मन्दिरमात्र बाढीले बगाएन।

त्यसपछि उनको ख्याति व्यापक भयो। यही क्रममा एक युवती आएर आफूलाई शिष्य बनाउन आग्रह गरिन्। युवतीका परिवारका सदस्यले युवतीको बाबा कालिदासप्रति आदरभाव देखेर छोरी बाबासँगै जाने भइन् भनेर बाबाजीलाई छोरी लान लागेको आरोप लगाए। त्यसपछि बाबा त्यहाँबाट पलायन भए। बाबा कालिदासले एक देवीको मन्दिरलाई आश्रयस्थलका रूपमा प्रयोग गरे। उक्त मन्दिरमा एक भक्त बिहान-बेलुका दुवै समय आएर देवीको आराधना गर्थे, बाबाले के भएको भनी सोध्दा उनले व्यापारमा टाट पल्टिएको बताए।

बाबाले ती व्यापारी (पंकज अग्रवाल) लाई २५ रुपैयाँ दिँदै टाढा गएर व्यापार सुरु गर्न सल्लाह दिए। त्यसपछि ती व्यापारी मुम्बईमा व्यापार गर्न थाले, यसक्रममा उनले २५ करोडभन्दा बढी कमाए, अहिले उनी मुम्बईका राम्रा व्यापारीमा गनिन्छन्।

देवी माताको मन्दिरमा केही समय बसेपछि बाबा कालिदास फेरि तीनसुकिया फर्किए। ३ वर्ष ८ महिनाको लगातारको पैदल यात्रापछि उनी तीनसुकिया पुगेका थिए। जहाँ गुहावटीस्थित उग्रपीठ कामरूप कामाक्षा शक्तिपीठमा उनले तपस्या थालनी गर्ने निर्णय गरे। त्यही क्रममा केही समय उनी पण्डित हितेश्वर पाण्डेकहाँ बसे। त्यसपछि उनी जंगलतर्फ लागे।

बाबाले ब्रह्मपुत्र नदीको सामुन्ने रहेको एक पहाडी खोचमा गएर ध्यान गर्ने निर्णय गरे, जहाँ एउटा ठूलो चट्टानको फेदीको गहिराइ थियो। जहाँ जानु आफैँमा खतरनाक र चुनौतीपूर्ण थियो। रूखको जरा समाएर झर्नुपर्ने उक्त गहिरो स्थानमा बाघ-भालुलगायत जंगली जनावरको बासस्थान पनि थियो। बाबाजीभन्दा अगाडि ३१ जना पण्डित त्यहाँ गएपछि फर्किएर आएका थिएनन्। त्यसैले पण्डित पाण्डेले पनि त्यहाँ नजान आग्रह गरेका थिए। बाबाजी त्यहाँ गएपछि अर्को दिन हितेश्वरका भाइ जलेश्वर बाबाको अवस्था हेर्न गए।

माथिबाट तल हेर्ने क्रममा बाबा बाँचेकै अवस्थामा ध्यानमा मग्न भएको देखेपछि जलेश्वर आश्चर्यचकित भए। उनले फेरि तीन दिनपछि गएर हेर्दा बाबालाई बाघले चाटिरहेको थियो। त्यसपछि जलेश्वर प्रत्येक दिन गएर बाबाको अवस्था बुझ्न थाले, १ सय १३ दिन निरन्तर देवी माताको साधना गरिसकेपछि बाबाले सिद्धि प्राप्त गरे। १ सय १३ औं दिनमा बाबाले जलेश्वरलाई गाईको दूध लिएर आउन भनेका थिए। गाईको दूध खाएपछि बाबाको लामो समयको उपवास तोडिएको थियो। बाबाजी ध्यान बसेको स्थानमा ६ फिट गहिरो पानीको कुन्ड बनेको थियो, जहाँ बाबा कालिदासले ९३ दिन बिताए। यसरी गहन तपस्या क्रम सकिएपछि बाबा कालिदासले त्यहाँ अनुष्ठान गरे, जुन ठाउँलाई अहिले पञ्चमुण्डी नामले चिनिन्छ।

सिद्धि प्राप्त गरेपछि बाबालाई हरिद्वार बोलाइयो, जहाँ एक गुरुमाताले उनलाई थप दीक्षा दिएकी थिइन्। भारतका सबै शंकराचार्य तथा सन्त महात्माहरूको उपस्थितिमा आयोजित एक समारोहमा कालिदास दाहालका नामले चिनिएका उनलाई परमहंसको उपाधि दिइयो। सन् १९८० मा श्री श्री १००८ बाबा कालिदास जी महाराज, श्री कृष्णानन्द परमहंस गुरुदेव फेरि तीनसुकिया फर्किएर ७ वर्षअघि बसेकै राई परिवारका साथ बस्न थाले। यसबीच उनले माता दुर्गाको मन्दिर निर्माण गरे, मन्दिर निर्माण भैसकेपछि बाबा कालिदास मन्दिरभित्रै बस्न थाले। राई परिवारलाई छोडेर गएपछि बाबा सुतेको ओछ्यानमुनि कमल फुलिरहेको पाइएका थियो। राई परिवारले उक्त कमलको फूललाई प्रसाद मानी सुकिसकेको त्यो फूललाई यथावत् सुरक्षित राखेको छ।

आश्रम निर्माण गरेर सरिसकेपछि मन्दिरकै एक भूमिगत खोंच जहाँ कतैबाट हावा पनि छिर्न मुस्किल थियो, कालो अन्धकार स्थानमा बाबाजी फेरि माता दुर्गाको साधनामा तल्लीन भए। त्यहाँ लगातार ३ महिना ३ दिन बसिसकेपछि उनले अर्को दिन निस्कने र त्यसका लागि त्रिशूल र कमण्डलु तयार राख्न भनेका थिए। भूमिगत स्थानमा बस्ने क्रममा माटोले पुरिएको उनको शरीरलाई लगातार ४ सय बाल्टी पानी खन्याउन बाबाजीले अह्राएका थिए। भयानक स्वरूपमा देखिएका बाबा पानीले पखालिएपछि स्वाभाविक स्वरूपमा देखिएका थिए।

**स्रोतः बाबाकालिदासधामडटकम**


होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper
तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

कस्मेटिक सर्जरी
- शरीरमा भएको दाग, कोठी, मुसा, ट्याटु, अप्रेशनपछिको दागहरू हटाउन
- शरीरमा आगोले पोलेर भएको समस्याको लागि
- नाक, कान, आँखासम्बन्धी कस्मेटिक सर्जरी
- मंगोलियन आँखाको उपचार
- अनुहारको चाउरीपन हटाउन
- स्तनसम्बन्धी कस्मेटिक सर्जरी
नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हात्तिवन, हरिसिद्धि, ललितपुर
५२५०६६५, ९८०३८८३५७७

ब्युटीसियन कोर्स
निःशुल्क
नेपाल सरकारबाट मान्यता प्राप्त।
उत्कृष्ट एवं व्यवसायिक कोर्स।
रोजगारीको ग्यारेन्टी।
अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिइने।
विदेश जानेहरूको लागि Special Class
कोर्सः बेसिक, एडभान्स, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ

होटल तालिम विशेष छुटमा
२००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी
4464720, 9841-891131, 98510-93629

Language & Computer
English: Elementary, Intermediate, Advanced & Special Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive method..)
Japanese/German/Chinese/French/Spanish.. classes
Computer: Basic/Advanced/Accnt./Graphic..
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Study Abroad: USA, UK, Canada, Australia.. Wide range of courses, Free counselling..
Our Products: Language books/Cassettes/CDs/Video DVDs ....
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Eagle Eye UN POL (SAT) Prepn. Book with audio CD Price: Rs. 280/-
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Interactive English Language Videos Price: Rs. 260/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945
OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)

+2/SLC ९ महिना मै
- ९ महिना मै +२ पास गर्न चाहानुहुन्छ ?
- ८,९,१० पास नगरी SLC दिन चाहानुहुन्छ ?
- Maths/Science साथै Sent up नदिई SLC पास गर्न चाहानुहुन्छ ?
- SLC/+2 मा ५ विषय पढे पुग्ने।
- जागिरे/गृहिणीहरूले घरमै बसी पढ्न सक्ने।
- TU/HSEB/KU तथा विश्वभर मान्यता प्राप्त।
- Nepali/English भाषामा परीक्षा दिन सकिने।
अन्तिम भर्ना विशेष छुटमा
पाथ-फाईन्डर ग्लोबल एजुकेशन
पुतलीसडक चोक, काठमाडौं (रिपोटर्स क्लबको अगाडि) 01-2005077

# यहाँ कीरा-फट्याङ्ग्रा पनि नेता हुँ भन्छन्

पृष्ठ ६ बाट जारी

फकिर भएर हिँड्थे र ? म त मागेर हिँड्छु भने मबाट केही हुनेवाला छैन भनिदिन्छु, अनि उहाँहरू नेपालमा कसरी शान्ति सुव्यवस्था कायम गर्न सकिन्छ भनेर सोध्नुहुन्छ, तपाईंहरूले बिगारेको देश हो, यो देशलाई बनाउने पनि तपाईंहरूले नै हो भन्छु, तपाईंहरूले आह्वान गरे अवश्य शान्ति आउँछ, नगरे आउँदैन भन्छु। बाबाले शान्तिका लागि प्रार्थना गरिदिनुपर्‍यो भन्नुहुन्छ, अनि म प्रार्थना गर्ने मेरो काम नै हो, भन्छु। तपाईंहरूमा सद्बुद्धि आओस् भन्छु।

**तपाईंको राजनीति भूमिका छैन त ?**

छैन, मेरो राजनीतिमा कुनै भूमिका छैन, छ त केवल संन्यास नीति र धर्मनीतीमा भूमिका छ, किनकि म जोगी हुँ।

**नेपाल विकासका लागि तपाईंले एउटा सक्षम लिडरको आवश्यकता महसुस गर्नुभएको छ ?**

राम्रो प्रश्न गर्नुभयो, वास्तवमा मलाई लागेको पनि त्यही हो, यहाँ एउटा सक्षम नायकको खाँचो छ, एक नायक भए देश राम्रो गतिले चल्छ तर नेपालमा बहुनायक छन्, सबैलाई कुर्सी, पावर अनि पैसा चाहिएको छ। धन मुख्य कुरा भएको छ। एउटा शक्तिशाली तथा प्रभावकारी नायक नेपाललाई चाहिएको छ। अहिले त यहाँ कीरा-फट्याङ्ग्रा पनि नेता हुँ भन्छन्।

**राजसत्ता थियो, अहिले हट्यो, यस विषयमा तपाई के भन्नुहुन्छ ?**

राजसत्ताका लागि पनि जनमत-संग्रहमा जानु राम्रो हुन्छ। ६ सय १ जनाभन्दा पनि जनताले जे चाहन्छन् त्यही गर्नु राम्रो हो। बेलायत, जापान तथा थाइल्यान्डमा एकपटक फालिएको राजसत्ता फेरि फर्किएका उदाहरण छन्। देशमा सबल नेतृत्व नभइरहेको अहिलेको अवस्थामा जनताले जनमत-संग्रहबाट राजा ल्याउने-नल्याउने निर्णय लिन सक्छन्। त्यसका लागि सबैभन्दा उत्तम विधि नै जनमत-संग्रह हो। जनताको अधिकार खोस्न पाइँदैन। जनताले फ्याँकेको खण्डमा राजा बस्छु भनेर कहाँ बस्न पाउँछन् र ? राजा आमजनतासरह रहेर कर तिर्न पनि तयार भएका छन्, उनमा सच्चा देशभक्ति देखिएको छ।

**बाबाको भूमिका रहस्यमय बनाइएको छ, किन होला ?**

आँखा नदेखेपछि अन्धो भइन्छ भनेजस्तै हो। उहाँहरूले मलाई बुझ्न नसकेर होला, बाहिर-बाहिरको उडन्ते हल्ला पनि हो। यदि म रहस्यमय हुन्थें वा राजनीतिमा मेरो सक्रियता हुन्थ्यो भने किन जोगी भएर हिँड्नु ? राजनीतिज्ञहरूको परामर्श र छलफल अनि भेटघाटलाई लिएर मेरो छवि मोडिएको होला, नत्र म कुनै रहस्यमय व्यक्ति होइन। म कहिल्यै राजनीतिमा भूमिका खेल्न सक्दिनँ, यदि मेरो भूमिका छ भने त्यो धर्मनीति र संन्यास नीतिमै छ, यसमा म प्रतिबद्ध पनि छु।

**ट्रष्टमार्फत के-कस्ता गतिविधि भएका छन् त ?**

६-७ वटा हस्पिटल छन्, त्यसमध्ये ३ वटा सञ्चालनमा छन्, ३ वटा सञ्चालनमा आउने तयारीमा छन्। एक मेडिकल कलेज पनि सञ्चालन हुँदैछ। १३ वटा गौशाला छन्, ६-७ वटा कलेज छन्। ३७ वटा आश्रम छन्। यी सबै ट्रस्टमार्फत सञ्चालित छन्।

**ट्रस्टको सञ्चालनमा आफैंले निगरानी गर्दै आउनुभएको छ ?**

म त माध्यममात्र हुँ, भक्तहरूले आफैं नेतृत्व लिनुभएको छ। ट्रस्टको संरक्षक बसिदिन आग्रह गर्नुभए पनि म निगरानी गर्दिनँ, यी भगवान्‌कै भरोसा चलेका संस्था हुन्।

**भारतमा तपाईंलाई कत्तिको विश्वास गरिन्छ ?**

भक्तहरूले अति नै विश्वास गरेका छन्। हजारौंहजार शिष्य हुनुहुन्छ। त्यहाँको आश्रममा गाईको गोबर सोर्नेदेखि आश्रमका अन्य काम गर्न भक्तहरूबीच होडबाजी नै चल्छ। सबैले म गर्छु भन्नुहुन्छ। काम गर्न कुनै संकोच मान्नुहुन्न। सबैले भण्डारामा एकै स्थानमा बसेर खाना खानुहुन्छ, अनि आफैं थाल सफा गर्नुहुन्छ। आश्रममा सबैप्रति समान व्यवहार गरिन्छ।

**हाईप्रोफाइलका व्यक्तित्व आउँदा विशेष महत्त्व दिइन्छ रे ?**

आश्रममा म को ठूलो र को सानो भनेर भेदभाव गर्दिनँ। आश्रममा आएका सबै मेरा लागि उत्तिकै महत्त्व राख्छन्। समान दृष्टिकोणले भोजन लिने, बस्ने, घुम्ने अवसर पाउँछन्। कोही भीआईपी, भीभीआईपी भन्ने छैन, हाम्रो आश्रममा आउनेहरू बाहिरै सेक्युरिटी राखेर मात्र छिर्न पाउँछन्।

**राहुल गान्धी आउँदा पनि सेक्युरिटीको प्रवेश आवश्यक हुँदैन ?**

जो-कोही आए पनि, संसारका जस्तै ठूला वा साना आए पनि, नेता भनेर छुट्टै व्यवस्था छैन। नेता आउँछन् भन्ने सबैलाई थाहा छ, जस्तै व्यक्ति आउँदा पनि समान दृष्टिकोण छ, वसुधैव कुटुम्बकम् भन्ने मेरो भावना छ, यहाँ भगवान्‌ले सेक्युरिटी दिनुहुन्छ। यहाँ यज्ञ, धर्म, ब्राह्मण र साधुले सुरक्षा दिन्छन्। बाहिरका अस्त्रशस्त्र धारीको सेक्युरिटी चाहिँदैन।

**अहिलेको परिप्रेक्ष्यमा विश्व परिवेशलाई कसरी व्याख्या गर्नुहुन्छ ?**

विश्वव्यापी रूपमा भन्नुपर्दा भौतिकता हावी देखिन्छ। आध्यात्मिकता नहुँदा सबै स्वार्थी भएका छन्, सत्य, त्याग, निष्ठा, धर्म, संकल्पजस्ता कुरा ओझेलमा छन्। भौतिक दुनियाँमा अर्थभन्दा ठूलो कुरा केही छैन भन्ने भावना विकास भएको छ, पावर, पद सबैलाई चाहिएको छ, माता, पिता, दाजुभाइ, दिदीबहिनीभन्दा पनि पैसा प्यारो भएको छ। नैतिकता पतन भएको छ,।

**भौतिक विज्ञान पढेको मानिसको झुकाव कसरी आध्यात्मिकतातर्फ भयो होला ?**

मनोइच्छा सर्वोनास्ति, दैवो इच्छा प्रवर्तके, हामीहरूले चाहेर हुँदैन, परमात्माले जे चाहन्छन् त्यो हुन्छ, परमात्माको कृपाले, जन्म-जन्मान्तरको संस्कारले मात्र हामी आफ्नो यात्रा गरिरहेका छौं, आध्यात्मिक दुनियाँमा परमात्माले खिचेर जता लान चाहनुहन्छ हामी त्यतै जाने हौं। ईश्वरीय कृपाकै कारण म पनि तानिएको हुँ।

**थुप्रै वैज्ञानिक चमत्कारका अगाडि भौतिक विज्ञान नै अध्ययन गरेर पनि कसरी आध्यात्मिक हुनुभयो ?**

भौतिक विज्ञानको अध्येता भएकाले म त्यही दुनियाँमा थिए। मलाई भौतिक विज्ञानको राम्रो ज्ञान छ, तर आध्यात्मिक दुनियाँमा आएँ, किनभने भौतिक विज्ञानले गुडाउन र उडाउन त सिक्यो, अनि अन्य थुप्रै उपलब्धि पनि पायो तर भौतिक विज्ञानले मृत्युलाई रोक्न सकेन, डाक्टरहरूले भेन्टिलेटरसम्म राख्न सक्छन्, चिर्न-फार्न र उपचार गर्नसम्म सिके पनि मृत्युलाई जित्न सकेनन्। मृत्युको समयमा डाक्टरहरू पनि अब भगवान्‌को शरणमै जानुपर्छ भन्छन्। भगवानको अगाडि कोही छैन, जे गर्छन् उनकै हातमा छ भनिन्छ, यसकारण भौतिक विज्ञान नथिड, आध्यात्मिक दुनियाँमा जे छ त्यो भौतिक दुनियाँमा पाइँदैन। हिन्दू धर्मअन्तर्गतकै प्राचीन पतञ्जली योगको महत्त्व पनि अहिले आएर मानिसहरूले बुझ्न थालेका छन्। पतञ्जली योगले जीवनलाई स्वस्थ बनाउँछ भन्ने बुझेपछि अहिले त्यसको लहर बढेको छ। हरतरहका रोग निर्मूल गराउन मात्र होइन, आयु बढाउन पनि योग आवश्यक छ।

**योग विज्ञानको आवश्यकता कत्तिको देख्नुहुन्छ नि ?**

सत्य युगदेखि नै योग विकास भएको हो। पतञ्जली योग पहिलेदेखि नै थियो, बीचमा केही दबेर गयो, अहिले फेरि आएको छ, अहिले त डाक्टरहरू नै योग गर्न थालेका छन्। उनीहरू आफैं योगले जति गर्न सक्छ, त्यति हामी सक्दैनौं भन्छन्। मुटु रोग, क्यान्सर, डाइबिटिज, पक्षाघात आदि थुप्रै रोगको सहजै निदान गर्न प्रभावकारी भएकाले पनि योग महत्त्वपूर्ण छ।

# कथा कालीबाबाको



पृष्ठ ५ बाट जारी

बाधक नबनेको तर्क पेस गर्दै कालीबाबाले भने- 'थाई एयर र नेपालको तत्कालीन शाही नेपाल वायुसेवा निगम एकसाथ स्थापना भए पनि अहिले थाई एयरले आफूलाई तीव्र गतिमा विकास गर्दै ८६ राष्ट्रमा हवाई उडान भर्दै आएको छ, हाम्रो एयरलाइन्स ५ दिनमा एक दिन उडान भर्छ, के यो स्थिति आउनुमा हिन्दू धर्मलाई दोष दिने ?'

कालीबाबाको नेपाल आगमनको समयमा नेपालका थुप्रै विशिष्ट व्यक्ति उनको स्वागतका निम्ति तयार भएर बस्नुले पनि उनको आगमनलाई अर्थपूर्ण ढंगले हेरिएको हो। पूर्वप्रधानमन्त्रीहरू सूर्यबहादुर थापा, कृष्णप्रसाद भट्टराई, शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द आदिले कालीबाबालाई नियमित भेट्ने गरेका छन्। वर्तमान प्रधानमन्त्री माधवकुमार नेपालले पनि कुनै बेला कालीबाबालाई भेटेको निकटस्थ स्रोत बताउँछ। पूर्वमन्त्रीहरू कृष्ण सिटौला, खुमबहादुर खड्का, हृदयेश त्रिपाठी, केपी शर्मा ओली आदि उनलाई भेट्न पुग्छन्। वर्तमान मन्त्रिमण्डलका विजयकुमार गच्छदार, मीनेन्द्र रिजाल पनि कालीबाबालाई भेट्छन्। यस्तै नेपाली रजतपटका चर्चित नायक निखिल उप्रेती पनि कालीबाबाका भक्त हुन्। त्यसो त भारतीय राजनीतिका उच्चपदस्थ व्यक्तित्वहरू पनि बाबालाई भेट्न उनको आश्रममा पुग्छन्। कांग्रेस आईका महासचिव राहुल गान्धी, दिग्विजय सिंहदेखि सबै पार्टीका ठूला नेता आश्रममा सामान्य भक्तका रूपमा देखिन्छन्। यस्तै उद्योगपतिमा मित्तल समूह, टाटा तथा कलाकारमा अभिनेता अमिताभ बच्चनसम्म बाबा कालिदासका भक्त हुन्।

'नेपाल मेरो आफ्नो हो,' उनले भने– 'त्यसैले म यहाँ आइरहन्छु, यसलाई कसैले रहस्यमय मान्छ भने इतिहासले त्यसलाई आफैं पुष्टि गर्नेछ।' कालीबाबाले भने- 'जहाँसम्म नेताहरूले भेट्ने कुरा छ, उहाँहरू कसरी शान्ति बहाल गर्न सकिन्छ भनेर सोध्न आउनुहुन्छ, मैले शान्तिका लागि भगवानसँग प्रार्थना गरिदिन्छु भन्छु, यतिमात्र हो। नेता मात्र होइन, प्रशासनिक ओहोदा उच्च व्यक्तित्वहरू, सेना प्रहरीका उच्चपदस्थ व्यक्तित्वहरू पनि कालीबाबासँग भेट्न आउने भएकाले उनको सञ्जाल चर्चामा छ।

नयाँ नेपाल बनाउने भनेर गफ दिए पनि देश अधोगतिमा गैरहेकाले देशलाई समृद्धिको बाटोमा लान आफूले राजनैतिक टिप्पणी गर्ने गरेको कालीबाबाले बताए। 'पूर्व-पश्चिम रेलमार्ग निर्माण गर्ने भनेर काम थालेको भए ए, गर्न लागेछन् भन्नु हुन्थ्यो,' कालीबाबाले भने- 'यहाँ त अग्रगमनको निर्णय भनेर बहुसंख्यक हिन्दू धर्मावलम्बीको मनमा ठेस पुग्ने गरी धर्मनिरपेक्ष राष्ट्र घोषणा गरे, नयाँ नेपालमै पशुपतिको नियमित पूजा पनि रोकियो।'

भारतमा तीनवटा ट्रस्ट मार्फत समाजसेवा गरिरहेका बाबा कालिदासले नेपालको विकास-प्रक्रियामा पनि योगदान दिने बताएका छन्। 'पितालाई श्रद्धाञ्जली दिने क्रममा रुम्जाटार पुगेर आफू पढेको विद्यालयको विकासका निम्ति १ करोड अनुदान सहयोग गरे', उनले भने- 'यो प्रारम्भ हो, अब यहाँ पनि ट्रस्ट स्थापना गरेर व्यापक रूपमा काम गर्ने योजना छ।' कालोपुलस्थित कालिका साधनाश्रममा कालीबाबाले नेपालमा पनि भारतमा जस्तै शिक्षा, चिकित्सा र अनाथ-असहायको सहयोगका निम्ति कार्य गर्ने उल्लेख गरे। चाँडै नै एउटा गौशाला निर्माण गरेर गौमाताको रक्षा अभियान पनि चलाउँदैछु, उनले भने।

'यो गुरु गोरखनाथको देश हो, यो मनकामनाको देश हो, गोरखकालीको देश हो, गोरखकालीका ८४ सन्त र नवनाथहरू एकपटक फेरि जाग्नुपरेको छ। कालिशक्ती साधना पनि त्यही हो', कालीबाबाको अबको धार्मिक यात्रालाई विश्लेषण गर्दै आचार्य वासुदेवकृष्ण शास्त्रीले भने- 'अब यो देशमा पुनर्जागरण आवश्यक छ, यसका लागि कालीबाबाले त्रिशूल गाड्नुभएको छ, यो त्रिशूलको वरिपरि अब सबै नै घुम्नेछन्, यो सूर्यको धपक्क बलेको तेज हो, यो बाबाको तेज हो, जसरी सौर्यमडलमा सूर्यको तेजवरिपरि तारापुञ्ज घुम्छन्, त्यसरी नै अब बाबाको तेजवरिपरि सबै रहन्छन्, राष्ट्रिय घटनाक्रम पनि बाबाबाटै निर्देशित हुनेछन्।'

पं. वासुदेवकृष्ण शास्त्रीका अनुसार साधना सही ढंगले सम्पन्न भए राष्ट्र जाग्ने र चाँडै नै हिन्दू राष्ट्र फर्किनेछ। बाल्यकालमा पनि साधना भक्तिभाव लिन हुने गरेको बताउने कालीबाबा सन्त महात्मा एवं गाईप्रति स्नेह गर्छन्। उनका भारतका सबै २९ आश्रममा बहुसंख्यक नेपाली ब्राह्मण कार्यरत छन्। ७ हजार ५ सय नेपाली ब्राह्मणले बाबाका विभिन्न आश्रममा पूजापाठ गर्ने गरेका छन्। कालीबाबाले १३ वटा गौशालामा १८ हजार ६३ गाई पालेका छन्।

अर्बौं रुपैयाँको ट्रस्टअन्तर्गत ७२ हजारले कर्मचारीका रूपमा काम गरिरहेको कालिका साधनाश्रम नेपालकी सदस्य एवं भक्त मैनालीले बताइन्। 'बाबाको ट्रस्टले सञ्चालन गरेका अस्पतालमा १ रुपैयाँको टिकटमा बिरामीले उपचार पाउने गरेका छन्,' मैनालीले भनिन्- 'यस्तै गुणस्तरीय शिक्षा प्रदान गर्ने शिक्षालयमा पनि न्यून शुल्कमा अध्यापन गराइन्छ।'

आध्यात्मिक रूपमा हजारौं शिष्यका गुरु कालीबाबाको अहिले ७८ राष्ट्रमा सञ्जाल छ। जसमध्ये अमेरिका, बेलायत, जर्मनी, क्यानाडा, अर्जेन्टिना, नेदरल्यान्डमा आश्रम नै छ। भारतमा तिनसुकिया, आसाम, साम्पला, दिल्ली रोड, हरियाणा तथा केरलामा कालीबाबाका ठूला आश्रम छन्। यसबाहेक गया, बनारस, हरिद्वार, ऋषिकेश, सिलिगुडी, मध्यप्रदेश आदि २९ स्थानमा बाबाका आश्रम छन्। संन्यासी जीवनको मोह किन नि ? बाबा कालिदासले भने- 'यो भेषमा गैसकेपछि आत्मा नै परमात्मा रहेछ, परमात्मा नै आत्मा रहेछ भन्ने थाहा हुन्छ, मात्र त्यसलाई जगाउन सक्नुपर्छ। भगवान् बाहिरी संसारमा खोजेर पाइँदो रहेनछ। ध्यानयोग, भावनाभक्ति र आध्यात्मिक शक्तिले आज्ञाचक्र र कुण्डलिनी शक्तिको खोजमा गए हामी के हौं, मानव के हो र यो संसार के हो ? भन्ने जानिन्छ। आफूलाई बुझेपछि मात्र संसार बुझिन्छ।'

कालिदास कृष्णानन्द परमहंस बाबाका दुई भाइ तथा दुई दिदी छन्। उनीहरू हाल काठमाडौं तथा रुम्जाटारमा बस्छन्। पिता पण्डित मनोहर दाहाल केही समयअघि मात्र स्वर्गवास भएका थिए। परिवारसँग भेट छैन ? उनले भने- 'दर्शनभेटका लागि आउनुहुन्छ।' बाबा कालिदासले हरिद्वारस्थित गुरु शान्तनन्द परमहंसबाट संन्यास लिएपछि परिवारसँग सम्बन्ध नभएको बताए। प्राध्यापन पेसामा संलग्न बाबा एकाएक गायब भएपछि ३ वर्ष ८ महिना भारतभर पैदलयात्रामा निस्किएका थिए।

हाल कालीबाबाले हरियाणास्थित आश्रममा तीन वर्षदेखि निरन्तर १२ वर्षे अखण्ड महायज्ञ गरिरहेका छन्। यस्तै एकवर्षे महायज्ञ पनि सञ्चालन भैरहेको उनले बताए। वर्षौं अघिदेखि अन्न ग्रहण गर्न छोडेका बाबा कालिदास अहिले नरिवल पानी र गाईको दूध मात्र सेवन गर्छन्। सादा पानी पनि नखाने उनले सयौं दिन केही नखाई साधना गरेको घटनाले पनि उनको चमत्कारिक व्यक्तित्वलाई प्रस्ट्याउँछ।



## सबैभन्दा पातलो टिभी

हेर्दा आकर्षक र छरितो एलसिडी टेलिभिजनको पछिल्लो संस्करण नेपाली बजारमा भित्रिएको छ। सामसुङले उत्पादन गरेको यो टेलिभिजन 'संसारकै सबैभन्दा पातलो' भएको दाबी गरिएको छ। निडल स्लिम प्रविधिबाट उत्पादित यो एलसिडीको अर्को विशेषता विद्युत् खपत कम गर्नु हो। फ्रेम साइज कम भएकाले यो हल्का र सजिलै भित्तामा टाँस्न सकिने खालको छ। तुलनात्मक रूपमा यसको दृश्य स्तरीय छ। ३२ र ४० इन्चको स्क्रिनमा उपलब्ध यो एलसिडी टेलिभिजनको मूल्य १ लाख ७० हजार तथा २ लाख ७० हजार रुपैयाँ पर्छ।



## महिन्द्राको फ्लाइट

यो स्कुटर १ सय २५ सीसी क्षमताको छ। टेलिस्कोपिक सकसहितको यो स्कुटरमा ४ दशमलव ५ लिटर इन्धन स्टोर गर्न सक्ने क्षमता छ। यो स्कुटर रातो, कालोलगायत पाँच रंगमा उपलब्ध छ। प्रतिलिटर ३५ देखि ४० किलोमिटर माइलेज दिने यो स्कुटरको बजार मूल्य १ लाख ३९ हजार ९ सय रुपैयाँ छ।

## यामाहा फेजर

युवापुस्ताको माग पूरा गर्न यामाहाले उत्पादन गरेको स्पोर्ट्स बाइक नेपाली बजारमा उतारिएको छ। तुलनात्मक रूपमा निकै क्षमतावान् यामाहा फेजर तीन गुणा बलियो हुने बताइन्छ। बाइकमा जडित एयर कुल्ड इन्जिनका कारण यामाहा फेजरमा सवारी गर्दा बेग्लै आनन्द महसुस हुने दाबी गरिएको छ। तीव्र गतिमा हुइँक्याउँदा पनि खासै खतरा नहुने यो बाइक १ सय ५३ सीसीको छ। यसका थप विशेषता एयर कुल्ड, सिंगल साइलेन्ज, चौडा टायर, लार्ज डायमिट फ्रन्ड डिक्स ब्रेक, मल्टी रिफ्लेक्टर हेडलाइट तथा फुल एलसिडी मिटर डिस्प्ले हुन्।



## स्पाई क्यामकोरिडर पेन




गोप्य ढंगले कुनै पनि दृश्य छायांकन एवं रेकर्ड गर्न उपयुक्त स्पाई क्यामकोरिडर पेन नेपाली बजारमा भित्रिएको छ। बलपेनको आकारमा उपलब्ध यो क्यामेरामा दुई र चार जीबीको मेमोरी कार्ड छ। ३ दशमलव १ मेघापिक्सलको क्यामेराजडित यो पेन लेख्नभन्दा पनि गोप्य कुरा दृश्यांकन गर्न एवं आवाज रेकर्ड गर्न उपयुक्त हुन्छ। पेनको अगाडि सानो प्वाल छ जहाँबाट भिडियो र अडियो रेकर्ड गर्न सकिन्छ। मेटल बडीयुक्त यो पेनको माथिल्लो बटम दबाएपछि यसले रेकर्ड गर्छ। पेनड्राइभका रूपमा समेत प्रयोग गर्न सकिने यो पेनलाई आफ्नो गोजीमा झुन्ड्याएर अरूले थाहै नपाई भिडियो खिच्न सकिन्छ। पेनमा रिचार्जवेल ब्याट्री जडिएको छ, जसले एक घण्टा लामो भिडियो खिच्ने क्षमता राख्छ। यसमा ५ दशमलव ५ एमएम फोकल लेन्थ छ। नेपाली बजार मूल्य २ हजार ५ सय २५ रुपियाँ रहेको यो पेन स्पाई क्यामेरा स्पेसलिस्टको उत्पादन हो।



## सोनीको स्विप पानारोमा

फरक विशेषतासहितको डिजिटल क्यामेरा स्विप पानारोमा नेपाली बजारमा आएको छ। सोनी कम्पनीको यो उत्पादनबाट वाइड र हाइट एंगलको तस्बिर खिच्न सकिन्छ। डीएससी-टिएक्स वान मोडलमा उपलब्ध यो क्यामेराबाट १ सय ७४ डिग्रीमा वाइड र हाइ एंगलको तस्बिर लिन सकिन्छ। १० दशमलव २ मेगापिक्सलको यो क्यामेरा मेटल बडीमा उपलब्ध छ। फोर एक्स अप्टिकल जुम, ३ इन्च टच प्यानल स्क्रिन, फुल एचडी १०८० यसका थप विशेषता हुन्। स्लिम तथा आकर्षक डिजाइनमा उपलब्ध स्विप पानारोमा डिजिटल क्यामेराको नेपाली बजार मूल्य ४० हजार रुपैयाँ छ।



# काण्ड अर्धनग्न तस्बिरको




गएको साता मोडल बेबी थापा एक दैनिक अखबार पल्टाउँदा छक्क परिछन् । मनीषा कोइरालालाई निम्त्याएर उद्घाटन गरिएको चलचित्र 'गर्ल्स'को कार्यक्रममा मनीषाको पछाडि रहेको नायिका जेनिषा केसीको अर्धनग्न तस्बिरमा आफ्नो ज्यान देखेपछि उनी छक्क पर्नु स्वाभाविक थियो । निर्देशक प्रिन्स यादवले केही समयअघि उनलाई उक्त चलचित्रमा नायिका बनाउने भनेर साइबरसंसार डटकमबाट खिचिएको उक्त तस्बिर लिएको उनको दावी थियो । 'पछि पारिश्रमिकमा कुरा मिलेन, अनि त्यो चलचित्र खेलिनँ, तर तस्बिर फिर्ता माग्दा उसले पछि-पछि भन्दै टारिरहेको थियो । जब त्यो तस्बिर पत्रिकामा देखें, त्यसमा त मेरो जीउमा जेनिषाको टाउको जोडिएको पो रहेछ । उसलाई फेरी फोन गरें, तर उसले मेरो कल रिसिभ गरेन ।'- बेबीले साप्ताहिकसँग भनिन् ।

अर्कातर्फ जेनिषाले चलचित्रको उद्घाटन कार्यक्रममा पत्रकारहरूलाई त्यो तस्बिर आफ्नो नभएको र प्रिन्सले उनलाई झुक्याएर तस्बिर जोडेको बताइन् । पर्सिपल्ट छेपाराले रंग फेरेझैं कान्तिपुर टेलिभिजनका कार्यक्रम रजतपट र आजमा ती तस्बिरहरू आफ्नै भएको बताउन थालिन् । बेबी भने त्यो तस्बिर आफ्नै भएको अडानमा टिकिरहिन् । यहाासम्म कि उनले आफ्नो तस्बिरको दुरुपयोग भएको भन्दै प्रहरीमा निर्देशक यादवविरुद्ध जाहेरी दर्ता गराइन् ।

त्यही दिन प्रिन्सले रिपोटर्स क्लबमा एक पत्रकार भेटघाटमा त्यो तस्बिर जेनिषाकै भएको भनेर वास्तविक तस्बिर सार्वजनिक गरे र उनले नचाहिने बखेडा गरेको भन्दै जेनिषालाई चलचित्रबाट निकालेको घोषणा पनि गरे । अर्कातर्फ बेबीले प्रहरी समक्ष प्रिन्स विरुद्ध गरेको उजुरी पनि फिर्ता लिइन् । पुरै घटना नियाल्दा कसको कुरालाई साँचो मान्ने र कसलाई गलत भन्ने कुरामा यो अर्धनग्न तस्बिर काण्ड हप्तैभरी रुमल्लिरह्यो ।


# मलाई हिरो नभन्नोस् यार



पोखरामा लोकगायक मिलन लामा भेटिए । अनुहारभरि मेकअप दलेका, टाउकोमा भादगाउँले टोपी र सर्ट पाइन्टमा चिटिक्क परेका गायक लामा यसपटक चलचित्रको नायक भएर पोखरा आएका रहेछन् । 'लौ, गायकहरू पनि भकाभक हिरो हुन थाले ?' यति कुरा के सोधिएको थियो, उनी फन्किहाले- 'मलाई हिरो नभन्नोस् यार । म कहाँ हिरो ?' उनलाई अझै फन्काउने विचारले सोधियो- 'अनि चलचित्रमा हिरोका रूपमा अभिनय गरेपछि हिरो नभनेर के भन्नु ?' यसपटक भने उनी हाँस्न थाले र भने- 'लौ ठिक छ, म हिरो भएँ, तर यही एकपटकलाई मात्र हो नि । मेरो पहिचान त गायककै हो ।' मिलन लामा आफु चलचित्रमा नायक हुनुपरेको वृत्तान्त वर्णन गर्न थाले । भएछ के भने, कार्यक्रमका सिलसिलामा गत वर्ष अमेरिका पुग्दा उनले एक जना आफ्ना प्रशंसक भेटेछन् । उनी विगतकी नृत्य कलाकार हुन् । तारा गुरुङ नाम गरेकी ती कलाकार तथा प्रशंसकसँग बात मार्ने क्रममा आफ्नो गीत 'हङकङ आईडीले'को मर्म सुनाएछन् । त्यो गीतमा एउटा पूरा कथा समेटिएको छ । त्यही कथाको परिवेशमा ताराले चलचित्र बनाउने बताइन्, तर उनको एउटै सर्त थियो कि मिलन लामा नै चलचित्रको नायक हुनुपर्छ र तारा नायिका । अन्ततः भोजबहादुर गुरुङको निर्देशनमा मिलन 'हिरो' भएको चलचित्र निर्माण हुने भयो । जसको हाल पोखरामा छायांकन भैरहेको छ र चलचित्रको शीर्षक राखिएको छ- हङकङ आईडी ।

# कर तिर्ने कलाकार

छिमेकी मुलुक भारतको चलचित्र उद्योग बलिउडका कलाकारहरूले लाखौं तथा करोडौं रुपैयाँ कर तिरेको समाचार पढेर छक्क परिरहेका नेपाली चलचित्रकर्मी पनि करको दायरामा आउने भएका छन् । अघिल्लो साता राजस्व विभागले नाम चलेका एक दर्जनभन्दा बढी कलाकारलाई आफ्नै कार्यालयमा निमन्त्रणा गरेर भिआईपी इ-प्यान कार्ड प्रदान गरेपछि नेपाली कलाकारहरूले पनि कर तिर्ने भएका हुन् । यसरी ई-प्यान लिनेहरूमा नायिका रेखा थापा पहिलो नम्बरमा छिन् । नायक निखिल उप्रेतीले पनि ई-प्यान कार्ड लिएका छन् । श्रीकृष्ण श्रेष्ठ, श्वेता खड्का, झरना थापा, अरुणीमा लम्साल, रामकृष्ण ढकाल, दीपकराज गिरी, आलोकश्री, रमेश बुढाथोकी, सीताराम कट्टेल धुर्मुस, किरण केसी, डिजराज पौडेल आदि नायक, नायिका, हास्यकलाकार, संगीतकार तथा गायकले ई-प्यान कार्डमार्फत कर तिर्ने भएका हुन् । कार्ड हासिल गरेपछि कलाकारहरूको सामूहिक प्रतिक्रिया थियो– 'कर तिरेपछि त्यसको सदुपयोग हुनुपर्छ, त्यसलाई समग्र राष्ट्रको हितमा प्रयोग गरिनुपर्छ ।' सोही अवसरमा राजस्व कार्यालय क्षेत्र नम्बर १ का प्रमुख कर अधिकृत शिशिरकुमार ढुंगानाले कलाकारहरूमा करका बारेमा रहेको अन्यौल हटाउन छिट्टै नै अभिमुखीकरण तालिम सञ्चालन गरिने जानकारी गराएका थिए ।



# पोखरामा मनीषा दंग



पोखरा- 'आहा, कति राम्रो हिमाल, छोपिएला छिट्टो गरौं न,' बलिउडकी नायिका मनीषा कोइराला अघिल्लो साता पोखराको फूलबारी रिसोर्टमा निकै हर्षित मुद्रामा देखा परिन् । बिहानैदेखि मौसम धुम्म भैरहेको बेला मध्याह्न छ्याङ्ङै खुलेर हिमालबाट लोभिएकी मनीषा शेर्पा पहिरनमा भेट्टिइन् ।

खुलेको मौसम र पारिलो घामले उनलाई निकै प्रफुल्ल बनाइरहेको थियो । २२ वर्षपछि दोस्रो नेपाली चलचित्र धर्मामा अभिनय गर्न पोखरा आएकी मनीषाले अघिल्लो दिन वर्षाका कारण सुटिङ गर्न पाइनन् । होटलमा बसेर दिन काट्नुपऱ्यो । मौसम खुलेन भनेर अत्तालिएको सुटिङ युनिट पोखराको मौसम खुलेपछि दंग पऱ्यो । शेर्पा पहिरनमा सजिएकी मनीषा कोइराला राजेश हमालसँग नृत्य गर्न तम्तयार भइन् । गीत थियो- 'यो मनको खाली पानामा तिम्रो नाम कोरियो ।' कोरियोग्राफी गरिरहेकी रेनिसा राई मनीषा र राजेशलाई यसो गर उसो गर भनेर नृत्यको स्टेप सिकाइरहेकी थिइन् ।

सन् १९८९ मा फेरी भेटौलामा अभिनय गरेपछि नेपाली चलचित्रबाट हराएकी उनले बीचमा आफूलाई राम्रो चलचित्रमा अफर नआएको बताईन । 'अफर त आएका थिए तर कथा राम्रो लागेन,' उनले भनिन, 'अहिले कथा मन पऱ्यो र काम गरें ।' राम्रो र चित्तबुझ्दो भयो भने अरू चलचित्रमा पनि अभिनय गर्नेछु । छोटो समयका लागि पोखरा आएकी मनीषा हिन्दी चलचित्र 'मायावती' का लागि छिट्टै मुम्बई फर्कनुपरेकाले निकै व्यस्त देखिन्थिन् । उनले बलिउडमा ७० भन्दा बढी चलचित्रमा अभिनय गरी सकेकी छिन् ।

धर्मामा नायक हमालकी जीवनसँगिनी बनेकी मनीषाले चलचित्रमा नारीहरूको पक्षमा आवाज उठाएको निर्देशक दीपेन्द्र के. खनालले बताए । मुलुकको समसायमिक विषय एवं प्रेमकथामा केन्द्रित चलचित्र 'धर्मा' ले भ्रष्टाचार र तस्करहरूको सञ्जाललाई केलाउन खोजेको निर्देशक खनालले जानकारी दिए ।

शाहीकालकी मन्त्री डा. दुर्गा पोखरेलले निर्माण गरेको यो चलचित्रमा निखिल उप्रेती, संयोग पोखरेल, अनु शाह, माधव आचार्य आदिको पनि अभिनय छ । धर्मा पात्रका रूपमा राजेश हमाल छन् भने गौरीको भूमिकामा नायिका मनिषा देखा पर्नेछिन् । पोखराको दृश्यबिना नेपाली चलचित्रको कथा पूरा हुँदैन, निर्मात्री पोखरेलले भनिन्, 'पोखराको मनोरम दृश्य समेट्न पोखरा आएका हौं ।' काठमाडौं, पोखरापछि चितवन र रसुवामा समेत चलचित्रको छायाङ्कन हुने उनले बताइन् ।

**–शिव शर्मा**

# सुरेश होइन रेश

चलचित्र क्षेत्रमा प्रवेश गरेपछि कलाकारले नाम परिवर्तन गर्नु अस्वाभाविक मानिंदैन । अधिकांश कलाकारले चलचित्र उद्योगमा प्रवेश गर्ने क्रममै आफ्नो नाम परिवर्तन गर्छन् । यो प्रसंगमा 'पिँजडा' मार्फत अभिनय क्षेत्रमा प्रवेश गरेका सुरेश मरहठ्ठा भने अलि ढिलो भएका छन् । 'चाहन्छु म तिमीलाई नै' चलचित्र सफल भएपछि अमेरिकातर्फ लागेका सुरेश विगत एक वर्षदेखि पुनः चलचित्र क्षेत्रमा सक्रिय छन् । यसपटक भने उनले आफ्नो नामको अघिल्लो अक्षर 'सु' हटाएर आफ्नो नाम रेश मरहठ्ठा मात्र राखेका छन् । चलचित्र 'काठमाडौं' को छायाँकनपछि श्याम भट्टराईको निर्देशनमा बन्ने नयाँ चलचित्र 'च्यालेञ्ज' को छायाँकनमा सहभागी हुनुअघि *साप्ताहिक*सँगको भेटमा उनी भन्दैथिए – 'अमेरिकामा साथीहरूलाई सुरेश भन्न अफ्ट्यारो लागेछ, सबैले रेश-रेश भन्न थाले । त्यसैले मैले उनीहरूकै सुझावमा अगाडिको सु हटाएको हुँ ।'



तस्बिर : कमल श्रेष्ठ

## ● फिल्मी खबर ●

### सफल हुँदै नौलो संसार

नृत्य निर्देशक राजु शाहको निर्देशनमा निर्माण भएको चलचित्र 'सपनाको नौलो संसार' गत साता काठमाडौं उपत्यकामा सार्वजनिक गरियो। अनायसै सार्वजनिक भए पनि चलचित्रले सुरुको सप्ताहमा सन्तोषजनक व्यापार गरेको निर्मातामध्येका एक दिनेश लामाले बताए। राजेश हमाल, तृप्ति, दिलीप रायमाझी, ऋचा घिमिरे, जितु नेपाल आदि कलाकारको मुख्य भूमिका रहेको यो चलचित्रको छायांकन युरोपमा गरिएको छ।

### क्रिस विद कोहिनूर

कलिउडमा पनि सुपरहिरोमा आधारित चलचित्रको निर्माण थालिएको छ। आइतबार राजधानीको भद्रकाली मन्दिरमा चलचित्र 'क्रिस विथ कोहिनूर'को मुहूर्त गरी छायांकन सुरु गरिएको जानकारी दिइयो। बलिउडको सुपरहिट चलचित्र 'क्रिस' सँग मिल्दोजुल्दो लाग्ने शीर्षकको यो चलचित्रका नायकमा सुपर शक्ति भएको देखाइनेछ। चलचित्रको निर्देशन सागर लामिछानेले गर्दैछन् भने यसका निर्माता स्वतन्त्र महर्जन हुन्। चलचित्रमा रोविन पोखरेल, राहुल प्रजापति, सरु, वसन्त रिजाल, युवराज लामा, गोपाल भुटानी आदि कलाकारले अभिनय गर्दैछन्।

### डेढ दशकपछि फेरि कसम

डेढ दशकअघि निर्माण भएको चलचित्र 'कसम' शीर्षकमा फेरि एउटा अर्को चलचित्र निर्माण हुँदैछ। त्यतिबेला राजेश हमाल र सरोज खनाल नायक भए पनि यसपटक भने चलचित्रमा निखिल उप्रेती र सुमन सिंह नायक छन्। रामप्रसाद रिजालको लगानीमा लक्ष्मण रिजालले निर्देशन गर्न लागेको उक्त चलचित्रको गीत रेकर्डिङ भैरहेको छ।

### सकियो आचार्य

भजन शिरोमणि भक्तराज आचार्यको जीवनीमा निर्माण भैरहेको चलचित्र 'आचार्य'को छायांकन सम्पन्न भएको छ। बाबुको भूमिका भक्तराजका जेठा छोरा सत्यराज आचार्यले निर्वाह गरिरहेको उक्त चलचित्रको निर्देशन प्रशान्त रसाइलीले गरेका हुन्। चलचित्रमा रंगकर्मी सुनिल पोखरेल, विश्वविख्यात गजल गायक गुलाम अली आदिले पनि अभिनय गरेका छन्।

### फेरि अर्को 'ब'

निर्माता डाक्टरसिंह गुरुङ एकपछि अर्को चलचित्रको शीर्षक 'ब' अक्षरबाट राख्दैछन्। दुई वर्षअघि चलचित्र 'बन्धकी'को निर्माणबाट चलचित्र निर्माता भएका उनको अर्को चलचित्र 'बाटुली'ले पनि हालै व्यावसायिक सफलता पाएको छ। अब उनी 'ब' अक्षरबाटै चलचित्र 'बार डान्सर' निर्माण गर्ने भएका छन्। चलचित्रमा विराज भट्ट तथा रेखा थापा मुख्य भुमिकामा रहे पनि अर्की एक नायिकाको भूमिकाका लागि कलाकारको खोजी भैरहेको गुरुङले बताएका छन् भने उक्त चलचित्रपछि 'ब' अक्षरबाटै 'बिर्खे' र 'बटुवा'को निर्माण गर्ने तयारी भैरहेको छ।

### तयार हुँदै बाटोमुनिको फूल

गायकद्वय यशकुमार र बाबु बोगटीले निर्माण गरिरहेको चलचित्र 'बाटोमुनिको फूल' को प्रदर्शनका लागि तयार हुने क्रममा छ। सुरज सुब्बा नाल्बोको निर्देशन रहेको उक्त चलचित्रमा बाबु बोगटी, यशकुमार, रेखा थापा, नन्दिता केसी आदि कलाकारको मुख्य भूमिका छ।

### लोडसेडिङ पनि चलचित्र

युवा निर्देशक जमिर श्रेष्ठले 'लोडसेडिङ' शीर्षकको चलचित्र निर्माण गरेका छन्। २ घण्टा १५ मिनेट लामो यो चलचित्र प्रदर्शनका लागि तयार भएको छ। हरर तथा थ्रिलर श्रेणीमा राखिएको यो चलचित्रमा सूरवीर पण्डित, मनीषा प्रधान, मञ्जु श्रेष्ठ, पुष्करभक्त माथेमा, विशाल गाडिया, ज्योति मघैया, श्रेया शाही आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। निर्देशक श्रेष्ठकै लगानीमा तयार भएको यो चलचित्रको कथा, पटकथा तथा संवाद पनि उनैले तयार पारेका हुन्।

### सौरहामा ओ मिसा

हास्यश्रृंखलामा बेइमानको भूमिका निर्वाह गरेर लोकप्रिय भएका कलाकार रवि डंगोल 'बेइमान' चलचित्र निर्देशक बनेका छन्। भर्खरै पर्यटकीय क्षेत्र सौरहामा छायांकन सम्पन्न भएको नेवारी चलचित्र 'ओ मिसा' को निर्देशन रविले नै गरेका हुन्। चलचित्रमा रवि डंगोल, मञ्जु श्रेष्ठ 'बिजुली', दीपक अधिकारी, उत्तम केसी, बिनिता महर्जन, नरुत्तम प्रधान आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्।





**म २५ वर्षीया युवती हुँ। म धार्मिक विचार र परमात्माप्रति निकै आस्था राख्छु। यही कारणले सफलताले मलाई पछ्याइरहेको छ भन्ने मेरो विश्वास छ। विगत १० वर्षदेखि एक पुरुष मित्रसँग मेरो सम्बन्ध गाँसिएको छ। मेरो र उहाँको सम्बन्धका बारेमा हामी दुवैको घरका सदस्यहरूलाई थाहा छ तर मेरो र उहाँको बुबा दुवैलाई हाम्रो सम्बन्ध मन परेको छैन। म उहाँलाई हरेक पाइलामा साथ दिन खोज्छु त्यसैले उहाँसँग भागेर विवाह गर्ने प्रस्ताव राख्दा उहाँले सकेसम्म घरमा सम्झाएर विवाह गर्नु उचित हुन्छ भन्नुहुन्छ। जिन्दगी बिताउने र भविष्य बनाउने हामीले हो भने उहाँ किन आफ्नो बुबासँग साँचो कुरा भन्न डराउनुहुन्छ? उहाँको डर देखेर उहाँले आफ्नो बाबुआमाको दबाबमा अरूसँग विवाह गर्नुहुन्छ कि भन्ने डर लाग्छ। मेरो विवाह उहाँसँग नै होस् भनेर परमात्मासँग पुकारा पनि गर्छु। के तपाईंलाई उहाँले मसँग विवाह गर्नुहुन्छ होला जस्तो लाग्छ?**

**आर.**

तपाईं धार्मिक विचारबाट निर्देशित हुनुहुन्छ र त्यसैकारणले तपाईंलाई सफलताले पछ्याइरहेको छ भन्ने तपाईंको विश्वासलाई म सम्मान गर्छु। धार्मिक आस्था र भौतिक प्रेम फरक-फरक कुरा हुन्। विपरीतलिंगीको प्रेमलाई मानिसका लागि मात्र नभै चराचर जगतका लागि समेत प्रकृतिले अनिवार्य आवश्यकता बनाएको छ। जहाँसम्म तपाईंको प्रेमको प्रश्न छ त्यसमा तपाईं र तपाईंका प्रेमीका अभिभावकहरू सहमत हुनुहुन्न भने उहाँहरूलाई सहमतिमा ल्याउने जिम्मेबारी तपाईंहरूकै हो। पत्रअनुसार तपाईं र तपाईंका पुरुषमित्र दुवै शिक्षित र योग्य हुनुहुन्छ। तपाईंका प्रेमीले भनेजस्तै तपाईंहरूले आफ्ना अभिभावकहरूको विश्वास जित्ने प्रयास गर्नुपर्छ। आफ्ना अभिभावकको विश्वास छलेर तपाईंहरूबाट उठाइएको कुनै पनि कदम तपाईंहरूका लागि बाधक नहुन सक्छ तर त्यसले तपाईं र तपाईंको प्रेमीको अभिभावकहरूबीचको सम्बन्धलाई सदाका लागि समाप्त पार्नसक्ने खतरा पनि छ। त्यसैले अहिलेको अवस्थामा परमात्मालाई पुकारा गर्नुभन्दा आ-आफ्नो समस्याको गाँठो फुकाउनेतर्फ तपाईंहरू दुवैले गम्भीरतापूर्वक मनन गर्नुपर्छ। तपाईंहरू लक्ष्यसम्म पुग्न सफल हुनुहोस्, मेरो शुभकामना छ।

### ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।




# नेहा अब विथ लव टु ओबामाका लागि



बोल्ड र सेक्सी भूमिकाका लागि चिनिने अभिनेत्री नेहा धुपिया यस पटक भने भाग्यमानी सावित भएकी छिन्। सुवास कपुरको 'विथ लव टु ओबामा' चलचित्रमा नेहाले सम्मानजनक भूमिका निर्वाह गर्ने अवसर जुराएकी छिन्। उक्त चलचित्रमा नेहाले अमेरिकी राष्ट्रपति बाराक ओबामाको शान्ति सन्देश र शान्ति स्थापनाका लागि उनले निर्वाह गरेको भूमिकालाई आत्मसात् गर्ने चरित्र निर्वाह गर्ने बताइएको छ। आफ्नो ग्ल्यामरस छविबाहेक अरू उल्लेख्य उपलब्धि हासिल नगरेकी नेहालाई यो चलचित्रले नयाँ उचाइ प्रदान गर्ने अनुमान गरिएको छ।

# यौन दृश्यपछि रूने नायिका



हलिउडमा भिन्न स्वभावका नायिका प्रशस्तै छन्। तीमध्ये ब्ल्याक लाइभ्ली पनि एक हुन्। भर्खरै छायांकन सम्पन्न भएका दुई नयाँ चलचित्रमा ब्ल्याकले नग्नदृश्य दिएकी छिन्। 'द प्राइभेट लाइभ्स अफ पिप्पा' तथा बेन एफ्लेकको चलचित्र 'द टाउन' मा उनले नग्न दृश्य दिएकी छिन्। एउटा पत्रिकालाई अन्तर्वार्ता दिंदै उनले 'द प्राइभेट लाइभ्स अफ पिप्पा' को यौनक्रियामा संलग्न दृश्य दिने क्रममा आफू रोएको बताएकी छिन्। 'त्यो दृश्य मेरो लागि आरामदायक हुन सकेन, उनका अनुसार चलचित्रको उक्त दृश्य हेर्ने दर्शकले त्यसलाई आपत्तिजनक अथवा तात्तातो दृश्य भन्न सक्छन्, तर त्यो एउटा वियोगान्त दृश्य हो, उनी भन्छिन्– 'यौनसम्पर्कको दृश्यमा पनि म रोइरहेको देख्न पाउनुहुनेछ।' यौन दृश्य अभिनय गर्ने क्रममा उनी किन रोइन् त ? ब्ल्याकको जवाफ थियो– 'त्यो त निर्देशकलाई नै सोध्नुपर्छ।'

# सर्वाधिक कमाउने चलचित्र



हलिउडको पछिल्लो चलचित्र 'अवतार' विश्वकै सबैभन्दा बढी आम्दानी गर्ने चलचित्र बनेको छ। चलचित्र वितरक कम्पनी सेन्चुरी फक्सले जारी गरेको तथ्यांकका अनुसार अवतारले हलिउडको यसअघिको सबैभन्दा चर्चित तथा बढी आम्दानी गरेको चलचित्र टाइटानिकलाई उछिनेको छ। प्रदर्शन भएको छ सातामै अवतारले १ अर्ब ८५ करोड डलर आम्दानी गरेको थियो, जबकि टाइटानिकले १ अरब ८४ करोड कमाएको थियो। संयोग नै मान्नुपर्छ, सबैभन्दा बढी आम्दानी गर्ने दुवै चलचित्रका निर्देशक जेम्स क्यामरुन नै हुन्। १९९७ मा निर्माण भएको टाइटानिकले त्यसबेलाको बक्स अफिसमा सफलताको नयाँ कीर्तिमान कायम गरेको थियो। टाइटानिकबाट क्यामरुनले सर्वोत्कृष्ट निर्देशकको ओस्कार एवार्ड पनि जितेका थिए। करिब १२ वर्षपछि निर्माण गरिएको अवतारले यसअघिका सबै कीर्तिमान तोडेपछि क्यामरुन थप उत्साहित छन्। गत सातामात्र अवतारले दुईवटा गोल्डेन ग्लोब एवार्ड पायो। आगामी महिना घोषणा गरिने ओस्कारको मनोनयन सूचीमा समेत यसले तहल्का मच्चाउने अनुमान गरिएको छ।

# शाहिदलाई अनुस्काको चुम्बन



अनुस्का शर्मा, यश राज फिल्म्सको ब्यानरमा बनेको चलचित्र 'रव ने बनादी जोडी' की नायिका। शाहिद कपूर, त्यही ब्यानरमा बनेको चलचित्र 'दिल बोले हडिप्पा' का नायक। यी दुवैलाई यश राजकै नयाा चलचित्रमा लिड रोलमा देख्न पाइनेछ। स्रोतअनुसार निर्देशक परमित सेठीको निर्देशनमा बनिरहेको चलचित्रको कथा अनुसार शाहिद र अनुस्काबीच कीसिङ दृश्य छायांकन गर्नुपर्ने भएको थियो तर अनुष्काले किस सिन दिन मानिनन्। निर्देशक परमितले सम्झाएपछि मात्र अनुष्का उक्त सिनका राजी भएको बताइन्छ। अनुष्काका लागि यो पहिलो किस सिन भएकाले पनि उनले असहज महसुस गरेको बताइन्छ।

# विवेक अरेन्ज म्यारिजका लागि तयार



चार वर्षदेखि सिंगल रहेका ३३ वर्षीय बलिउड अभिनेता विवेक ओवराय अब विवाह गर्ने मुडमा छन्। आफ्ना अविभावक विशेषतः आमा आफ्नो विवाहलाई लिएर चिन्तित रहेको बताउने विवेक आफूलाई अरेन्ज म्यारिज गर्न कुनै समस्या नरहेको बताउँछन्। पछिल्लो समयमा चलचित्र कुर्बानमा देखिएका अभिनेता विवेक ओवरायको फिल्मी करियरले उल्लेखनीय उपलब्धि हासिल गर्न सकेको छैन। उनी आफ्नो करियरप्रति त चिन्तित छन् नै, साथै वैवाहिक जीवन प्रारम्भ गर्ने मामिलामा पनि गम्भीर देखिएका छन्।

# लिन्ड्सेको झगडा



हलिउड नायिका लिन्ड्से आफ्नी पूर्वप्रेमी सामान्था रोन्सनसँग एउटा नाइटक्लबमा भएको झगडाका कारण चर्चामा छिन्। झगडा गर्ने क्रममा उनले रोन्सनको अनुहारमा वाइन छ्यापेकी थिइन्। यी दुई समलिंगी जोडीले अघिल्लो वर्षमात्र सम्बन्ध तोडेका थिए। हलिउडको पश्चिमी क्षेत्रमा अवस्थित एउटा नाइटक्लबमा उनीहरूको जम्काभेट भएको थियो। लामो समयपछि एक-अर्काको सामुन्ने आएपछि लोहान रिसले रातोपीरो भएकी थिइन्। रोन्सन उक्त बारमा डिजेका रूपमा कार्यरत छिन्। लोहान राति ११ बजे बारमा पुगेकी थिइन्। झट्ट हेर्दा नै उनी झगडा गर्ने मुडमा आएकी देखिन्थिन्। डिजेइङमा व्यस्त रोन्सनले आफूलाई वास्ता नगरेको देखेपछि लोहान रिसले आगो भइन्। बारमा अभद्र व्यवहार गर्न थालेपछि रोन्सनले उनलाई सभ्य हुन सल्लाह दिइन्। सल्लाह मान्नुको साटो लोहानले उनको अनुहारमा एक ग्लास वाइन छ्यापिदिइन्।

केवल एक प्रश्न

# तपाईंको साथमा कहिल्यै नछुट्ने दुई चीज के-के हुन् ?



घरबाट बाहिर निस्कँदा आफूलाई आवश्यक प्रायः सबै कुरा बोक्छु । कहिले नछुट्ने दुई चीजचाहिं पर्स र मोबाइल सेट हुन् ।

**गरिमा पन्त (नायिका)**

त्यस्ता चीज त धेरै छन्, तर दुईवटा महत्त्वपूर्ण र कहिल्यै नछुट्ने चीजचाहिं घडी र मोबाइल हुन् ।

**निखिल उप्रेती (नायक)**

ओहो, रमाइलो प्रश्न सोध्नुभयो । साथमा कहिल्यै नछुट्ने चीज....सम्झनैपर्छ । अँ, अहिले मसँग के-के छन् ? मोबाइल र पैसा, यी दुई चीज आफूसँग जहिले पनि भैरहनुपर्छ ।

**दीपकराज गिरी (हास्यकलाकार)**

प्रश्न रमाइलो लाग्यो । पहिलो चीज त मोबाइल नै हो । अँ...अर्को चीजचाहिं गाजल ! गाजल लगाइरहनुपर्ने भएकाले योचाहिं जहिले पनि मसँगै हुन्छ ।

**मेलिना मानन्धर**

आफ्नो साथमा कहिल्यै नछुट्ने कुरा ? अँ...रेकर्डिङमा गैरहनुपर्ने भएकाले टेप रेकर्डर र लगाउनुपर्ने भएकाले चस्मा कहिले छुटाउँदिनँ ।

**शम्भुजित बाँस्कोटा (संगीतकार)**

● मेरो अनुभव ●



तस्विर : साइबरसंसार डटकम

## डेटिङ

सुषमा कार्की

मेरो प्रेम कसैबाट लुकेको छैन । मेरो मान्यता नै प्रेम गरेको हो, गल्ती गरेको होइन । त्यसैले किन अरूबाट लुकेर माया लाउने ? मैले सुदर्शन थापा (चलचित्र निर्देशक) लाई आफ्नो जीवनसाथीका रूपमा स्वीकार गरिसकेकी छु । उहाँसँग औपचारिक विवाह गर्न मात्र बाँकी छ, विवाह गर्ने कुरा पनि अघि बढिसकेको छ । परिवारका सदस्यहरू पनि राजी हुनुहुन्छ । उहाँ अझ दुई-चारवटा चलचित्रको निर्देशन गरेपछि मात्र विवाह गर्ने बताउनुहुन्छ । म पनि उहाँको करियर राम्रो भएपछि विवाह गर्ने मुडमा छु । यस्तो अवस्थामा हामी सामान्य प्रेमी-प्रेमिकाजस्ता छैनौं । अरूले जस्तो गुलाफको फुल, ग्रिटिङ कार्ड, चकलेट गिफ्ट दिएर एकान्तमा बस्दै नानाथरी गफ तथा कार्य गरेर बस्न हामीलाई मन लाग्दैन । हामी 'म्याचोर्ड लभ' गरिरहेका छौं । भ्याएसम्म हरेक शनिबार काठमाडौंवरपरका मन्दिर पुग्छौं, अनि फुर्सद मिलाएर हिन्दी तथा नेपाली चलचित्र हेर्न जाने गरेका छौं ।

त्यही नै हो हाम्रो 'डेटिङ' । प्रेमलाई छाडा बनाउनु हुन्न भन्ने मान्यता राख्ने भएकीले विभिन्न पार्क वा एकान्त ठाउँमा बसेर छाडा कार्य गर्दै त्यसलाई 'डेटिङ'को नाम दिएको मलाई मन पर्दैन । भ्यालेन्टाइन्स डे मेरो बर्थ डे पनि हो । त्यसैले म र उहाँ अनि परिवारका सदस्यहरू रेस्टुराँ गएर गजल सुन्दै डिनर गर्ने प्रोग्राम बनाएका थियौं ।



## तीन प्रश्न



कान्तिपुर टेलिभिजनमा प्रत्येक दिन बिहान ९ देखि १० बजेसम्म दर्शकमाझ प्रस्तुत हुने प्रस्तोताको नाम हो सिम्पल खनाल। 'भविष्य दर्पण' शीर्षकको उक्त कार्यक्रममार्फत सिम्पल आफ्नो ग्रहदशाका बारेमा ज्योतिषिसँग जिज्ञासा राख्ने दर्शकहरूसँग टेलिफोनमार्फत प्रत्यक्ष कुराकानी गर्छिन्। विगत दुई वर्षदेखि यो कार्यक्रममा सक्रिय सिम्पल यसैमा मात्र सीमित छैनन्। विगतमा चलचित्र 'माझीदाइ' मा अभिनय गरेर ग्ल्यामर क्षेत्रमा प्रवेश गरेकी सिम्पलले एक दर्जनभन्दा बढी म्युजिक भिडियोमा अभिनय गरिसकेकी छिन्। त्यति नै टेलिश्रृंखलामा समेत अभिनय गरेर उनले सानो पर्दाका दर्शकमाझ छुट्टै पहिचान बनाइसकेकी छिन्। भविष्य दर्पणको कार्यक्रम प्रस्तोताका रूपमा प्रस्तुत हुन थालेपछि उनले टेलिभिजनबाट प्रसारण हुने विज्ञापनमा समेत काम पाउन थालेकी छिन्। उनी हेर्दा जति सुन्दर देखिन्छिन्, त्यति नै साधारण पनि छिन्। कान्तिपुर टिभीमा प्रवेश गर्नुअघि उनले नेपाल टेलिभिजनबाट प्रसारित मनोरञ्जनात्मक कार्यक्रम हिट मिक्स सञ्चालन गरेकी थिइन्। म्युजिक भिडियो तथा विज्ञापनको मोडलिङलाई फुर्सदको समयको सदुपयोग गरेको धारणा व्यक्त गर्ने सिम्पल चर्चित म्युजिक भिडियो निर्देशक प्रसन्न पौडेलकी जीवनसँगिनी हुन्। भर्खरै मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यको नयाँ श्रृंखला 'पाठशाला' मा समेत अभिनय गरिरहेकी सिम्पलसँग *साप्ताहिक*को तीन प्रश्न :

**भविष्य दर्पणले कत्तिको चिनाएको छ त ?**

दैनिक प्रसारण हुने भएकाले होला, नजिकबाट चिनिने अवसर पाएकी छु। दर्शकसँग प्रत्यक्ष कुराकानी हुने भएकाले पनि सबैसँग नजिकिने अवसर मिलेको छ।

**म्युजिक भिडियो र कार्यक्रम प्रस्तोतामध्ये कुन कामबाट सन्तुष्ट हुनुहुन्छ ?**

टेलिभिजनबाटै प्रसारण हुने भए पनि दुवै भिन्न प्रकृतिका कार्यक्रम हुन्। भविष्यदर्पण यथार्थमा आधारित कार्यक्रम हो भने म्युजिक भिडियो मनोरञ्जनको माध्यम।

**चलचित्रमा नायिका बन्ने चर्चा चल्दैछ, के सही हो ?**

शतप्रतिशत सही हो। आगामी वैशाखतिर छायांकन प्रारम्भ हुने चलचित्र 'मनले मनलाई छुन्छ' मा म मुख्य नायिकाका रूपमा अभिनय गर्दैछु।

## सानो पर्दा

### पालो छमछमीको

नेपाल टेलिभिजनबाट नृत्यमा आधारित नयाँ रियालिटी कार्यक्रम 'छमछमी' प्रसारण हुने भएको छ। नृत्य प्रतियोगिताका रूपमा तयार पारिने यो कार्यक्रमका लागि राजधानीबाहिरका प्रमुख सहरहरूमा अडिसन भैरहेको छ। कार्यक्रममा नेपाली भाषाका गीतमा मात्र नृत्य गर्नुपर्ने तथा प्रतियोगिको उमेर १६ वर्षभन्दा माथिको हुनु पर्ने नियम छ।

### कुरा टेलिएवार्डको

देशमा नेपाली टेलिभिजन च्यानलको संख्या बढ्न थालेपछि पहिलो पटक टेलिएवार्ड कार्यक्रम आयोजना गर्न लागिएको छ। टेलिभिजन कलाकर्मी मञ्च नेपालले आगामी वैशाखमा राजधानीमा एउटा भव्य समारोहको आयोजना गर्दै सानो पर्दाका उत्कृष्ट टेलिभिजनकर्मीलाई पुरस्कृत गर्न लागेको हो। नेपालबाट प्रसारण भैरहेका विभिन्न टेलिभिजन च्यानलबाट प्रसारण हुँदै आएका टेलिश्रृंखला, रियालिटी शो, समाचारमूलक कार्यक्रम तथा म्युजिक भिडियोलाई उत्कृष्टताका आधारमा एवार्ड प्रदान गरिनेछ। मिडिया हब टेली एवार्ड- २०६६ शीर्षक राखिएको यो एवार्डमा २०६० देखि ०६५ सालसम्म विभिन्न टेलिभिजन च्यानलबाट प्रसारित सामाजिक, चेतनामूलक तथा हास्यटेलिश्रृंखला, आधुनिक, पप तथा लोकदोहोरी सांगीतिक कार्यक्रमको क्षेत्रबाट ३८ विधामा एवार्ड प्रदान गरिनेछ। एवार्ड समारोहमा सामाजिक र चेतनामूलक तथा हास्यश्रृंखलातर्फगरी विभिन्न एवार्ड प्रदान गरिनेछ। दुवै खाले टेलिश्रृंखलाका छुट्टाछुट्टै रूपमा कथा, पटकथा, संवाद, टेलिश्रृंखला, अभिनेता, अभिनेत्री, निर्देशक, चरित्र अभिनेता, चरित्र अभिनेत्री, बालकलाकार, छायांकार, सम्पादक विधामा एवार्ड प्रदान गरिने आयोजकहरूले बताएका छन्। दुवै विधाका टेलिश्रृंखलाका श्रृंगारकर्ता र प्रकाश व्यवस्थापनतर्फसमेत एवार्ड प्रदान गरिनेछ। म्युजिक भिडियोतर्फ लोक तथा लोकदोहोरी र आधुनिक गीतका म्युजिक भिडियोका लागि निर्देशक, पुरुष तथा महिला मोडलको विधामा एवार्ड प्रदान गरिने मञ्चका अध्यक्ष कृष्ण ढुंगाना बताउँछन्। लाइफ टाइम एचिभमेन्ट एवार्डसमेत प्रदान गरिने उक्त कार्यक्रममा २०४१ देखि २०५० सम्म तथा २०५१ देखि २०६० सम्मका गरी दुई दशकभित्रका कालजयी टेलिश्रृंखलालाई समेत छुट्टाछुट्टै एवार्ड प्रदान गरिने तथा एसएमएस भोटिङका आधारमा लोकप्रिय अभिनेता, अभिनेत्री तथा टेलिश्रृंखलासमेत छानिनेछ।

### बिहे गरिन् मैयाँले





हास्यश्रृंखला मेरी बास्सैमा माग्ने बुढाकी श्रीमती मैयाँको भूमिका निर्वाह गरेर दर्शकमाझ लोकप्रिय भएकी कलाकार सुनिता गौतम वैवाहिक जीवनमा बाँधिएकी छिन्। विगत चार वर्षदेखि माग्ने बूढाकी श्रीमतीका रूपमा दर्शकलाई हँसाउँदै आएकी हेटौंडाकी सुनिताले आफ्नै क्षेत्रका निशान बजगाईंलाई जीवनसाथी बनाएकी हुन्। माघको अन्तिम साता उनीहरूले धार्मिक परम्पराअनुसार विवाह गरेका हुन्। सुनिता र निशान लामो समयदेखि प्रेमी-प्रेमिका थिए। वैवाहिक समारोहमा सहभागी हुनुअघि सुनिता मेरी बास्सैका दुई नयाँ श्रृंखलाको छायांकनमा सहभागी भएकी थिइन्। सुनिताको विवाहमा सहभागी हुन मेरी बास्सैको युनिट हेटौंडा पुगेको थियो। यसबीच हास्यश्रृंखला जीरेखुर्सानीका कलाकार तथा मुख्य सहायक निर्देशक निरज नेपाल पनि माघको अन्तिम सातादेखि वैवाहिक बन्धनमा बाँधिएछन्। जितु नेपालका भतिजा निरजले पनौतीकी युवतीसँग परम्परागत विवाह गरेका हुन्।

## विदेशबाट

### ऐश्वर्या पनि सानो पर्दामा



पूर्व विश्वसुन्दरी तथा नायिका ऐश्वर्या राय बच्चन पनि सानो पर्दामा कार्यक्रम सञ्चालिकाका रूपमा प्रस्तुत हुने भएकी छिन्। आफ्ना ससुरा अमिताभ बच्चन र श्रीमान् अभिषेक बच्चनपछि बुहारी ऐश्वर्याले पनि टेलिभिजनमार्फत दर्शकमाझ पुग्ने निर्णय गरेकी हुन्। चलचित्रमै व्यस्त रहेकाले ऐश्वर्याका लागि टेलिभिजनमा काम गर्ने समय निकाल्न गाह्रो परिरहेको थियो। यद्यपि परिवारका सदस्यहरूको आग्रहमा उनले एउटा च्याट शो सञ्चालन गर्ने निर्णय लिएकी छिन्। अमिताभलाई बिग बोस तथा अभिषेकलाई बिंगो नेसनल नाइटमार्फत दर्शकमाझ पुऱ्याएको कलर्स टेलिभिजनले नै ऐश्वर्याका लागि नयाँ कार्यक्रम निर्माण गरेको हो। कार्यक्रममा उनी कस्तो रूपमा प्रस्तुत हुनेछिन् भन्ने कुरा तय भैसकेको छैन।

## जम्का भेट

पहिलो सांगीतिक विदेशयात्राका क्रममा करिब तीन साताअघि हङकङ आएकी उदय र मनिलापुत्री श्रेया सोताङ भ्यालेन्टाइन डेपछि मात्र नेपाल फर्किन्। यलम्बर नाइटमा सहभागी हुन आएकी श्रेयाको हङकङ सहर घुम्ने रहर मेटिएको रहेनछ। १४ फेब्रुअरीका दिन आयोजित भ्यालेन्टाइन साँझमा समेत उनले गीत गाइन्। पहिलो एल्बममै पाएको उत्कृष्ट नवगायिका लगायत चार अवार्डले उनलाई यो क्षेत्रमा अघि बढ्ने उत्साह थपिएको छ नै, परदेशी दर्शकहरूका माया देखेर उनी अझ फुरुङ्ग छिन्। आधुनिक गायनको वातावरणमा हुर्के-बढेकी श्रेयालाई पप र रक गीतले बढी आकर्षण गर्छ। दुई साता कुरेर हङकङमै भ्यालेन्टाइन मनाउन लागेकी श्रेयाले कतै उतै भ्यालेन्टाइन भेटेकी त होइनन् ? श्रेयासँग हङकङस्थित साप्ताहिक प्रतिनिधि निर्मल श्रेष्ठको जम्काभेट :

**भ्यालेन्टाइन डे हङकङमै मनाउनुभएछ नि, किन ?**

पहिलो पटक हङकङ आएकी घुम्नुपर्ने ठाउँ धेरै बाँकी थिए। सोही दिन मेरो अर्को कार्यक्रमसमेत तय भएकाले भ्यालेन्टाइन डेसम्म बस्नुपरेको हो।

**कतै भ्यालेन्टाइन यतै भेटनुभएको त होइन ?**

(हाँस्दै...) होइन-होइन, त्यस्तो होइन। लभ एक्सप्रेस जसले जसलाई गर्दा पनि हुन्छ नि, प्रेमी-प्रेमिका नै हुनुपर्छ भन्ने के छ र ? भ्यालेन्टाइन डे मनाउन त साथीभाइहरू छदै छन नि।

**प्रेमीसँग भ्यालेन्टाइन डे मनाएको अनुभव पनि त होला नि ?**




छैन-छैन, अहिलेसम्म त्यस्तो अवसर जुरेको छैन। मेरा कोही त्यस्ता विशेष साथी छैनन्। भ्यालेन्टाइनका दिन साथीभाइहरू मिलेर सँगै घुम्न निस्कन्छौं। रेस्टुराँ जान्छौं, गिफ्ट सेयर गर्छौं, त्यही नै हो। ब्वायफ्रेन्डसँगै भ्यालेन्टाइन डे मनाउनुपर्छ भन्ने त छैन नि।

**अहिलेसम्म कसैले प्रेमप्रस्ताव राखेका छैनन् ?**

किन नराख्नु, राखेका छन्। प्रपोज नै भन्दा पनि मैले यसलाई आफूप्रति दर्साएको माया मानेको छु। कसैलाई प्रेमी नै बनाउने सिरियस सोच बनाएकी छैन्।

**आमाबुबाले प्रेमविवाह रोज्नुभयो, तपाईंको के सोच छ ?**

लभम्यारिज तर फेमिलीबाट स्वीकृत होस् भन्ने चाहन्छु (लामो हाँसो...)।

**आमाबुबाकै क्षेत्रमा आए पनि भिन्दै शैली रोज्नु भयो नि किन ?**

आफूलाई आनन्द आउने गीत गाउने हो। मलाई बढी पप शैलीकै गीतले आकर्षित गर्छ। मेरो पापाले समेत यसमा सहयोग गर्नुभएको छ। मेरो एल्बमको गीत 'पोल्छ मुटु...' पापाकै शब्द, संगीतमा तयार भएको हो। यसो भन्दैमा मलाई आधुनिक गीत मननपर्ने होइन। पछि गाउन पनि सक्छु। कतिपय सांगीतिक कार्यक्रममा मलाई उहाँहरूको गीत गाउन अनुरोध पनि गरिन्छ। मैले ती गीत गाएर उत्तिकै न्याय गर्न सक्दिन कि भन्नेलाग्छ।

**विदेशको पहिलो सांगीतिक कार्यक्रम कस्तो रह्यो ?**

एकदमै राम्रो लाग्यो। दर्शकले निकै माया देखाउनुभयो। हङकङका दर्शक निकै भलादमी हुन्छन् भन्ने सुनेकी थिएँ, दुरुस्तै पाएँ।

**हङकङ कस्तो लाग्यो ?**

निकै रमाइलो। नेपाली पत्रपत्रिका, खानेकुरा सबै पाइँदो रहेछ। मेरा नेपाल देखिका साथीभाइहरू भएकाले पनि अझ रमाइलो भयो। हङकङ आएपछि अरु देशका बाटा पनि खुल्छन् भन्ने सुनेकी छु। मलाई आयोजकहरूले छिट्टै बोलाइदिनुभो, निकै खुसी लागेको छ।

● चलचित्र ●



# कसलाई दिऊँ यो जोवन

एक प्रकारले यो चलचित्रमा तीन जना नायक छन्– एक जना निखिल उप्रेती र दुई जना दिलीप रायमाझी । नायक रायमाझीको दोहोरो भूमिकामा चलचित्रको कथा अल्झिएको छ । हास्यप्रधान यो चलचित्रमा दुई दिलीप रायमाझीका कारण निखिल उप्रेती, सुरज आरडी, झरना थापा, मेलिना मानन्धर, सौजन्य सुब्बा आदि कलाकारको चरित्र भ्रममा परेको देखाइएको छ । काठमाडौं, पोखरा तथा दुबईमा छायांकन गरिएको चलचित्र 'कसलाई दिऊँ यो जोवन'का निर्देशक सुरेशदर्पण पोखरेल हुन् ।

आज शुक्रबार मोफसलका आधा दर्जनभन्दा बढी स्थानबाट सार्वजनिक हुन लागेको यो चलचित्रमा दिलीप र निखिल ज्वाइू-जेठानको चरित्रमा छन् । दोहोरो भूमिकामा रहेका दिलीपले आफ्नी बहिनीलाई अर्कैसँग लागेर धोका दिएकोमा निखिल उनको जासुसी गर्न थाल्छन् । दिलीपकी पत्नी एवं निखिलकी बहिनीको भमिकामा रहेकी नायिका झरना पनि श्रीमान्को चियो गर्न थाल्छिन् । तथ्य बाहिर आएपछि दर्शक पनि छक्क पर्ने निर्देशक पोखरेल बताउँछन् । सस्पेन्स र एक्सनलाई मसलाका रूपमा प्रयोग गरिएको यो चलचित्रको 'तिमी जहाँ छौ, म त्यहीं छु..' गीत चर्चामा छ । वसन्त सापकोटाको संगीतमा प्रविशा अधिकारी तथा राजन इशानले गाएको यो गीतले चर्चा पाइरहेकै बेला चलचित्र सार्वजनिक गर्दा व्यावसायिक फाइदा पुग्ने कुरामा निर्माणपक्ष ढुक्क छ ।



# सेलिन

हलिउडकी लोकप्रिय गायिका सेलिन डियोनको सांगीतिक यात्रामा आधारित चलचित्र 'सेलिन' को सार्वजनिक प्रदर्शनी आज शुक्रबारदेखि हुँदैछ । करिब दुई घण्टा लामो यो चलचित्रलाई वृत्तचित्र तथा म्युजिकल परफरमेन्स विधामा राखिएको छ । सोनी पिक्चर्सले वितरण गर्न लागेको यो चलचित्रमा गायिका डियोन नै मुख्य भूमिकामा प्रस्तुत भएकी छिन् । स्टेफेन लापोर्टद्वारा निर्देशित यो चलचित्रमा गायिका डियोनको सांगीतिक यात्रालाई समेटिएको छ । चलचित्रमा उनले पाँच महादेशका २५ वटा देशमा प्रस्तुत गरेको लाइभ कन्सर्टलाई चित्रण गरिएको छ । चलचित्रमा उनका सबैभन्दा उत्कृष्ट कन्सर्टलाई समेटिएको छ । सांगीतिक टोलीसँग विश्व भ्रमण गर्ने क्रममा उनीसँग उनकी आमा, श्रीमान्, आठवर्षीय छोरा तथा परिवारका अन्य सदस्य पनि सँगै थिए । चलचित्रमा उनीहरूलाई पनि समेटिएको छ । चलचित्रले गायिका डियोनको पारिवारिक पृष्ठभूमि त समेटेकै छ, यसबाहेक सांगीतिक कार्यक्रम आयोजना गर्ने क्रममा झेल्नुपर्ने समस्या, स्टेजपछाडिका गतिविधिहरूलाई पनि चित्रण गरिएको छ । सांगीतिक चलचित्रका रूपमा तयार पारिएको यो चलचित्र गायिका डियोनका प्रशंसकहरूका लागि राम्रो कोशेली सावित हुने सम्भावना हुनसक्छ ।




# तो बात पक्की

आज शुक्रबार सार्वजनिक हुने बलिउड चलचित्र 'तो बात पक्की' मार्फत नायिका तब्बु लामो समयपछि दर्शकमाझ देखा पर्नेछिन् । कमेडी तथा रोमान्स श्रेणीमा राखिएको यो चलचित्रको निर्देशन केदार सिन्देले गरेका हुन् । चलचित्रमा तब्बुका अतिरिक्त शरमन जोशी, युविका चौधरी, वत्सल सेठ, शरद सक्सेना, अयुब खान, हिमानी शिवपुरी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । प्रिमतद्वारा संगीतबद्ध यो चलचित्रका गीत मिका सिंह, सोनु निगम, जावेद अली, सिल्पा राव आदिले गाएका छन् ।

चलचित्रमा तब्बुले राजेश्वरीको भूमिका निर्वाह गरेकी छिन् । मनमा आएको कुरा बोलिरहने भएकाले उनलाई मन पराउने तथा मन नपराउनेहरू उत्तिकै छन् । चलचित्रमा अयुब खानले राजेश्वरीको श्रीमान् सुरिन्दरको भूमिका निर्वाह गरेका छन् । राजेश्वरीकी बहिनी निशा (युविका) को विवाह गर्ने बेला भएको छ । राजेश्वरी सक्सेना थरका, राम्रा जागिरे तथा दाइजो विरोधी ज्वाइँको खोजीमा छिन् । इन्जिनियरिङका विद्यार्थी राहुल सक्सेना (शरमन जोशी) राजेश्वरीको घरमा डेरा बस्न आउँछन् । राजेश्वरीले राहुलमा आफ्नी बहिनीको श्रीमान् हुने सबै विशेषता फेला पार्छिन् । राजेश्वरीले बहिनीको विवाहको घोषणा गरिदिन्छिन् । विवाहको तयारी प्रारम्भ हुन्छ तर त्यही बेला उनको घरमा युवराज सक्सेना (वत्सल सेठ) आइपुग्छन् । राजेश्वरीले राम्रो कम्पनीमा जागिर खाइरहेका अविवाहित युवराज र राहुलबीच तुलना गर्छिन् । त्यसपछि चलचित्रमा रोचक हास्यपरिस्थिति सिर्जना हुनथाल्छ ।



सर्वाधिक बिक्री हुने
साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : सुरज श्रेष्ठ/ठिकठाक डटकम

# भ्यालेन्टाइन विशेष





मिलन र कोमल

## ● साताको स्वर ●



### श्वेता उप्रेती

**‘तिम्रो त्यो मायामा...’ कुन शैलीमा आधारित छ ?**

कल्पना अधिकारीको शब्द तथा हरिशरण सायमीको संगीतमा तयार भएको यो गीत पप शैलीमा आधारित छ ।

**गीतको कुन पक्ष आकर्षक मान्नुहुन्छ ?**

गायनमा प्रशस्त मेहनत गरेकी छु । शब्द तथा संगीत पनि उत्तिकै आकर्षक छ ।

**श्रोताबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**

कन्सर्टमा प्राय: यही गीतको माग भैरहेकोले सकारात्मक प्रतिक्रिया पाएकी छु भन्नुपर्छ ।

**पहिलो संग्रहको यही गीतले स्थापित हुनुभएको हो त ?**

भर्खरमा बजारमा आएको ‘डेस्टिनेसन’ एल्बमको यो गीत लोकप्रिय भएपछि सांगीतिक क्षेत्रमा स्थापित भएछु जस्तो लागिरहेको छ ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**

अर्जुन अधिकारीको निर्देशनमा तयार भएको यो गीतको भिडियोमा युवतीले युवकलाई एकतर्फी प्रेम गरेको कथा समावेश गरिएको छ ।

## ● म्युजिक अपडेट ●

### सम्झेर बुझेरको विमोचन

पुराना संगीतकार कर्म योञ्जनले छ दशक लामो सांगीतिक जीवनमा पहिलो पटक तयार पारेको गीतिसंग्रह ‘सम्झेर बुझेर’ को हालै राजधानीमा आयोजित एक सांगीतिक समारोहबीच विमोचन भएको छ । गीतकार रत्नशमशेर थापाले उक्त संग्रह विमोचन गरेका हुन् । विमोचन समारोहमा संग्रहका गीतमा स्वर प्रदान गर्ने दीपक लिम्बु, जुना प्रसाईं आदि गायक-गायिकाले गीत-संगीत पनि सुनाएका थिए । विमोचित संग्रहमा ११ वटा गीत समावेश छन् । संग्रहका गीतमा दीप श्रेष्ठ, विमला राई, कुन्ती मोक्तान, रामकृष्ण ढकाल, सत्यराज आचार्य, स्वरूपराज आचार्य, रिमा गुरुङ, कुमार सुब्बा, किरण प्रधान, जुना प्रसाईं आदि गायक-गायिकाले स्वर प्रदान गरेका छन् ।

### गीतकारको पुनरागमन

गीतकार भूषण खरेल पुन: सांगीतिक क्षेत्रमा फर्किएका छन् । स्व.अरुण थापाको ‘म रोए पनि तिमी हाँसिदिनु...’ गीतका गीतकार खरेलले यसपटक संगीतकार शक्ति बल्लभसँग सहकार्य गरेका छन् । कति बस्छौ ओढी लाजको घुम्टो, बिहानी पहिलो किरण सरि..आदि गीतका गीतकार खरेलले रचना गरेका आधुनिक गीतहरू ‘आकांक्षा’ शीर्षकको एल्बममार्फत श्रोतामाझ आउनेछ । संग्रहमा अञ्जु पन्त, थुप्देन भुटिया, जगदीश समाल, सुमित खड्का, माण्डवी त्रिपाठी, स्वरूपराज आचार्य आदिको स्वर सुन्न सकिनेछ ।

### पालो पर्यटन गीतको

नेपाल पर्यटन वर्ष २०११ लाई लक्षित गर्दै नेपाल पर्यटन बोर्डले एउटा पर्यटन गीत सार्वजनिक गरेको छ । गीतकार दुर्गालाल श्रेष्ठले रचना गरेको उक्त गीतमा न्हयू बज्राचार्यको संगीत सुन्न पाइन्छ । गीतमा आनी छोइङ डोल्मा, भानुभक्त ढकाल, सन्तोष लामा तथा अञ्जली राईले स्वर प्रदान गरेका छन् । ‘टुगेदर फर टुरिज्म’ नाराका साथ आगामी फागुन १४ गते नेपाल पर्यटन वर्ष २०११ को औपचारिक शुभारम्भ हुँदैछ । आगामी केही दिनमै उक्त गीतको म्युजिक भिडियो पनि सार्वजनिक हुनेछ ।

### यात्रामा संगीतकर्मी

गायक दीप श्रेष्ठको स्वरमा तयार पारिएको आधुनिक गीतहरूको संग्रह ‘यात्रा’ को प्रचार-प्रसारका लागि संग्रहका गीतकार तथा संगीतकार नेपालका विभिन्न स्थानको यात्रामा निस्किएका छन् । गीतकार योगेन्द्रमणि दाहाल तथा संगीतकार राजु सिंहले पूर्वी नेपालबाट यो यात्रा प्रारम्भ गरेका हुन् । संगीतकार सिंह भन्छन्– ‘हाम्रो यात्रा ‘सांगीतिक अन्तर्क्रिया तथा आधुनिक संगीतको विकासमा केन्द्रित छ ।’ एक महिना लामो यात्रा पश्चिम नेपालको धनगढी पुगेर टुंगिनेछ ।

### अमेरिकामा रोज

गायक रोज मोक्तान विदेश गैरहने गायक हुन् । एसियाका अधिकांश देशमा सांगीतिक प्रस्तुति दिइसकेका गायक मोक्तान यति बेला अमेरिकामा छन् । अमेरिकामा ल्होछार मनाउन भेला भएका आप्रवासी तामाङ समुदायलाई मनोरञ्जन प्रदान गर्न उनी त्यहाँ पुगेका हुन् । सांगीतिक कार्यक्रममा मोक्तानले हिउँ पऱ्यो फुरुरु मैच्याङ, कलकत्ते काइँयो, हेलम्बुको बजारमा, सोलुकी मैच्याङ के सारो राम्री आदि गीत गाएका थिए । कार्यक्रममा प्रेम लोप्चा, अमृत लामा, संजोग योञ्जन, गोमा योञ्जन आदि गायक-गायिकाले पनि गीत-संगीत प्रस्तुत गरे । कार्यक्रममा विभिन्न नृत्यांगनाले झाँक्री नृत्य, लामा नाच आदि परम्परागत नृत्य प्रस्तुत गरेका थिए ।

### एल्बममा ‘माघ १८’

विगतमा भएको तानसेन आक्रमणलाई समेटेर स्थानीय युवाहरूले तयार पारेको पप गीतिसंग्रह ‘माघ १८’ को केही समयअघि तानसेनमा विमोचन गरिएको छ । तानसेनकै पाँच संगीतकर्मीको समूहले उक्त संग्रह तयार पारेको हो । माओवादीले २०६२ सालको माघ १८ गते ऐतिहासिक दरबार ध्वस्त हुनेगरी तानसेन आक्रमण गरेको थियो, जसमा कतिले ज्यान गुमाए, कति अंगभंग भए । त्यही रातलाई सम्झनामा राख्दै यो संग्रह तयार पारिएको गायक लक्की प्रधानले बताए । यो संग्रह जिरोएक्स ब्यान्डले तयार पारेको हो । संग्रहमा नौवटा गीत समावेश छन् ।

### शेर्पा भिसिडी सार्वजनिक

शेर्पा लोकगीतका म्युजिक भिडियोहरू समाविष्ट भिसिडी संग्रह ‘सो ह्याला सो’ गत साता सार्वजनिक भएको छ । शेर्पा भाषा तथा संस्कृतिमा आधारित उक्त भिडिसीको राजधानीमा आयोजित एक समारोहमा रिम्पुछे गोसार टुल्कुले विमोचन गरेका हुन् । सिन्धुपाल्चोकमा प्रचलित शेर्पा समुदायको सिली भाकाका लोकगीत तथा नृत्यलाई भिसिडीमा समावेश गरिएको छ । नादिन परिवारको यो तेस्रो प्रस्तुतिमा आधा दर्जन म्युजिक भिडियो समावेश छन् । शेर्पा समुदायको भाषा तथा संस्कृतिका साथै हिमाली भेगको मनोरम प्राकृतिक सौन्दर्यलाई पनि म्युजिक भिडियोमार्फत प्रस्तुत गरिएको छ ।

### पश्चिमाञ्चल आइडलको कन्सर्ट

पश्चिमाञ्चल क्षेत्रकै पहिलो गायन प्रतिभाको खोजी अभियानका लागि स्थानीय कृष्णसार एफएमले आयोजना गरिरहेको कृष्णसार आइडलका १० जना फाइनलिस्ट नेपालगञ्जमा आयोजितसांगीतिक कार्यक्रममा सहभागी भएका छन् । १ सय ३४ प्रतिस्पर्धीबाट निर्णायक चरणसम्म आइपुगेका १० जना गायन प्रतिभा पहिलो पटक लाइभ कन्सर्टमा प्रस्तुत भएका हुन् । कन्सर्टमा दाङकी प्रतिस्पर्धी रेश्मा केसीले बदनाम भएँ म तिम्रै कारणले...गाउँदै कन्सर्ट प्रारम्भ गरेकी थिइन् । कन्सर्टमा बाँकेका प्रमोद डीजीले झस्केर दुख्छ, दुर्गासिंह परियारले तिमीले पराई ठानेपछि, पारु शाहीले न बिर्से तिमीलाई... आदि गीत प्रस्तुत गरेका थिए । उक्त अवसरमा कण्ठेश्वर न्यौपाने, तुलसी घर्ती, धर्मराज खनाल तथा कैलालीका उमेश मुस्कानले पनि एक-एकवटा लोकप्रिय गीत गाएका थिए ।

### सितारवादनको रमाइलो

गायक भीम तुलाधरकी छोरी शुभेक्षा तुलाधर पनि सांगीतिक क्षेत्रमा प्रवेश गरेकी छिन् । पप गायनबाट लोकप्रियता हासिल गरेका तुलाधरभन्दा ठीक विपरीत उनकी छोरी शुभेच्छाले भने सितारवादनलाई आफ्नो विधा बनाएकी छिन् । भिन्तुना गुठीले वसन्त ऋतुको आगमनलाई स्वागत गर्दै राजधानीको असनमा आयोजना गरेको भिन्तुना वसन्त उत्सव ११३० मा शुभेक्षाको सितारवादनले दर्शकहरूलाई लट्ठ बनाएको थियो । कार्यक्रममा अन्नपूर्ण ज्ञानमाला भजन भसनद्वारा वसन्त रागमा आधारित विज्याक मञ्जुश्री भजनबाट प्रारम्भ भएको सांगीतिक कार्यक्रममा गोविन्द ह्युमत, मारुती भण्डारी, भीम तुलाधर, रामकृष्ण दुवा:, रामकृष्ण खड्गी, हरिशरण सायमी, सुरेन्द्र श्रेष्ठ, रीता महर्जन, सुलीन्द्र शाक्य, भृगुराम श्रेष्ठ आदि संगीतकर्मीले गीत-संगीत प्रस्तुत गरेका थिए ।

### फर्किए कमल

हेटौंडाका पप गायक कमल क्षेत्रीले यसै साता आफ्ना दुई नयाँ गीतका म्युजिक भिडियो छायांकन गराएका छन् । चाँडै नै बजारमा आउने गीतिसंग्रहमा समावेश गरिने यी दुई गीतका म्युजिक भिडियोका निर्देशक देवेश भोजु तथा राजेश लामा हुन् । कहाँ पाइन्छ...तथा दार्जीलिङको रेल...गीतका म्युजिक भिडियो दुई सातापछि नै प्रदर्शन गरिने गायक क्षेत्रीले बताएका छन् । दुवै भिडियोमा गायक क्षेत्रीले नै अभिनय गरेका छन् ।

### काभ्रेमा गीत-संगीत

पनौतीमा सम्पन्न काभ्रे महोत्सवमा सांगीतिक कार्यक्रम प्रस्तुत गरिएको छ । सांगीतिक कार्यक्रममा बनेपाकै सांगीतिक समूह ग्लुमी गाइज, रामहरि न्यौपाने, डिजराज पौडेल आदि गायकले गीत-संगीत सुनाएका थिए ।

### भिडियोमा सपनाश्री

अमेरिकामा बसोबास गरिरहेकी गायिका सपनाश्रीको नयाँ गीतको म्युजिक भिडियो तयार भएको छ । गायक विष्णु सुवेदीसँग सपनाश्रीले गाएको युगल गीत ‘तिमीले बिर्सिदियौ मलाई...’ को भिडियो तयार भएको हो । ‘याद’ संग्रहमा समाविष्ट उक्त गीतको म्युजिक भिडियोको प्रदर्शन पनि प्रारम्भ भएको छ ।

### पोखरामा सांस्कृतिक कार्यक्रम

तमु सांस्कृतिक प्रतिष्ठान पोखराको आयोजनामा गत शनिबार पोखरामा एउटा सांगीतिक कार्यक्रम आयोजना गरियो । कार्यक्रममा लोकदोहोरी गायक मिलन लामाले आफ्ना दुई लोकप्रिय गीत गाएर दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए । कार्यक्रममा राजधानीबाट पोखरा पुगेका गायक लामाका अतिरिक्त गायिका मौसमी गुरुङ, अञ्जना गुरुङ, गायक कन्हैया सिंहले गीत गाएका थिए । गण्डकी तारा मनोज गुरुङ तथा नरजंग गुरुङले समेत गीत-संगीत प्रस्तुत गरेको उक्त कार्यक्रममा हिमाली सांस्कृतिक परिवारका कलाकारले नृत्य प्रदर्शन गरेका थिए ।

## ● अफबिट ●



**क्या मज्जा :** गायक सतिश महर्जनको ‘भैगो भुलिदिन्छु...’ गीतको म्युजिक भिडियोमा अभिनय गर्दै मोडल स्नेहा सिवाकोटी तथा गायक सतिश महर्जन । विशाल भण्डारीले भिडियोको निर्देशन गरेका हुन् ।

## ● विदेशबाट ●



### गायिकाद्वयको चुम्बन नै सर्वोत्कृष्ट

दुई चर्चित गायिकाले झन्डै सात वर्षअघि एउटा कन्सर्टका क्रममा गरेको चुम्बनलाई २१ औं शताब्दीकै सर्वोत्कृष्ट चुम्बन मानिएको छ । गायिकाद्वय म्याडोना तथा ब्रिट्नी स्पेयर्सले सन् २००३ मा आयोजित एउटा कन्सर्टमा गरेको चुम्बनलाई एउटा सर्वेक्षणले सर्वोत्कृष्ट घोषित गरेको हो । पप क्विन तथा पप राजकुमारीको उपाधि पाएका यी दुई गायिकाले एमटिभी म्युजिक एवार्ड वितरण समारोहमा ओठ जोडेरै चुम्बन गरेका थिए । बेलायतमा गरिएको एउटा सर्वेक्षणमा उक्त चुम्बनले सर्वाधिक मत पाएको छ । यी दुई गायिका एउटा म्युजिक भिडियोमा पनि सँगै देखिएका छन् । सन् २००२ को चलचित्र स्पाइडर म्यानमा टोबी म्यागुरी तथा क्रिष्टन डन्स्टबीचको चुम्बन दोस्रो तथा सन् २००५ को चलचित्र ‘ब्रोकम्याक माउन्टेन’ मा हिथ लेजर तथा ज्याक ग्यालेहिलबीचको चुम्बन तेस्रो स्थानमा छ ।

## ● ब्याण्ड ●

### सुर ब्यान्ड-२



सुर ब्यान्ड नेपाली श्रोतामाझ नौलो नाम होइन । लाइभ कन्सर्टका लागि होस् वा प्रतियोगितात्मक टेलिभिजन कार्यक्रमका लागि नै, सुर ब्यान्डको उपस्थिति जताततै देख्न पाइन्छ । तिम्रो सुर मेरो गीत, नेपाली तारा, वागिनाजस्ता प्रतियोगितात्मक कार्यक्रमलाई सांगीतिक धुन पस्केका यो ब्यान्डलाई अहिले ६ सदस्यले हाँकिरहेका छन् ।

सुर ब्यान्ड-२ मा हाल प्रदीप श्रेष्ठ (किबोर्ड), बलराम समाल (बाँसुरी), रूपेश सिंह (अक्टोप्याड), माधव शर्मा ( ढोलक), सुरज प्रधान (लिड गितार), सुरज क्षेत्री (बेस गितार) छन् । ‘पुरानो सुर ब्यान्डलाई पुनर्गठित गरेका हौं’, प्रदीप भन्छन्- ‘तर पुरानोकै सुरलाई भने छाडेका छैनौं ।’ कुनै पनि स्थापित गायक-गायिकाको साथमा लाइभ कन्सर्ट गर्नुपरे सुर ब्यान्ड-२ निर्विकल्प रोजाइ बन्ने गरेको छ । सुर ब्यान्ड-२ ले नेपालका थुप्रै जिल्ला र भुटानमा समेत आफ्ना प्रस्तुति दिइसकेको छ ।

अनफर्गेटेबल मेलोडिज

# एउटा ऐतिहासिक सांगीतिक कार्यक्रम

● **कृष्ण भट्टराई**

काठमाडौं– पुराना गायक फत्तेमान राजभण्डारी तथा गायिका अञ्जु पन्तको उमेरमा कत्तिको अन्तर होला ? १९९३ सालको मंसिर १३ गते जन्मिएका गायक फत्तेमानभन्दा गायिका पन्त झन्डै ४८ वर्ष कान्छी होलिन् । झन्डै पाँच दशकको उमेर अन्तर भए पनि यी दुईबीच एउटा समानता छ । दुवै सुगम संगीतका स्थापित नाम हुन् । फरक यत्ति छ, फत्तेमान नेपाली संगीतका कालजयी इतिहास् हुने भने अञ्जु पन्त नयाँ पुस्ताकी प्रतिनिधि गायिका ।



फत्तेमान र अञ्जुको जीवनमा पहिलो पटक एउटा रमाइलो संयोग जुरेको छ । साधना कलाकेन्द्रले नेपाली सांगीतिक इतिहासमै पहिलो पटक सुगम संगीतका १६ जना अत्यन्त लोकप्रिय गायक-गायिकालाई एउटै मञ्चमा प्रस्तुत गर्ने जमर्को गरेको छ । यादव खरेलको शब्द तथा नातिकाजीको संगीतमा तयार भएको 'यस्तो पनि हुँदो रै'छ' गीत गाउँदै फत्तेमानले सांगीतिक साँझको थालनी गर्नेछन् भने विपिन किरणको शब्द तथा महेश खड्काको संगीतमा तयार भएको 'नबिर्से तिमीलाई...' गाउँदै अञ्जु पन्तले सांगीतिक कार्यक्रमको बिट मार्नेछिन् ।

भोलि शनिबार साँझ साढे चार बजेपछि सुगम संगीतका मूर्धन्य स्रष्टाहरू सोल्टी क्राउन प्लाजाको मेगा मलहार हलमा भेला भैसकेका हुनेछन् । अवसर हुनेछ, 'अनफर्गेटेबल मेलोडिज : एन एक्स्क्ल्युसिभ इभिनिङ' । कान्तिपुर टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्ने यो कार्यक्रम सफल पार्न कार्यक्रमका निर्देशक मिलन मोक्तान विगत दुई महिनादेखि गायक-गायिकाहरूबीच सांगीतिक तालमेल जुटाउन व्यस्त छन् । साधना कलाकेन्द्रको ठूलो हलमा सांगीतिक कार्यक्रममा प्रस्तुत हुने गायक-गायिका लामो समयदेखि अभ्यासमा व्यस्त छन् । आठ जना भ्वाइलिन बाधक तथा त्यति नै अन्य बाद्यवादकसहित सांगीतिक कार्यक्रम प्रारम्भ हुनेछ । संगीतकार प्रकाश गुरुङको संगीत-संयोजनमा लोकप्रिय गायक-गायिकाले करिब साढे दुई घण्टासम्म आफ्ना एक-एकवटा लोकप्रिय गीत प्रस्तुत गर्नेछन् ।

आवाजको संसारका साथीको उपनाम पाएका दिनेश डीसीले सञ्चालन गर्ने यो कार्यक्रममा गायक प्रेमध्वज प्रधान 'घुम्तीमा नआऊ है...' गीतमार्फत प्रस्तुत हुँदैछन् । रत्नशमसेर थापाको शब्द तथा प्रेमध्वजकै संगीतमा तयार पारिएको यो गीत प्रेमध्वजका अत्यन्त मन पराइएका गीतहरूमध्येको एक हो । तेस्रो प्रस्तुतिस्वरूप गायक रुबी जोशी प्रस्तुत हुनेछन् । गायक जोशीले पुण्यप्रसाद सुवेदीको शब्द तथा पुष्प नेपालीको संगीतमा तयार भएको 'शीतलुमाथि नि...' गीत प्रस्तुत गर्ने जिम्मा पाएका छन् । कार्यक्रमको चौथो चरणमा पुराना गायक योगेश वैद्य प्रस्तुत हुनेछन् । उनले नातिकाजीको संगीत तथा शिव अधिकारीको शब्द 'सपना भुलाई सारा...' प्रस्तुत गर्नेछन् ।

कार्यक्रमको पाँचौं प्रस्तुतिमार्फत गायक दीप श्रेष्ठ दर्शकमाझ आउनेछन् । उनले आफ्नै शब्द तथा संगीतमा तयार भएको सदावहार गीत 'बितेका कुराले...' प्रस्तुत गरेर दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्नेछन् । स्टेजबाट दीप श्रेष्ठ बिदा भएपछि गायिका तारा थापाले दर्शकलाई स्वागत गर्नेछिन् । उनले नगेन्द्र थापाको शब्द तथा गोपाल योञ्जनको संगीतमा तयार भएको 'हो माझी दाइ...' गाउनेछिन् । लगत्तै गायक रबिन शर्मा आफ्नो लोकप्रिय गीत 'कुन मन्दिरमा जान्छौ यात्री...' लिएर आउनेछन् । लक्ष्मीप्रसाद देवकोटाको शब्द तथा रञ्जित गजमेरको संगीतमा तयार पारिएको यो गीतलाई धेरैले प्रयोगात्मक गीतको संज्ञा दिएका छन् ।

कार्यक्रममा आठौं प्रस्तुतिमार्फत गायिका लोचन भट्टराई दर्शकमाझ आउनेछिन् । आफ्नै शब्दमा तयार भएको 'टाढा-टाढा नभईदेऊ तिमी...' गीतका कारण लोकप्रिय भएकी गायिका भट्टराईले कार्यक्रममा यही गीत सुनाउनेछिन् । यो गीतका संगीतकार भूपेन्द्र रायमाझी हुन् । बालबालिकादेखि वृद्धसम्मको मन जित्ने गायिका कुन्ति मोक्तान आफ्नो केही समयअघिको लोकप्रिय गीतमार्फत प्रस्तुत हुँदैछिन् । उनले कार्यक्रममा आफ्नै श्रीमान् शिलाबहादुर मोक्तानको शब्द तथा संगीतमा तयार भएको 'कहिलेकाहीं मलाई पनि हेरिदेऊ है फर्किएर...' गीत गाएर दर्शकलाई मनोरञ्जन प्रदान गर्नेछिन् । कान्तिपुर टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्ने सांगीतिक साँझको दसौं प्रस्तुति गायिका देविका बन्दनाको हुनेछ । देविकाले शम्भुजित बाँस्कोटाको संगीत तथा यादव खरेलको शब्दमा तयार भएको 'यस्तै रहेछ यहाँ चलन...' गाउनेछिन् ।

देविकाको प्रस्तुतिपछि वर्तमान पुस्ताका गायक-गायिकाको पालो आउनेछ । राजेशपायल राईमार्फत पछिल्लो पुस्ताको सांगीतिक प्रस्तुत प्रारम्भ हुनेछ । राजेशपायलले मुरलीधरको शब्द तथा संगीतमा तयार भएको 'निष्ठुरीलाई माया गरी' गाएर उपस्थित दर्शकलाई मनोरञ्जन प्रदान गर्नेछन् । राजेशपायलपछि रामकृष्ण ढकाल स्टेजमा आउनेछन् । उनले न्ह्यू बज्राचार्यको संगीत तथा आनन्द अधिकारीको शब्दमा तयार भएको 'ओराली लागेको हरिणको चाल भो' गाउनेछन् । रामकृष्णपछि उनकै समकालीन यम बराल प्रस्तुत हुनेछन् । यमले बुद्धवीर लामाको शब्द तथा दिनेश सुब्बाको संगीतमा तयार भएको 'बादलुको घुम्टोले...' गाएर दर्शकहरूलाई इलाम पुऱ्याउनेछन् । त्यसपछि गायिका रिमा गुरुङ होडाको पालो आउनेछ । उनले सचिन सिंहको संगीत तथा वसन्त बित्यासी थापाको शब्दमा तयार भएको 'कसको आँखा लाग्यो बरै...' गाउनेछिन् । युवापुस्ताका चर्चित गायक जगदीश समालले पनि कार्यक्रममा एउटा गीत प्रस्तुत गर्नेछन् । उनले एकनारायण भण्डारीको शब्द तथा सुरेश अधिकारीको संगीतमा तयार भएको 'आओ यादहरू...' गाएर सांगीतिक साँझलाई गजलमय बनाउनेछन् । कार्यक्रमको अन्तिम गीतमा गायिका अञ्जु पन्त प्रस्तुत हुनेछिन् । उनले पछिल्लो समयको लोकप्रिय गीत 'नबिर्से तिमीलाई...' गाउँदै सांगीतिक साँझलाई टुंग्याउनेछिन् । यो कार्यक्रम साँझ सात बजेसम्म जारी रहनेछ ।



**कार्यक्रममा सहभागी हुने गायक–गायिकाहरू :**

**फत्तेमान राजभण्डारी**

पशुपतिनाथ मन्दिरनजिकैको पाःचाटोलमा जन्मिएका फत्तेमान नेपाली सुगम संगीतका पुराना गायक हुन् । पशुपति मन्दिर आसपास भजन गायन तथा सत्संगबाट सांगीतिक यात्रा प्रारम्भ गरेका फत्तेमानले २०१८ सालदेखि रेडियो नेपालमा गाउन थालेका हुन् । रेडियो नेपालमा भजन, आधुनिक, स्वदेश गान, लोकगीत तथा केही चलचित्रमा गरी उनले हालसम्म १ सय ५० भन्दा बढी गीतहरू आफ्नो स्वरमा रेकर्ड गराएका छन् । यसबाहेक उनले तीन दर्जनभन्दा बढी गीतमा संगीत प्रदान गरेका छन् ।

**प्रेमध्वज प्रधान**

सन् १९३८ मा जन्मिएका गायक प्रेमध्वज प्रधानले भारतको मुम्बईमा संगीतकार जयदेवसंग सुगम संगीतको अध्ययन गरेका थिए । २००९ सालदेखि रेडियो नेपालमा गीत गाउँदै आएका प्रेमध्वजले हालसम्म आधुनिक, राष्ट्रिय, लोकगीत, भजन तथा चलचित्र गरी हालसम्म ७ सयभन्दा बढी गीत रेकर्ड गराइसकेका छन् । उनका २० वटा डिस्क रेकर्ड तथा छवटा गीति संग्रह श्रोतामाझ आइसकेको छ ।

**रुबी जोशी**

नेपाली आधुनिक गीत-संगीतको विकासमा योगदान पुऱ्याउने निकै कम संगीतकर्मीहरूमध्ये रुबी जोशी पनि एक हुन् । रानी तलाउ किनारा...गीत लोकप्रिय भएपछि श्रोताहरूसँग नजिकिएका यी गायकको 'रुबी जोशीका छानिएका गीतहरू' शीर्षकको गीतिसंग्रह लोकप्रिय भएको थियो । त्यसो त सांगीतिक क्षेत्रमा उनी सौखिन गायकका रूपमा पनि स्थापित छन् ।

**योगेश वैद्य**

सन् १९४६ मा जन्मिएका गायक योगेश वैद्य विगत चार दशकदेखि सांगीतिक क्षेत्रमा सक्रिय छन् । सानैदेखि गायनमा रुचि भएका वैद्यले पण्डित नरराज ढकालसँग शास्त्रिय ज्ञान हासिल गरेपछि सक्रिय गायन यात्रा प्रारम्भ भएको हो । उनले हालसम्म करिब ३ सयवटा गीत रेकर्ड गराएका छन्, जसमध्ये ८० प्रतिशतमा नातिकाजीको संगीत छ । उनले गाएका गीतहरूमध्ये सपना भुलाई सारा, आँखैमा रात गली, मेरो आँसुमा नहाँसे, यहाँ एक मन छ आदि लोकप्रिय छन् ।

**दीप श्रेष्ठ**

सन् १९५१ मा धरानमा जन्मिएका गायक दीप श्रेष्ठले १६ वर्षको उमेरमै सांगीतिक यात्रा प्रारम्भ गरेका हुन् । ४ सयभन्दा बढी गीत रेकर्ड गराइसकेका यी गायक सुगम संगीतका स्थापित संगीतकर्मी हुन् । गायनका साथै संगीतकारका रूपमा समेत उत्तिकै सफल दीपका बेस्ट अफ नारायणगोपाल एन्ड दीप श्रेष्ठ, आभास भाग एक र दुई, बेस्ट अफ दीप श्रेष्ठ, भजनामृत, दृष्टि, श्रृंखला, आवृत्ति, अन्तरा तथा यात्राजस्ता गीतिसंग्रह श्रोतामाझ आइसकेका छन् ।

**तारा थापा**

कपिलवस्तु जिल्लामा



जन्मिएकी गायिका तारा थापा विगत चार दशकदेखि नेपाली सांगीतिक

बाँकी पृष्ठ २५ मा जारी



# सचित्र



**धमाधम कटाइ :**
हेयर स्टाइलिस्ट नील डेभिड ग्राहकको केश काट्दै ।



**आफ्नै जोडी जस्तो :**
नायिका रेजिना उप्रेतीसाग नाच्दै निर्देशक सोभित बस्नेत ।



**न्याक्नै लागेको ? ए, होइन रहेछ :**
अभिनेत्री गौरी मल्ल र निर्देशक आकाश अधिकारी गफिँदै ।



**आहा, कति राम्रो :**
गायक निमा रुम्बा चित्रकला प्रदर्शनीमा ।



**वाह, चिकेन ड्रमस्टिक :**
हास्यकलाकारद्वय सीताराम कट्टेल र केदार घिमिरे भोजमा ।



**नेपाली बाबु, मेड इन नेपाल :**
गायक राजु लामा सांगीतिक कार्यक्रममा ।

## विराटनगरमा भ्यालेन्टाइन धमाका



स्थानीय गायकहरूको सुरिलो स्वरले भ्यालेन्टाइन डेको साँझमा विराटनगर र भारतीय सीमा जोगबनीका दर्शक तातायो । हालै बजारमा आउन लागेको सार्थकता एल्बमको गीत 'सालैज्यू हातमा पो' भाका गाउँदै गायक ज्योति सुब्बाले कार्यक्रमको आरम्भ गरे । एल्बमको उनको दोस्रो गीत 'आमा तिम्रो माया' गीत गाउँदा दर्शकहरू स्वरमा स्वर मिलाई नाचेका थिए । उनले भर्खर सुटिङ सकिएको म्युजिक भिडियो गीत मेरो पहिलो प्रेम पनि गाएका थिए । कार्यक्रममा स्थानीय स्मृति ब्यान्डले पनि सांगीतिक प्रस्तुति देखाएको थियो । विराट रकर्सद्वारा आयोजित सो कार्यक्रममा साइमन्स डान्स कम्पनीले देखाएको युगल तथा एकल नृत्यले दर्शकहरूको प्रशंसा पाएको थियो । भ्यालेन्टाइन डेको अवसरमा आयोजित जुनियर नृत्य प्रतियोगितामा निशान्त बोथरा प्रथम भएका थिए भने युवातर्फ पप डान्स प्रस्तुत गर्ने प्रवीणकुमार सिंह प्रथम तथा युवतीतर्फ मारवाडी लोकनृत्य प्रस्तुत गर्ने साल्वी तोदी प्रथम भएकी थिइन् ।

–सञ्जीव खनाल

## पोखरामा फस्ट विग आइकन

कास्की- विभिन्न नाममा गायन प्रतियोगिता हुने क्रम बढेको छ । नयाँ प्रतिभाको खोजी एवं मञ्च प्रदान गर्ने यस्ता प्रतियोगिताहरूमा युवापुस्ताको आकर्षण बढिरहेको छ । यसै क्रममा पोखराको बिग एफएमले पहिलो पटक सर्वाधिक राशिको फस्ट विग आइकन-२०१० गायन प्रतियोगिताको तयारी थालेको छ । एफएमहरूको इतिहासमा यो सबैभन्दा बढी राशिको गायन प्रतियोगिता हो ।

एफएमले आफनो वार्षिकोत्सवको सन्दर्भ पारेर प्रतियोगिता गरिएको स्टेसन म्यानेजर अमित रिजालले बताए । प्रतियोगितामा आइकन बन्नेलाई २ लाख बराबरको उपहार, म्युजिक एल्बम, सम्मान एवं मञ्च प्रदान गरिनेछ । निर्णायकहरूले १५ श्रृंखलासम्म निरन्तर गर्ने मूल्यांकन, श्रोताहरूले १० श्रृंखलासम्म गर्ने एसएमएस भोटिङ र निर्णायकको मतका आधारमा विजेता छनौट गरिनेछ ।

यस्तै खाना पकाउने कामलाई मज्जाका रूपमा लिन र हेर्ने दृष्टिकोणमा परिवर्तन गर्न विग रेसीपी कन्टेस्ट-कुक एन्ड विन प्रतियोगितासमेत सञ्चालन गरिएको छ । गृहणी महिला, खाना पकाउने रुचि भएका पुरुष तथा व्यावसायिक पाक्कलामा लागेकाहरूलाई लक्षित गरी प्रतियोगिताको योजना बनाइएको रिजालले जानकारी दिए । प्रतियोगिताका क्रममा प्रतियोगीहरूले चिप्लेढुङ्गास्थित क्याफे डी गार्डेनमा अन द स्पट परिकार बनाउनुपर्नेछ । पाक्कला प्रतियोगितामा चार दर्जन पुरुष तथा महिला सहभागी छन् ।

## कोरियामा रेखा र कोमलको धमाका




**साप्ताहिक समाचार**

रेखा थापा युवती तथा कोमल वली युवकको भेषमा मञ्चमा नाच्न थाले । पृष्ठभूमिमा 'मैले त्यही भएर मन परा'को गीत' बज्दै थियो । दर्शक उक्त प्रस्तुति देखेर मख्ख परिरहेका थिए । दक्षिण कोरियाको सियोलमा भ्यालेन्टाइन डेको अवसर पारेर आयोजित सांगीतिक समारोहमा नायिका तथा गायिकाको प्रस्तुति बेजोड सावित भयो । हजारौं दर्शक उपस्थित उक्त समारोहमा दर्शक झुक्याउने गरी नायिका र गायिकाले रोमान्टिक डान्स प्रस्तुत गरे ।

पर्वत समाजले आयोजना गरेको गुप्तेश्वर सांगीतिक साँझका लागि उनीहरूबाहेक हास्यकलाकार कमल गाउँले, गायक सुगम पोखरेल, गायिका सिन्धु मल्ल तथा कलाकार मौसम पुनः सियोल पुगेका थिए । कार्यक्रममा नायिका रेखा थापाले दर्शकको मन जित्ने नृत्य प्रस्तुत गरेकी थिइन् । यस्तै रेखाले भजन प्रस्तुत गर्दै शान्तिको कामना पनि गरेकी थिइन् । गायक सुगम पोखरेलले आफ्ना चर्चित मेलोडियस गीत प्रस्तुत गरेर पर्याप्त सांगीतिक मनोरञ्जन दिएका थिए ।

कार्यक्रमको उद्घोषणसँगै हास्यकलाकार कमल गाउँले र गायिका कोमल वलीले समसामयिक व्यंग्य पनि प्रस्तुत गरे । राजनैतिक परिदृश्यमा रहेर गाउँलेले एकल हास्यकार्यक्रम पनि पस्केका थिए । गायिका सिन्धु मल्लले पनि आफ्ना लोकप्रिय गीत गाएकी थिइन् । कार्यक्रममा मौसम पुनले नृत्य प्रस्तुत गरेका थिए ।

## भ्यालेन्टाइन डेमा प्रकृतिलाई माया



सेभ द प्लानेट मिसन-२०२० नेपालको आयोजनामा वसन्तपुर दरबार स्क्वायरमा 'प्रकृतिलाई माया गरौं' भन्ने मूल नाराका साथ एउटा कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा मन्त्री ठाकुरप्रसाद शर्मा डब्लुडब्लुएफका तर्फबाट मुन श्रेष्ठ, रिपोर्टर्स क्लबका ऋषि धमला, पूर्व मिसनेपाल सुगरिका केसी तथा अन्तरजिल्ला युवा मञ्च नेपालका अध्यक्ष खगेश रञ्जितकारले प्रकृतिलाई माया गरौं भन्दै आ-आफ्नो मन्तव्य प्रस्तुत गरे ।

प्रेम दिवसको अवसर पारेर युवाहरूमा प्रेमको आर्कषणलाई समाज, राष्ट्र र वातावरणतर्फ पनि उन्मुख गराउने उद्देश्यका साथ आयोजित यो कार्यक्रमको तेस्रो वर्ष संस्करण सम्पन्न भएको छ । अघिल्ला वर्षका कार्यक्रम पाँचथर र झापामा सम्पन्न भएका थिए । युवाहरूमा लक्षित उक्त कार्यक्रममा यो वर्षका सौन्दर्य प्रतियोगिताका सहभागी एवं विजेताहरूका साथ मिस नेपाल, मिस टिन नेपाल, मिस तामाङ, द कलेज एम्बेसडर, लिटिल मिस काठमाडौं आदिले आ-आफ्नो धारणा व्यक्त गरेका थिए ।

# हङकङमा गायन, नृत्य र हास्य

हङकङ- आठ वर्षपछि हङकङ आएको चर्चित सांगीतिक समूह नेपथ्यको क्रेज हेर्नेलायक रह्‌यो । नयाँ पुराना ११ वटा गीत गाएको समूहले प्रत्येक गीतमा वन्समोरको हुटिङसँगै उत्तिकै ताली र सिठी पाए । मंगलबार साँझ युन लङ थिएटरमा आयोजित लालीगुराँस साँझमा नेपथ्यसँगै गायक विजय लामा, एज ब्यान्डका जीवन गुरुङ, चर्चित हास्यकलाकारहरू जितु नेपाल, शिवहरि पौडेल र किरण केसीलगायत स्थानीय नृत्याङ्गना पनि थिए । कार्यक्रमका टिकट सात दिनअघि नै सकिए पनि कार्यक्रम हेर्न पाउने आशमा सयौं दर्शक हल परिसरमा एकत्रित थिए ।



दर्शकले खचाखच भरिएको हलमा कार्यक्रमको सुरुवात गायक विजय लामाले मौसमी मल्लसँगको रिमिक्स गीतबाट गरे । त्यसपछि उनले निमा रुम्बाको संगीतमा रहेको 'ये कान्छी तिमीलाई...' गाए । उनको परिचय बोकेको चर्चित गीत 'नखानु पानी तुम्बाको...' गाएपछि भने उनी बिदा भए । शिवहरि र किरणको हास्यजोडीले प्रस्तुत गरेको 'इमरजेन्सी वार्ड' मा प्रस्तुत भएका संवादले पटक-पटक हलमा हाँसोको फोहरा छुट्‌यो । हलमा उपस्थित कतिपय टिनएजर भने एज ब्यान्डका जीवन गुरुङको पर्खाइमा थिए । जीवनले 'मैले त बुझ्‌न सकिनू ...', 'थाहा छैन कसरी बाँचू...' आदि गीत गाए ।

लालीगुराँस साँझमा ठूलो जमात नेपथ्यलाई सुन्न आतुर थियो, तर एकाएक पर्दा बन्द गरिए । उद्‌घोषक जितु नेपाल पर्दा अघि आए । ब्यान्ड प्रस्तुतिको तयारीमा रहेछ, त्यतिन्जेल जितुले युवायुवती, सारी-चोलो, मोबाइल, फ्रिज, पाइन्ट-कट्‌टु आदिका किस्सा सुनाएर धीत मर्ने गरी हँसाए । पर्दा के उघारिएको थियो, दर्शकको ताली, सिट्‌ठी र हुटिङले हलै थर्कियो । समूहका वाद्यवादकहरूले धुन थालिसकेका थिए । गायक अमृत गुरुङले सुरु गरिहाले, 'आकाशबाट के उडी आयो...' दर्शकहरू पनि उनीसँगै नाच्न थाले । त्यसपछि उनले गाए- 'छेक्यो छेक्यो देउराली डाँडा...' । अनि बल्ल उनी बोले– 'नमस्कार हङकङ, धेरै अघि तपाईंहरूसामु गाउने रहर थियो, आठ वर्षपछि बल्ल जुर्‍यो ।' त्यसपछि फेरि उनी गीत सुनाउनतिरै लागे । यसपटक उनले उही पुरानो चर्चित गीत 'चरी मर्‍यो सिसैको गोलीले... ' गाए । दर्शकहरू तातिसकेको चाल पाएपछि अब भने उनी अलि नाच्ने नचाउने मुडमा देखिए । 'नाच्न मन लागेको छ ? उनले दर्शकलाई सोधे अनि सुरु भए । 'जोमसोमे बजारमा बाह्र बजे हावा सरर...' दर्शकहरूले पनि उनले चाहेझैं गरी साथ दिए । उनले 'यो जिन्दगानी...', हिमाल चुचुरे...', 'तालको पानी माछीले खानी...', 'रातो र चन्द्र सूर्य...' आदि गीत गाए । यतिन्जेल निकै ढिला भैसकेको थियो ।



आयोजकहरू चाँडो सक्न इसारा गर्दै थिए, तर दर्शकहरूले लगातार 'रेशम-रेशम...' भनेर हुटिङ गरेपछि उनी गाउन बाध्य भए । 'सानोमा सानो कमलको हाँगा...' दर्शकहरूसमेत गायक अमृतसँगै धीत मर्ने गरी नाचे । जाँदाजाँदै अमृतले दर्शकहरूलाई अनुरोध गरे, 'जहाँ रहे पनि आफ्नो राष्ट्र र भाषालाई माया गर्नुहोला ।'

**निर्मल श्रेष्ठ**



# निमा फेरि सगरमाथातिर

काठमाडौं- पपगायक निमा रुम्बा सही अर्थमा 'सेलिब्रेटी' हुन् । त्यसैले पनि उनका हरेक गतिविधि समाचार बन्ने गरेका छन् । वर्ष २००९ मा उनी मोटरबाइक लिएर तिब्बती मोहडाबाट सगरमाथाको आधारशिविर पुगेका थिए । यो वर्ष उनी सगरमाथा आरोहीहरू दोर्जी शेर्पा, तुलबहादुर तामाङ, आङ्गपेमा शेर्पा, फोटोग्राफर सोनाम लामासहित ३४ जनाको समूहका साथ उत्तरी मोहडाबाट आधारशिविर कालापत्थरभन्दा माथि सगरमाथाको क्याम्प टुमा कन्सर्ट गर्दैछन् । एक किसिमबाट निमा समुद्री सतहभन्दा ६ हजार ३ सय मिटर उचाइमा रहेको उक्त क्याम्पमा ब्यान्डसहित कन्सर्ट गरेर विश्वको सबैभन्दा अग्लो स्थानमा कन्सर्ट गर्ने पहिलो गायक हुने तयारीमा पनि छन् ।

आगामी मार्च २७ देखि मे २० सम्मको उक्त यात्रामा सगरमाथाको चुचुरो उक्लने बाटोमा पर्ने क्याम्प टुसम्म ट्रेकिङ गर्दै पुग्न निमा नियमित अभ्यास गरिरहेका छन् । उनले भने- 'मनाङ र मुस्ताङमा ट्रेकिङ गरेको अनुभव छ, त्यसैले क्याम्प टुमा सजिलै पुग्न सकिन्छ भन्ने आँट छ ।' संगीत, पर्वतारोहण, झरनारोहण अभियान नेपालले कान्तिपुर पब्लिकेसन्सका साथमा उक्त कन्सर्टको आयोजना गर्दैछ । मंगलबार राजधानीमा आयोजित पत्रकार सम्मेलनभन्दा पहिले निमाको अगुवाइमा ग्लोबल वार्मिङबाट हिमाललाई बचाऔं भन्ने अवधारणा बोकेर काठमाडौंको भृकुटीमण्डपस्थित नेपाल पर्यटन बोर्ड परिसरबाट साइकल र्‍यालीले टुँडिखेल परिक्रमा गर्‍यो । 'बिस्तारै सगरमाथा नै चढ्ने क्रममा हुनुहुन्छ कि ?' - साप्ताहिकको यो अनौपचारिक प्रश्नमा निमाले हाँस्दै भने- 'खै, भन्न सकिन्न । हेरौं, भविष्यमा सगरमाथाको चुचुरोमै पुगिन्छ कि ?'




# रञ्जना बनिन् वुमेन च्याम्पियन



नेपाल अटोमोबाइल स्पोर्ट्स एसोसिएसन नासा काठमाडौं जिल्ला कमिटी तथा नासा वुमन बाइकर्स ग्रुपको संयुक्त आयोजनामा सम्पन्न दोस्रो वुमन बाइकर्स च्याम्पियनसिप ऱ्याली- २०१० को च्याम्पियन रञ्जना श्रेष्ठ बनेकी छिन् । अघिल्लो शनिबार सम्पन्न ३६ किलोमिटरको ऱ्यालीमा श्रेष्ठ प्रथम बनेकी हुन् ।

ऱ्याली जावलाखेलबाट सुरु भएर लगनखेल, पुल्चोक, कुपन्डोल, थापाथली, त्रिपुरेश्वर, न्युरोड, वसन्तपुर, क्षेत्रपाटी, सोह्रखुट्टे, लैनचौर, महाराजगन्ज, चाबहिल, गौशाला, पुरानो बानेश्वर, नयाँ बानेश्वर, कोटेश्वर, गठ्ठाघर, सानोठिमी, पेप्सीकोला, काँडाघारी, गोठाटार, जोरपाटी, दक्षिणढोका हुँदै गोकर्णस्थित नोर्लिङ रिसोर्टमा पुगेर टुंगिएको थियो । ऱ्यालीको समापनपछि आयोजित घोषणा सभालाई अतिथिका तर्फबाट प्रथम महिला टेम्पुचालक लक्ष्मी शर्मा, अनेरास्ववियुकी केन्द्रीय अध्यक्ष रामकुमारी झाँक्री आदिले सम्बोधन गर्दै विजयी तथा प्रतियोगी बाइकर्सहरूलाई बधाई तथा शुभकामना व्यक्त गरेका थिए ।

प्रतियोगितामा जर्सी नम्बर १४ की रञ्जना श्रेष्ठ ५५३ दशमलव ७ अंकसहित प्रथम भएकी थिइन् भने ५५३ दशमलव ४ अंकसहित चमेली लामा दोस्रो बनिन् । त्यसैगरी ५५० दशमलव ९ अंकसहित पलिना कंसाकार तेस्रो घोषित भइन् । त्यसैगरी चौथो हुने सुरेक्षा लावती, पाँचौं हुने सोनाम वाङमो घले तथा छैटौं हुने रोशिना शाक्यलाई पनि पुरस्कार प्रदान गरिएको थियो ।

# ताप्लेजुङमा पाथीभरा पर्यटन महोत्सव

ताप्लेजुङ- पूर्वाञ्चलकै प्रशिद्ध तीर्थस्थल पाथीभराको प्रचार-प्रसार एवं विकास गर्ने उद्देश्यले आयोजित हिमालयन गाइड्स अन्तर्राष्ट्रिय पाथीभरा म्याराथुन तथा पाथीभरा पर्यटन महोत्सव सम्पन्न भएको छ । अनौपचारीक रूपमा माघ २५ गते प्रारम्भ भएको महोत्सव शुक्रबारदेखि औपचारीक रूपमा सुरु भएको हो ।

फागुन २ गतेसम्म चलेको महोत्सवमा खुला पुरुष तथा हाफ महिला म्याराथन प्रतियोगिता, प्याराग्लाइडिङ, बाइसाइक्लिङ, सांस्कृतिक झाँकी, लोक दोहोरी, खाद्य परिकार, कलश यात्रा आदि कार्यक्रम सम्पन्न भए । अघिल्लो वर्ष गरिएको कार्यक्रमलाई निरन्तरता दिने उद्देश्यले आयोजित कार्यक्रमका लागि सदरमुकामलाई झकिझकाउ बबनाइएको थियो ।

पाथीभरा देवी मन्दिर क्षेत्र संरक्षण समिति, इन्द्रदल गुल्मद्वारा आयोजित कार्यक्रमलाई काठमाडौंका विभिन्न व्यावसायिक प्रतिष्ठानले प्रायोजन गरेका थिए । महाशिवरात्रिका अवसरमा आयोजित यो वर्षको कार्यक्रममा प्याराग्लाइडिङ र मोटर बाइसाइक्लिङ नयाँ कार्यक्रम रहे । प्याराग्लाइडिङ सुकेटारबाट सुरु गरेर भानुजन माविको प्राङ्गणमा अवतरण भयो भने मोटर बाइसाइक्लिङ सदरमुकामबाट सुरु गरी पाथीभरासम्म पुगेर फर्काइयो । खुला म्याराथुन प्रतियोगिता सदरमुकाम फुङलिङबाट सुरु भै पाथीभरा पुगेर फर्कियो । महिला हाफ म्याराथुन प्रतियोगिता सदरमुकामबाट भालुगौंडे हुँदै सदरमुकाम फर्काइएको थियो ।

कार्यक्रममा सहभागी बन्न सबै सभासदका साथै काठमाडौंमा रहेका ताप्लेजुङवासीहरू जिल्ला फर्किएका थिए । कार्यक्रममा राष्ट्रिय स्तरका कलाकारदेखि स्थानीय स्तरका कलाकारको जमघट थियो । महोत्सवमा गुरुङ, नेवार, लिम्बू, राई, शेर्पा, ब्राह्मण आदि जातजातिले आ-आफ्ना खाद्य-परिकार पस्किए ।

-आनन्द गौतम

## आदिवासी फिल्म महोत्सव

पाँचथर- नेपाल आदिवासी जनजाति महासंघ, पाँचथरले फिदिममा आदिवासी जनजाति चलचित्र उत्सव प्रारम्भ गरेको छ । आदिवासी जनजातिहरूबीचको सद्भाव वृद्धि गर्दै भाषा, धर्म, कला र संस्कृतिको विकासमा योगदान पुऱ्याउने उद्देश्यले आयोजित उत्सवमा यस क्षेत्रका छवटा जनजातिमा आधारित चलचित्रका साथै बोलिभियाका आदिवासीसम्बन्धी वृत्तचित्र पनि प्रदर्शन गरिनेछ ।

आयोजक लोकन्द्र आलेका अनुसार कार्यक्रममा लिम्बू जातिको माराम, राईको सिम्मा, तामाङको गोदेवा, गुरुङको रोधिघर, मगरको एजु तथा नेवारको भिन्तुना आदि चलचित्र प्रदर्शन गरिनेछन् । आदिवासीहरूको अवस्था, उनीहरूको अधिकार एवं जागरणजस्ता विषयमा समेटिएका ती चलचित्र ३८ मिनेटदेखि दुई घण्टासम्मका छन् ।

-लवदेव ढुंगाना

## कीर्तिपुरमा नेवा परिकार महोत्सव

खानपिनका सौखिन नेवार जातिका सयौं थरीका मौलिक परिकार छन् । परम्परागत खानपिनको जानकारी आधुनिक युवाहरूमाझ पुऱ्याउने उद्देश्यले कीर्तिपुरमा दुईदिने नेवा परिकार महोत्सव हुन लागेको छ । आज शुक्रबार र शनिबार महोत्सव गर्न लागिएको हो ।

महोत्सवको आकर्षण समेबजी रहनेछ । समेबजी शुभकार्य सम्पन्न गरिसकेपछि खाइने हल्का भोजन हो । यसमा छोयला, अदुवा र भटमास अनिवार्य मानिन्छ । यसमा मौसमअनुसारको तरकारी र गेडागुडी पनि हुन्छ । समेबजीको लोकप्रियताका कारण आधुनिक रेस्टुराँहरूमा समेत यसको व्यवस्था गरिएको छ ।

काठमाडौं उपत्यकाका मौलिक मिठाईहरू लोप हुने अवस्थामा पुगेका छन् । लाखामरी, चटामरी, बाराजस्ता नेवार जातिका प्रचलित परिकार महोत्सवका दर्शकहरूले हेर्न र खान पाउनेछन् ।

मासुजन्य परिकार नेवार जातिको भोजभतेरमा अनिवार्य मानिन्छ । डायकाला, भुटन, छेडगु, तखा, खोयाजस्ता थरी-थरीका मासुको स्वाद महोत्सवले एउटै छतमा उपलब्ध गराउने लागेकाले दर्शकहरूको सहभागिता उलेख्य हुने आयोजकहरूको दाबी छ ।

मुला, आलु र मेथीको अचार भने महिला दर्शकहरूलाई लोभ्याउन राखिनेछ । बालबालिकाको जन्मदिनमा योमरीको माला लगाइदिने चलन छ । योमरी पनि नेवार जातिको परिकार हो ।

मदिरामा अयला, थो, हयौथा आदि राखिएको छ । वर्षाऋतुमा मनाइने जनैपूर्णिमामा खाइने गेडागुडी उमालेर पकाइने क्वाँटीको स्वाद वसन्त ऋतुमा समेत चखाउने व्यवस्था आयोजकहरूले मिलाएका छन् ।

# पोखरामा नातिकाजी सांगीतिक साँझ

**साप्ताहिक समाचार**

पोखरा- संगीतकर्मी नातिकाजी श्रेष्ठको ८५ औं स्मृति दिवसका अवसरमा पोखरामा एउटा सांगीतिक कार्यक्रम सम्पन्न भएको छ । हिमाली सांस्कृतिक परिवार तथा नातिकाजी स्मृति समाजको संयुक्त आयोजनामा स्थानीय दीपेन्द्र सभागृहमा सांगीतिक कार्यक्रमका साथै पुरस्कार तथा सम्मान वितरण गरिएको थियो ।

पोखराका पुराना संगीतकर्मी सर्वज्ञमान प्रधानाङ्गको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा काठमाडौंबाट गएका कलाकार तथा सांस्कृतिक टोलीको हिमाली सांस्कृतिक परिवार पोखराद्वारा पञ्चैबाजासहित भव्य स्वागत गरिएको थियो । करिब ३ घण्टा लामो उक्त कार्यक्रमको प्रारम्भमा विभिन्न संगीतकर्मीलाई सम्मानित गरिएको थियो । नातिकाजी संगीत विशेष सम्मानद्वारा डा. राममान श्रेष्ठ 'तृषित', यादव खरेल, प्रेमध्वज प्रधान तथा योगेश वैद्य सम्मानित भएका थिए । नातिकाजी संगीत पुरस्कारबाट भने किरण खरेल, दीपक जंगम, पण्डित होमनाथ उपाध्याय तथा युवा गायक राजु परियार पुरस्कृत भए ।

कार्यक्रममा हिमाली सांस्कृतिक परिवारका कलाकारले नातिकाजीद्वारा संगीतवद्ध दुई गीत यो नेपाली शिर उचाली तथा कालीपारी दाइ कति राम्रो..मा आकर्षक नृत्य प्रस्तुत गरेका थिए । डा. ध्रुवेशचन्द्र रेग्मी तथा पण्डित होमनाथ उपाध्यायको सितारवादन तथा तवलावादनमा जुगलबन्दीपछि सांगीतिक कार्यक्रम प्रारम्भ भएको थियो । कार्यक्रममा फत्तेमान राजभण्डारी, प्रेमध्वज प्रधान, योगेश वैद्य, रुवी जोशी, शम्भुजित बाँस्कोटा, संगीता शाक्य, स्वरूपराज आचार्य, रीमा गुरुङ होडा, रामभक्त जोजिजू, इतु जोजिजू, मल्लिका कार्की आदि गायक-गायिकाले गीत-संगीत प्रस्तुत गरेका थिए । कार्यक्रममा यादव खरेलद्वारा रचित तथा नातिकाजीद्वारा संगीतवद्ध गीतिसंग्रहको विमोचनसमेत गरिएको थियो ।

# मिस शेर्पाका लागि बीस जना



नेपाल शेर्पा संघको सहयोगमा कला संस्कृति संरक्षण केन्द्रद्वारा आयोजित मिस शेर्पाको अन्तिम प्रतिस्पर्धा यही फागुन २८ गते राष्ट्रिय नाचघर, जमलमा हुनेछ । पहिलो चरणमा छनौटमा परेका प्रतियोगीहरूको व्यक्तित्व विकास तथा आवश्यक प्रशिक्षणको कार्य सुरु भैसकेको केन्द्रका अध्यक्ष सन्तोष रौनियारले बताएका छन् । प्रतियोगीहरूलाई कोरियोग्राफर प्रभा अमात्यले व्यक्तित्व विकाससम्बन्धी प्रशिक्षण दिइरहेकी छिन् भने शेर्पा नृत्य तथा शेर्पा वेशभूषा र संस्कृतिको जानकारी हिमालयन शेर्पा सांस्कृतिक केन्द्रले दिइरहेको छ ।

प्रतियोगीहरूलाई एसएमएस मार्फत समेत भोट दिन सकिने व्यवस्था मिलाइएको इभेन्ट म्यानेजर ग्याल्जेन शेर्पाले जानकारी दिए । भोट दिन एमएस टाइप गरी स्पेस दिएर प्रतियोगीको कोड नम्बर राखी ३६३८ मा पठाउनुपर्छ । मिस शेर्पाको कान्तिपुर टेलिभिजनले यहि फागुन २८ गते साढे चार बजेदेखि प्रत्यक्ष प्रसारण गर्नेछ ।

## अडिसनमा मिस मंगोल

**साप्ताहिक समाचार**

काठमाडौं- भ्यालेन्टाइन डेको अघिल्लो दिन अर्थात् गत शनिबार दरबारमार्गस्थित होटल अन्नपूर्णको हलमा करिब चार दर्जन युवती भेला भएका थिए । पालैपालो ती युवतीले आ-आफ्नो बौद्धिक तीक्ष्णता, आत्मविश्वास एवं प्रभावकारी प्रस्तुतिबाट उपस्थित निर्णायकहरूलाई प्रभावित गर्न सक्दो प्रयास गरे । आगामी चैत ७ गते प्रज्ञाभवन, कमलादीमा सम्पन्न हुने मिस मंगोल प्रतियोगिताको दोस्रो संस्करणमा आफ्नो उपस्थिति जनाउन आवेदन दिएकाहरू त्यहाँ अडिसनका लागि उपस्थित भएका थिए ।

मंगोल समुदायका युवतीहरूको व्यक्तित्व, आत्मविश्वास, प्रस्तुतीकरण, प्रतिभा, सुन्दरता, उनीहरूको जातीय पहिचान, कला, संस्कृति, भाषा, परम्परा आदि विविध पक्षको सेरोफेरोमा प्रतियोगिता सञ्चालन हुने आयोजकहरूले जनाएका छन् । सञ्चारकर्मी एवं कोरियोग्राफर रोजिन शाक्यको कोरियोग्राफी तथा एक्सन इन्टरटेनमेन्ट प्रा.लि.द्वारा आयोजित यो प्रतियोगिताको प्रशिक्षण यसै साता प्रारम्भ हुनेछ ।

# नुवाकोट महोत्सवको रमझम



नुवाकोटको सदरमुकाम विदुर फेरि एकपटक बेहुलीझैं सिंगारिएको छ । विदुर मात्र नभै आसपासका गाविसहरूलाई समेत महोत्सवको चटारोले छोएको छ । महोत्सव आगामी फागुन १४ देखि २४ गतेसम्म चल्नेछ ।

मदिरामुक्त महोत्सव मनाउने आयोजक नुवाकोट उद्योग वाणिज्य संघले जनाएको छ । 'समृद्ध र समुन्नत नुवाकोट महोत्सव हाम्रो लक्ष्य, हाम्रो अठोट' भन्ने नाराका साथ हुन लागेको यो महोत्सवले स्थानीय उत्पादनको बजार प्रवर्द्धन र लुकेर रहेका स्थानीय प्रतिभाहरूको खोजी गर्ने बताइएको छ । महोत्सवमा नुवाकोटको प्रमुख उत्पादन जापनिज रेन्बो ट्राउट माछा स्टेबरीको रक्सी, त्रिशूलीको कान्छी बदाम, थान्सिङ फाँटको बास्नादार चामल मात्र होइन, स्थानीय तामाङ संस्कृति, भजन-कीर्तन, हनुमान नाच, पञ्चेबाबा, लाखेनाच, धिमे नाच/बाजालगायत स्थानीय सांस्कृतिक झाँकी प्रस्तुत गरिनेछ ।

महोत्सवका क्रममा त्रिशूली नदिमा ऱ्याफ्टिङको मजा लिन सकिनेछ । त्रिशूली बजारदेखि धादिङको बैरेनीसम्म ऱ्याफ्टिङ गराइनेछ । यसले बाह्य पर्यटकलाई समेत आकर्षित गर्ने ऱ्याफ्टिङ एसोसियसन अफ नेपालका अध्यक्ष गोपालप्रसाद खरेलले बताए । महोत्सवको प्रमुख आकर्षणमा राष्ट्रिय स्तरका हास्यकालाकारहरू, दोहोरीका कलाकारहरू, जादु, पिङ, मौतका कुवाजस्ता मनोरञ्जक खेलको व्यवस्था पनि गरिएको वाणिज्य संघका महासचिव बीरेन्द्रराज केसीले बताए ।


## अर्घाखाँचीमा सन्धिखर्क महोत्सव

अर्घाखाँचीमा पर्यटन गतिविधि बढाउन सन्धिखर्क महोत्सव आयोजना गरिएको छ । आइतबार प्रारम्भ भएको महोत्सव फागुन ८ गते शनिबारसम्म चल्नेछ । महोत्सव अर्घाखाँची उद्योग वाणिज्य संघले आयोजना गरेको हो । जिल्लाका कृषिजन्य वस्तु, हस्तकलाका सामग्री आदिको व्यावसायीकरण तथा बजारीकरण गर्नु महोत्सवको उद्देश्य हो ।

महोत्सवका दर्शकहरूको मनोरञ्जनका लागि जितु नेपाल, राजु परियार, विमाकुमारी दुरा, पुरुषोतम न्यौपाने आदि कलाकारले आ-आफ्नो गीतसंगीत र हास्यव्यङ्ग्य प्रस्तुत गर्दैछन् । महोत्सवमा ५५ वटा स्टल राखिएका छन् । महोत्सवको उद्घाटनअघि विभिन्न जातजातिको पहिरनमा सजिएका कलाकारहरूले पञ्चैबाजा र झाँकीसहित नगर परिक्रम गरेका थिए ।

सन्धिखर्क काठमाडौंबाट ४ सय ४० किलोमिटर टाढा छ । त्यहाँका पर्यटकीय गन्तव्य चतुराबेसी, नरपानी, पत्थरकोट, चतरागञ्ज, सन्धिखर्क, कान्छीकोट आदि प्रमुख हुन् । त्यसैगरी त्यहाँ कमलपोखरी, गौचर, खानदह आदि तालतलैया पनि छन् ।

# भ्यालेन्टाइन पार्टीमा मस्त



धरान- अँध्यारो वातावरण छ, तर पनि उज्यालोको कमी थिएन। खुला चौरको माथि झुन्ड्याइएका सेता कपडा ग्लो लाइटले छ्याङ्ङै बलेका छन्। मुनि नाच्नेहरूले लगाएका रिबन परैबाट प्रस्ट देखिने गरी टल्किएका छन्। सेतो रिबनले पाखुरा, टाउको आदि बाँधेर नयाँ जोडी खोज्ने युवापुस्ताको भीड आइतबार निर्वाण कन्ट्री क्लबमा निकै देखिए।

उनीहरूले बाँधेको रिबन ग्लो लाइटका कारण परैबाट देखिन्थ्यो। फलस्वरूप नयाँ जोडी खोज्नेलाई समयको झन्झट भएन। जोडी पाइसकेकाहरूले भने पिंक रिबनले आफूलाई बाँधेर जोडी प्याक भएको संकेत दिएका थिए। भ्यालेन्टाइन पार्टी भएकाले जोडी खोज्नेलाई सेतो रिबन र प्याक भैसकेकालाई पिंक रिबन उपलब्ध गराइएकाले पनि कसैलाई केही टेन्सन थिएन।

आइतबार द युनियनले जुराइदिएको भ्यालेन्टाइन डे पार्टीमा आमन्त्रित सबै दङ्ग थिए। भ्यालेन्टाइन डे पार्टी जोडी खोज्नेका लागि राम्रो अवसर बन्यो। डिजे सूदन तथा डिजे रूपेशको भ्यालेन्टाइन डान्सिङ गीतले पनि उनीहरूलाई झुमाएको थियो। निकै तामझामका साथ सबेरै सुरु भएको भ्यालेन्टाइन पार्टी राति एघार बजेसम्म चल्दा लगभग सबैले जोडी जुराइसकेको आभास मिल्थ्यो।

# शिवरात्रिमा जम्यो डान्सपार्टी

धरान- थामिनसक्नुको भिड। शुक्रबार ओटु पब एन्ड बारको हलमा ठेलमठेल भीड। साँघुरो पार्टीहल अनि भुइँमा खुट्टा राख्ने ठाउँको अभाव। भित्र पस्दा पार्टीक्रेजी नाचेर असिन-पसिन भैसकेको दृश्य। नजर डुलाउँदै तलतिर हेर्दा पार्टी पूरै तात्तिएको देखिन्थ्यो। बोल्ने फुर्सद थिएन कसैलाई। शिवरात्रि पार्टीमा डिजेको मोस्ट च्वाइसको संगीतको प्रहारले शरीर पूरै झड्किएको थियो।

शिवरात्रिको बहानामा पार्टीक्रेजीहरू डान्सपार्टीमा भेला भएका थिए। फास्ट बिटका गीतहरू प्रस्तुत भएकाले पनि उनीहरू यसरी मस्ती मारिरहेका थिए।

पार्टीमा आउने जाने क्रम जारी थियो। डाह नै लाग्ने खालको उनीहरूको प्रस्तुति पनि कम थिएन। डिजे सुभोले पनि राम्रा-राम्रा हिन्दी, अंग्रेजी र नेपाली इलेक्ट्रो बिट उपलब्ध गराए। पार्टी धरानको आयोजनामा सञ्चालित शिवरात्रि पार्टी बेलुकी ६ बजे सुरु भएर राति ११ बजेसम्म चलेको थियो।

**भीषण राई**






# महाशिवरात्रिमा तात्तिएको धरान

धरान-धरानका संगीतप्रेमी युवायुवतीहरू ब्यान्डहरूले प्रस्तुत गरेका रकदेखि स्लो म्युजिक अनि मेटलमा झुमेका थिए। शनिबार चारवटा ब्यान्डले लगातार संगीतप्रेमी धरानेको तृष्णा मेटेका थिए। धरानका चर्चित ब्यान्ड तपस्वी, माइलस्टोन, कर्स अफ ब्लड तथा इटहरीको नेक्ससले आ-आफ्ना गीत संगीत प्रस्तुत गरेका थिए। काठमाडौंबाट आएको पाहुना ब्यान्ड आत्माले पनि इन्स्ट्रुमेन्टल बाँसुरी, तबला, मादल, किबोर्ड तथा गिटारबाट सितारको धुनको स्वाद चखाएको थियो। उनीहरूले आफ्ना गीत-संगीतका साथै हिन्दी तथा नेपाली गीतहरू पनि प्रस्तुत गरेका थिए।

दिव्यदृष्टि ब्यान्डले सुरु गरेको सांगीतिक यात्रामा मेटालीका र रविनलुजाका गीतहरू प्रस्तुत गरिएका थिए। कर्स अफ ब्लडको आफ्नै निख्खर ब्लाक मेटल इभिल इन मीले पनि युवापुस्तालाई कपाल झड्काउन बाध्य पारेको थियो। महाशिवरात्रिका अवसरमा आयोजित कन्सर्ट बेलुकी नौ बजेसम्म लगातार चलेको थियो।



तस्बिर : विकास राई

# छमछमीको अडिसन

धरान- नेपाल टेलिभिजनको प्रस्तुति महानृत्य प्रतियोगिता छमछमीको अडिसन धरानमा सम्पन्न भएको छ। आइतबार र सोमबार गरी दुई दिनसम्म धरान सभागृहमा छमछमीको अडिसन भएको थियो। अडिसनमा महिला-पुरुष गरी जम्मा १५ जना छनौट भएका छन्। प्रतियोगितामा १ सय ७० सहभागी थिए। अडिसनमा कोसी अञ्चलबाट १६ वर्ष माथिका युवायुवतीको भीड लागेको थियो।

उनीहरूलाई निर्णायक मिथिला शर्मा तथा नगेन्द्र राईले क्याप लगाइदिएर काठमाडौंका लागि निम्तो दिएका थिए। छमछमीमा छनौट भएका कलाकारहरूलाई काठमाडौंमा लगेर पुनः देशभरबाट आएका प्रतियोगीहरूबीच प्रतिस्पर्धा गराइनेछ।


पहिलो अडिसनमा छानिएका सबै कलाकारबाट काठमाडौंमा टप २५ छानिनेछ। क्रमशः उनीहरूलाई त्यसपछि ५० प्रतिशत निर्णायक र ५० प्रतिशत जनताको भोटका माध्यमबाट छनौट गर्दै लगिनेछ र अन्त्यमा विभिन्न विधामा उपाधि प्रदान गरिनेछ।

नेपाल टेलिभिजनद्वारा प्रस्तुत हुने सबै विधाको यो महानृत्य प्रतियोगिता फागुनको अन्त्यदेखि प्रसारण हुने कार्यक्रमका संयोजक महेश श्रेष्ठले बताए।

**-भीषण राई**




## बाटो पत्ता लगाउनुहोस्



## पत्याउनु हुन्छ ?



सबैभन्दा तीव्र गतिले पौडी खेल्न सक्ने मानिसले प्रतिघन्टा साढे ९ किलोमिटर दूरी पार गर्न सक्छ भने सोही समयमा डल्फिनले ५६ किलोमिटर दूरी पार गर्न सक्छ ।



मानिसको मस्तिष्कको तौल सरदर १ हजार ३ सय ७५ ग्राम हुन्छ । रुसका उपन्यासकार तुर्गनेभको मस्तिष्कको तौल २ हजार २१ ग्राम थियो ।



गएको भ्यालेन्टाइन डेमा थाइल्यान्डको पतायामा एकै पटक सर्वाधिक युवायुवतीले डेटिङ गरे । २ सय ५० जोडी युवायुवतीले गरेको यो डेटिङ कीर्तिमानका रूपमा दर्ता हुने भएको छ ।




पानी नपिई लामो समयसम्म बाँच्ने प्राणी उँटलाई मानिए पनि अनुसन्धानहरूले उँटभन्दा मुसा लामो समयसम्म पानी नपिई बाँच्न सक्ने देखाएको छ ।


## सबैभन्दा सानो पुस्तक नेपालमा

विश्वकै सानो भनिएको पुस्तक नेपालको राष्ट्रिय अभिलेखालयमा रहेको छ । गिनिज बुक्स अफ वर्ल्ड रेकर्डस्मा सबैभन्दा सानो भनेर उल्लेख गरिएको उक्त पुस्तकमा इसाइहरूको धर्मग्रन्थ बाइबलको सारसंक्षेप प्रस्तुत गरिएको छ । उक्त पुस्तक तत्कालीन राजा महेन्द्रलाई नेपालमा रहेको जर्मनीको राजदूताबासले उपहार दिएको थियो । विश्वकै सानो र ऐतिहासिक भएकाले उक्त पुस्तकलाई राजा महेन्द्रले वि.सं. २०२० सालमा राष्ट्रिय अभिलेखालयमा राख्न लगाएका थिए । उक्त पुस्तक ६ मिलिमिटर लामो, त्यति नै चौडा र २ दशमलव ५ मिलिमिटर उचाईको छ ।

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## साप्ताहिक कोठेपद



**दायाँ**

१. आफूमाथिको शासन (५)
२. भित्ता फोडेर चोर्ने काम (५)
३. पानी, जल (२)
५. ब्यासका पिता (४)
६. धार्मिक आचरण भएको (४)
७. हतियार, अस्त्र-शस्त्र (३)
८. वन विनास गर्ने तितेझार (४)
१०. मानिसको मासु खाने (४)
११. ललितपुरमा एक देवी (५)
१२. घर छाउने घास-झार (२)
१३. अखबार, समाचारपत्र (३)
१४. ढुंगा, पत्थर (२)
१६. समुहका लागि खाद्य सामग्री (३)
१७. कर्णाली अञ्चलको एक जिल्ला (२)
१८ विद्यालय, स्कुल (४)
१९. फूल (३)
२०. लाभ हुने काम, सप्रनु (४)
२१. सालको काठ, साल (३)

**तल**

१. अगाडि तर्फको यात्रा (५)
२. मानिसको बलि दिएर गरिने यज्ञ (४)
३. ठिमीमा रहेको एक प्रसिद्ध देवी (५)
४. रचना गर्ने व्यक्ति (४)
५. पियन, नोकर (४)
६. बज्राचार्य थरका इतिहासकार (४)
७. पालन-पोषण गर्ने काम (४)
८. बौद्ध धर्मको एक शाखा (४)
९. सूचि, फेहरित (३)
१०. अभिवादनको एक तरिका (४)
११. अरनिकोको नेपाली नाम (४)
१२. सेवा गर्ने नोकर (३)
१३. डराएर वा हारेर भाग्ने काम (४)
१४. ढुंगामा कुदिएको अक्षर (४)
१५. जग्गा-जमिनको प्रमाण-पत्र (४)
१६. कृतिम धाक, फूर्ति (३)
१७. चिठी बाँडने मानिस (३)
१८. प्राचिनकालको एक भाषा (२)
१९. सुकाएको अदुवा (२)

## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी



## ● तालुमा आलु ●



प्रकाश ओझा

एक युवती आफ्नी आमासँग डाक्टर भए ठाउँ गई ।

भन्नुस्- डाक्टरले सोध्यो ।

मेडिकल चेकअप गर्नु छ युवतीले भनी ।

कपडा खोल्नुस् र क्याबिनको बेडमा गएर सुत्नुस् डाक्टरले भन्यो ।

डाक्टर सा'ब मेरो होइन आमाको चेकअप गर्नु छ ।

त्यसो भए जिब्रो देखाउनुहोस्- डाक्टरले आमापट्टि फर्किंदै भन्यो ।

०००

एउटा जँड्याहा होटलमा गयो र सोध्यो- माछा छ ?

ए भाइ, यो शाकाहारी होटल हो, यहाँ माछामासु पाइँदैन ।

जँड्याहा आधा घन्टापछि फर्केर आयो र भन्यो- माछा छ ?

होटलवाला रिसायो 'तलाई मैले अघि भनेको होइन यो शाकाहारी होटल हो ।

होटलवालाले उसलाई ठेलेर निकाल्यो, जँड्याहा गयो ।

आधा घन्टापछि फेरि जँडचाहा आयो र भन्यो- माछा छ ?

अब तँ गधा फेरि माछा छ भन्दै यहाँ आइस् भने तँलाई डोरीले बाँधेर पंखामा झुन्ड्याइदिन्छु बुझिस्, भाग । होटलवाला साह्रै रिसाई जँड्याहालाई घोक्राएर निकाल्यो, जँड्याहा गयो ।

आधा घन्टापछि फेरि जँड्याहा होटलमा आयो र भन्यो डोरी छ ?

छैन ? होटलवालाले भन्यो

पंखा छ- जँड्याहाले फेरि सोध्यो

छैन ।

माछा छ ?

०००

रेस्टुराँमा डिनर सकेपछि ग्राहकले वेटरलाई भन्यो- भाइ टुथपिक ल्याऊ त ।

खाली हुनेबित्तिकै ल्याउँछु हजुर ।

०००

आज म अफिस आउँदा बाटोमा अचम्म भयो- एक व्यक्ति साथीलाई भन्दै थिए ।

एउटा भिखारीले म भएतिर आएर खानका लागि दस रुपैयाँ दिनोस् भन्यो ।

त्यो कुन ठूलो कुरा हो र सबै भिखारीले यसै भन्छन्..., अनि तैंले उसलाई दस रुपैयाँ दिइस् त ?

दिएँ..., उसले दसको नोट खायो ?

०००

### मेरो कुरो

ट्राफिकले गाडी रोक्यो र लाइसेन्स माग्यो । ड्राइवरले लाइसेन्स निकाल्यो र देखायो । ट्राफिकले लाइसेन्स हेर्‍यो र भन्यो- 'धन्न रहेछ, जानुस्, नभएको भए देखाउनुपर्थ्यो ।'

## ● कविता ●

### असह्य यी घातहरू



छाड्यौ किन अन्जान मेरा समाएका हातहरू
दियौ किन मुटुभरि असह्य यी घातहरू
भन्थ्यौ अन्जान साथ दिन्छु सात जन्मसम्म
गर्‍यौ किन झूटो सावित विगतका बातहरू
छाड्यौ किन अन्जान मेरा समाएका हातहरू
दियौ किन मुटुभरि असह्य यी घातहरू
गरेथ्यौ बात अन्जान सँगै मर्ने सँगै बाँच्ने
दोबाटोमै पुगेर छाड्यौ किन साथहरू
हुन्न सानो-ठूलो भन्दै गरेथ्यौ पहिले तिम्ले बात
बीचमा आइ खोज्यौ किन मायामा फेरि जातहरू ।

– अनु कुलुङ

### उतैतिर सल्कियो

नबोलेरै मेरो भाव तिमीतिर छल्कियो
कुन्नि किन यो मन पनि उतैतिर सल्कियो
अप्सराले डाहा गर्ने रूपकी रै'छौ रानी
राजी भयो यो मन अनि तिम्रो पाउमा ढल्कियो
गाजलुले आँखा छोप्ने मृगतृष्णा नयनहरू
तिम्रो माया झलझली यो मनभरि टल्कियो
इन्द्रेणीको रंग चोरी तिमीले नै ओढेजस्ती
मन्द मुस्कान डिम्पल पनि आँखाभरि झल्कियो ।

–रुद्र सुनुवार

### पाइनँ

तिम्रो साथ मैले यो जुनीमा पाइनँ
सँगै जिउने नाता तोड्दै तिमी सामु आइनँ
तिम्रा लागि के-के गर्न सबै तयार हुन्थेँ
झूटो कसम अमृत मानी सँगै वाचा खाइनँ
तयार हुन्थेँ जिउ-ज्यान दिन तिमीलाई
खुसी सबै रित्तो हुँदा दुःखी हुन चाहिनँ
हृदयमा तिम्रो तस्बिर मुटुभरि माया
सम्झना छ धेरै-धेरै हाँसो लुट्न छाइनँ
अर्को जुनी तिमीसँग सँगै जिउन पाऊँ
मलहम घस्ने घाउमा शिव चोट दिन धाइनँ ।

–वीरेन्द्रराज ढकाल

### लौ बढाऊ हातहरू

मित्रतामा स्वार्थ छ भने नबढाऊ हातहरू
निःस्वार्थहरू लौ बढाऊ हातहरू
जता जाऊँ उतै लाग्छ हात लाग्यो शून्य
शून्यतालाई चिर्ने भए लौ बढाऊ हातहरू
किन किन बाँच्नभन्दा मर्न मन लाग्छ मलाई
कहाँ होलान् मृत्युबाट बचाउने हातहरू
वाक्क, दिक्क, प्वाक्क भई भौंतारिएछ यो मन कता
जिन्दगीको नयाँपन दिनेछन् कि हातहरू
भो, भो कोही नआउन् एता सबैभन्दा मृत्यु प्यारो
मृत्यु देव छिटो आऊ लैजाऊ यी हातहरू ।

–शीतल आचार्य

### म्वाइँ खाऊ न प्रिया

धेरै भयो परदेशिएको अब त आऊ न प्रिया
भनिँदैछन् परेली थुम्याएर लोरी गाऊ न प्रिया
तिम्ले दिएको चुम्बनको दाग अब त मेटिसक्यो
अँगालेर धित मारी म्वाई खाऊ न प्रिया
मलाई जस्तो चाहा तिमीलाई हुन्न कि ?
ढुकढुकीमा जतातते तिमी नै छाऊ न प्रिया
म आँखा बन्द गरी तिम्रो सिन्दुरको प्रतीक्षा गर्थें
अधरभरि उमंगको लाली लाऊ न प्रिया
थकित अनि त्रसित छु म यो स्वार्थी संसारदेखि
दुई पक्षी बनी विहार गर्न बरु कतै जाऊँ न प्रिया ।

– पार्वती आँसु

## ● लघुकथा ●



### गाडीको दुरुपयोग

आयोगको काममा गाडी लिएर बाहिर जान लाग्दा सबै सवारी चालकले 'म जान सक्दिनँ, उसलाई लिएर जानु न' भनें । काममा बाहिर जाने सहायक स्तरका कर्मचारी 'मेरो व्यक्तिगत कामका लागि गाडी मागेको होइन, म हिँडेर जान सक्दिनँ' भनेर कार्यालयको आँगनमा गाडीको प्रतीक्षामा बसिरहे । एकछिनपछि सरकारी गाडीमा हाकिमको परिवार लिएर बाहिर जान लागेको देखेर सहायक स्तरको कर्मचारीलाई साह्रै अचम्म लाग्यो र उनले भने– 'हाकिमहरूको परिवारलाई चाहिँ सवारीचालकले गाडीमा लिएर जान सक्ने, सरकारी कामका लागिचाहिँ गाडी प्रयोग गर्न नमान्ने यो कस्तो चलन होला ?'

– अरुणबहादुर खत्री

## अनफर्गेटेबल मेलोडिज

# एउटा ऐतिहासिक सांगीतिक कार्यक्रम

पृष्ठ १९ बाट जारी

क्षेत्रमा रमाइरहेकी छिन् । रेडियो नेपाल तथा प्रज्ञा प्रतिष्ठानमा गायिकाकै रूपमा सेवा प्रदान गरिसकेकी गायिका थापाले ५ सयभन्दा बढी गीतमा स्वर दिइसकेकी छिन् । थुप्रै चलचित्रमा समेत पार्श्वगायन गरिसकेकी गायिका थापाका तीनवटा एकल गीतिसंग्रह पनि सार्वजनिक भैसकेका छन् ।

**रविन शर्मा**



२०१६ सालमा झापामा जन्मिएका गायक रविन शर्माले २०३४ सालमा रेडियो नेपालबाट स्वर परीक्षा उत्तीर्ण गरेका हुन् । २०३५ सालमा रेडियो नेपालमा पहिलो पटक गीत रेकर्ड गराएका शर्माले आधुनिक गीत, भजन, राष्ट्रिय गीत, चलचित्र आदि विधाका गरि हालसम्म तीन सयभन्दा बढी गीत रेकर्ड गरिसकेका छन् । उनका रबिन शर्माका आधुनिक गीतहरू, आभास, सुनगाभा, सिलसिलाजस्ता गीतिसंग्रह प्रकाशित छन् ।

**लोचन भट्टराई**

झन्डै साढे दुई दशकदेखि सांगीतिक क्षेत्रमा रमाइरहेकी गायिका लोचन भट्टराई नेपाली सुगम संगीतमा परिचित नाम हो । २०४३ सालमै रेडियो नेपालले आयोजना गरेको आधुनिक गीत गायन प्रतियोगितामा प्रथम स्थान हासिल गरेकी गायिका भट्टराई संगीतकारका रूपमा समेत स्थापित छिन् । भट्टराईका देखिन माइती देश, स्वर, श्रुति, लोचन भट्टराई एट पाटन दरबार, जीवनको जिम्मेवारी, सुनगाभा, श्रृंखलाजस्ता गीतिसंग्रह श्रोतामाझ आइसकेका छन् ।

**कुन्ति मोक्तान**

सन् १९६२ मा जन्मिएकी गायिका कुन्ति मोक्तान पहिलो पटक गीत रेकर्ड गराउँदा जम्मा १५ वर्षकी थिइन् । खर्साङमा सन् १९७७ मा पहिलो गीत रेकर्ड गरेर काठमाडौं आएकी कुन्तिले रेडियो नेपालमा पहिलो पटक सन् १९८० मा एउटा गीत रेकर्ड गराएकी थिइन् । हालसम्म ४ सयभन्दा बढी गीत गाइसकेकी कुन्ति नेपाली सुगम संगीतकी अत्यन्त लोकप्रिय गायिका हुन् । उनका हिट्स अफ कुन्ति सुन्दास, कहिलेकाहीं, मायालुलाई, मेरो मन, कृति, कुसुम, कमेरो, सैलुङ्गे, मनको सपना, चोली राम्रो पाल्पाली ढाकाको आदि गीतिसंग्रह प्रकाशित छन् ।

**देविका बन्दना**

प्रारम्भमा देविका प्रधानको नामले लोकप्रिय यी गायिकालाई अचेल देविका बन्दनाका रूपमा चिनिन्छ । सुगम संगीत तथा चलचित्र पार्श्व गायनमा उत्तिकै स्थापित गायिका बन्दनाले हालसम्म ५ सयभन्दा बढी गीतमा स्वर प्रदान गरिसकेकी छिन् । उनका परदेशी, नेपाली माया, चौकी भन्सार, जाऊँ हिँड पोखरा, लालिमा, नेपाली आरती भजन, चिठ्ठी, देविकाज मुडजस्ता गीतिसंग्रह प्रकाशित छन् ।

**राजेशपायल राई**

राई ईज किङको उपाधि पाएका गायक राजेशपायल राई पछिल्लो समयमा दर्शकमाझ अत्यन्त लोकप्रिय छन् । २ सय ५० भन्दा बढी चलचित्रका गीतमा पार्श्व गायन गरिसकेका राजेशपायल सुगम संगीतमा पनि उत्तिकै जमेका छन् । २०५२ सालमै पहिलो गीतिसंग्रह मुर्च्छना सार्वजनिक गरेका राजेशपायलले त्यसयता पूर्वमा रंग चढेछ, जस्ट फर यू, लभ लेटर, बैगुनी रहिछौ मायालु, निगाह, जदौ, कामना, जदौ भाग दुई, दर्शन नमस्तेजस्ता गीतिसंग्रह सार्वजनिक भैसकेका छन् ।

**रामकृष्ण ढकाल**

बाराको निजगढमा जन्मिएका गायक रामकृष्ण ढकाल सुगम संगीतका लोकप्रिय गायक हुन् । १५ सयभन्दा बढी गीतमा स्वर प्रदान गरिसकेका रामकृष्णले १ सयभन्दा बढी चलचित्रमा पार्श्व गायन गरेका छन् । ढकाल सुमधुर साँझ, आशीर्वाद, आशिष, आशा, ढकाल सुमधुर साँझ १९९८, आरोह, हिट्स अफ रामकृष्ण ढकाल, आशीर्वाद, आग्रह, आधार, बेस्ट अफ रामकृष्ण ढकाल भाग दुई, माई बेस्ट भिडियोज, काराओके, आश्रय, जीवनधन, आगमन तथा मेरो साथीजस्ता गीति संग्रह प्रकाशित भैसकेका छन् ।

**यम बराल**

इलामको फिक्कलमा जन्मिएका गायक यम बरालले पनि सुगम संगीतलाई नै आधार बनाएका छन् । विगत २२ वर्षदेखि नेपाली सांगीतिक क्षेत्रमा सक्रिय गायक बरालले १ हजारभन्दा बढि नेपाली गीतमा स्वर प्रदान गरेका छन् भने १ सयभन्दा बढि चलचित्रमा पार्श्वगायन गरेका छन् । यमका



तिमीलाई सम्झिँदा, आशीर्वाद भाग दुई, मन, भेट, धुन, भिन्नता, माया, हिरा, हिट्स अफ यम बराल, इभरग्रिन भिसिडी अफ यम बराल तथा पपुलर सङ्स अफ काराओकेजस्ता गीतिसंग्रह सार्वजनिक भैसकेका छन् ।

**रीमा गुरुङ होडा**

सुगम संगीतमा महिला स्वर कम सुनिने वर्तमान अवस्थामा रीमा गुरुङ होडा एउटा गतिलो जवाफ सावित भएकी छिन् । संगीतकार प्रकाश गुरुङकी छोरी भएर मात्र होइन, श्रीमान्का रूपमा संगीतकर्मी निर्मल होडाको साथले पनि उनलाई सांगीतिक क्षेत्रमै सक्रिय रहन सहयोग पुर्‍याएको छ । ५ सयभन्दा बढी गीतमा स्वर प्रदान गरिसकेकी गायिका गुरुङ चलचित्र पार्श्वगायनमा पनि उत्तिकै जमेकी छिन् ।

**जगदीश समाल**

इलाममा जन्मिएका गायक जगदीश समाल विगत एक दशकदेखि नेपाली सांगीतिक क्षनेत्रमा सक्रिय छन् । सुगम संगीतका साथै गजल गायनमा समेत उत्तिकै लोकप्रिय गायक समालले हालसम्म लहर, बुलबुल, जर्नी तथा जस गरी चारवटा एकल गीतिसंग्रह प्रकाशित गरिसकेका छन् । हालसम्म करिब १ हजार गीतमा स्वर प्रदान गरिसकेका गायक समालले विभिन्न सांगीतिक प्रतिस्पर्धामा सर्वोत्कृष्ट गायकको उपाधि पनि जितेका छन् ।

**अञ्जु पन्त**

पछिल्लो पुस्ताकी सबैभन्दा लोकप्रिय गायिका अञ्जु पन्त अहिले प्रायः सबै उमेरका श्रोताकी प्रिय गायिका हुन् । चलचित्रमा पार्श्व गायन गरेर मात्र होइन, सुगम संगीतमा आधारित आधुनिक गीतमा समेत उनी उत्तिकै लोकप्रिय भैरहेकी छिन् । पछिल्लो समयमा उनका गीतहरू मोबाइलका कलब्याक रिङटोनसमेत बनिरहेका छन् । उनका गीत हजारौं पटक डाउनलोड भैसकेका छन् । सांगीतिक कार्यक्रममा समेत उत्तिकै व्यस्त भैरहने गायिका पन्त अहिले सबैभन्दा बढी कमाउने गायिकाका रूपमा पनि स्थापित भएकी छिन् ।

# नेपालको सबैभन्दा ठूलो समस्या के हो?

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. पढेर जानिन्छ कि परेर ?
२. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
३. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
४. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
५. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
६. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
७. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
८. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
९. राजनीति राम्रो कि समाजसेवा ? किन ?
१०. महिलाहरू किन श्रृंगार गर्छन् ?

हामी नेपाली गरिब भएकाले पिछडिएका छौं, यही हो सबैभन्दा ठूलो समस्या।

**किसान रुचाल**

अरूको इर्ष्या गर्नु, अल्छी बन्नु, मुखमा रामराम बगलीमा छुरा गर्नु, स्वार्थी बन्नु त नेपालीको विशेषता नै हो..., अनि पछि पर्दैनन् त ?

**राकेश श्रेष्ठ**

नेपालको ठूलो समस्या राजनीति गर्ने ठूला टाउकेहरूलाई थाहा छ नि, किन हामीले नै भन्नुपर्छ र ?

**सुबोध लामा, गोलबजार**

नेपालको सबैभन्दा ठूलो समस्या बेरोजगारी हो। यो समस्या हटे सम्भवत: नेपालको अधिकांश समस्या हल हुने थियो।

**मीनबहादुर परियार**

दुईटा समस्या भन्न पाइने कि नपाइने ? एउटा अदूरदर्शी राजनीति जसले सबैको सपना खाल्टोमा पुरेको छ। अर्को, केटीहरूको बोक्रे चुरीफुरी, हामीलाई त गन्दैगन्दैनन् यार।

**हेमप्रभास (२५), धादिङ**

गरिबी, मैले त अझसम्म धन सञ्चित गर्न सकेकी छैन।

**नानु थापामगर**

जति बेला पनि भैरहने बन्द, हड्ताल, चक्काजाम, तोडफोड सबै नेपालको समस्या हो।

**राकेश श्रेष्ठ**

मलाई त फोहर र ट्राफिक जाम जस्तो लाग्छ ?

**स्वतन्त्र चौधरी, लाहान**

राजनैतिक अस्थिरता, खिचातानी, कुर्सीतन्त्र नै यहाँको प्रमुख समस्या हो।

**टीकाराम अर्याल**

दु:खलाग्दो कुरा राम्रो र दिगो, बुद्धि नबिग्रिएका नेता एउटा पनि पाइएन र दोस्रोमा हाम्रो गरिबी।

**सन्तोष अधिकारी**

नेपालको सबैभन्दा ठूलो समस्या अस्थिर एवं तरल राजनीति र अरूको खुट्टा तान्ने प्रवृत्ति हो।

**वैद्यनाथ कोइराला**

नेपालको सबैभन्दा ठूलो समस्या राजनीति हो। यहाँ हरेक कुरामा राजनीति हुन्छ। राजनीतिले गर्दा कत्तिको घरमा झगडा समेत हुने गरेको छ। नेपाल अघि बढ्न नसक्नुको मुख्य कारण नै यही हो।

**सागर ढुंगाना, रुपन्देही**

समस्या समाधान हुने भए भन्थें तर...।

**दुर्गा माझी**

नेपालको सबैभन्दा ठूलो समस्या राजनीतिको फोहरी खेल नै हो जुन खेलका खेलाडी हाम्रा आदरणीय भ्रष्ट नेताहरू हुन्।

**त्रिताल नोदनाथ**

नेपालको सबैभन्दा ठूलो समस्या माओवादी समस्या हो किनभने माओवादी न आफूले गर्न सक्छ न त अरूले गरेको नै सहन सक्छ।

**पेशल दाहाल, धनकुटा**

बन्द, हडताल, चक्काजाम- सरकारले यसलाई कहिल्यै नियन्त्रण गर्न सकेन।

**रजनी चौधरी, सप्तरी, महुली**

समस्याका कुरा त कति छन् कति, सबै समस्या आफ्ना ठाउँमा ठूला नै हुन्छन् तर नेपालको अहिलेको समस्या भनेको राजनैतिक, आर्थिक र शान्ति सुरक्षा हो।

**रेशम सुनुवार**

हाम्रो देशको सबैभन्दा ठूलो समस्या भनेकै राजनीति हो। देश सानो छ, दल भने २२ पुगिसके, अर्को चुनावसम्म ३-४ दर्जन नपुग्लान् भन्न सकिंदैन।

**प्रवीण ज्ञवाली**

नेपालको सबैभन्दा ठूलो समस्या गरिबी एवं बेरोजगारी हो।

**विनोद श्रेष्ठ**

नेपालको सबैभन्दा ठूलो समस्या महिनैपिच्छे नेता फेरिनु अनि नक्कली केटीहरूले फेसन देखाउँदै हिंड्नु नै हो।

**किस्मत चाम्लिङ**

हामीलाई के थाहा ? हाम्रा ठूला भनाउँदा नेताहरूसँग सोध्नुहोस् नभने म भनिदिउँला।

**नारायण पुर्कोटे**

अर्काको खुट्टा तान्ने प्रवृत्तिका स्वार्थी नेताहरू नै मूल समस्या हुन्।

**खेमराज लुइँटेल**

नेताका लागि कुर्ची र जनताका लागि खुट्टा तान्ने प्रवृत्ति नै होला नि।

**मल्लिका मल्ल (१८), धादिङ**

नेपालको सबैभन्दा ठूलो समस्या बेरोजगारी हो, त्यसैले नेपालीहरूले अर्काको देशमा गएर नोकरी गर्नुपर्छ।

**नुर्गा विरू**

## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**प्रश्न : म २० वर्षीय अविवाहित युवक हुँ। मेरो विद्यार्थी जीवनदेखि नै एउटी केटीसाथीसँग प्रेमसम्बन्ध रहँदै आएको छ। केही समयअघि भेट हुँदा मलाई मेरी प्रेमिकाले यौनसम्पर्कको प्रस्ताव गरिन्। उनको प्रस्तावलाई मैले स्वीकार गरें। मैले त्योभन्दा पहिले कसैसँग यौन सम्पर्क गरेको थिइनँ, तर पहिले यौनसम्पर्कमा मेरो लिंग पूर्ण रूपमा उत्तेजित भएन। त्यसकारण मलाई यौनसन्तुष्टि भएन, जसले गर्दा मानसिक तनाव बढेको छ। यौनजन्य चलचित्र तथा पत्रपत्रिका हेर्दा र पढ्दा पनि यौन उत्तेजना कम हुन्छ। कहिलेकाहीं यौनआनन्दका लागि हस्तमैथुन गर्छु। त्यसको असर परेको हो कि भन्ने चिन्ता छ। यसका लागि मैले के गर्नुपर्ला ? १. पूर्ण रूपमा लिंग उत्तेजित गराउन के गर्नुपर्छ ? २. पूर्ण रूपमा उत्तेजना हुन किन गाह्रो भएको हो ? ३. के गरे फाइदा पुग्ला ? ४. हस्तमैथुन नगरेको बेला चार-पाँच दिनको अन्तरमा किन स्वप्नदोष हुन्छ ?**

**–बी.सी.एस.**

**उत्तर : विवाहपूर्वको यौनसम्पर्क**

हामी सबैलाई थाहै छ, यौन उत्तेजना एक सामान्य कुरा हो र युवा अवस्थामा यो क्रम तीव्र हुन्छ। किशोरावस्थामा साथी (हरू)को दबाबको प्रतिकार गर्न निकै गाह्रो हुन्छ। त्यसमा पनि प्रेमिकाको प्रस्ताव नकार्न त अझ गाह्रो पर्छ। विवाहपूर्व यौनसम्पर्क राख्ने चलन अहिले बढ्दो रूपमा भए पनि यो सामाजिक रूपमा अमान्य भएकाले यसबाट जीवनमा असर पर्न सक्छ भन्ने कुरामा ध्यान दिनुपर्छ। सामाजिक बहिष्कार तथा हेंलाको सामना गर्नुपर्ने हुनसक्छ। गर्भनिरोधका उपाय नअपनाई यौनसम्पर्क गर्दा गर्भ रहने सम्भावना हुन्छ नै। यदि गर्भ रहे बेइज्जती सहनुपर्ने, वैवाहिक सम्बन्धमा बाँधिन बाध्य हुनुपर्ने, परिपक्क नभै अभिभावकको भूमिका निर्वाह गर्नुपर्ने हुन सक्छ। गम्भीर आर्थिक तथा सामाजिक असुरक्षाजस्ता समस्याको सामना गर्नुपर्ने हुनसक्छ। अर्को पक्ष, गर्भ तुहाउन गरिने प्रयास तथा असुरक्षित गर्भपतनका आफ्नै समस्या हुन्छन्। त्यसैकारण सोचविचार नपुऱ्याई गरिने यौनसम्पर्कबाट बच्नु आवश्यक छ। जोसमा होस नगुमाउन केही निश्चित सीप हुनु आवश्यक छ। यदि यौनसम्पर्कबाट पूर्ण परहेज गर्न सकिदैन भने वैकल्पिक यौनआनन्द पाउने उपाय अपनाउनुपर्ने हुन्छ। गर्भनिरोधकको प्रयोग भरपर्दो रूपमा गर्नुपर्छ।

**लिंग कसरी उत्तेजित हुन्छ ?**

इन्द्रियहरूबाट ग्रहण गरेका सन्देशहरू मस्तिष्कसम्म पुगेपछि चेतनरूपमा हामीले सो कुरा थाहा पाउँछौं। विभिन्न अङ्ग (स्रोत) बाट सन्देशहरू स्नायु प्रणालीका नसाहरूबाट विद्युतीय तरंग वा रसायनहरूको माध्यमबाट मस्तिष्कसम्म पुग्छन् र त्यसलाई मस्तिष्कले अर्थ लगाएपछि हामीले थाहा पाउँछौं। यौन उत्तेजना हुने किसिमका सन्देशहरू प्राप्त भए हामीमा यौन उत्तेजना बढ्छ। व्यक्तिअनुसार कुन किसिमको सन्देश बढी यौन उत्तेजक हुन्छ भन्ने कुराचाहिँ फरक-फरक हुनसक्छ। यसरी यौन उत्तेजित हुन सुरु भएपछि लिङ्गका धमनीहरूबाट बढी मात्रामा रगत लिङ्गमा भएको उत्थित हुन सक्ने विशेष तन्तुमा जम्मा हुन थाल्छ, साथै लिङ्गबाट रगत बाहिर निस्कने क्रम घट्छ र लिङ्ग कडा, मोटो र लामो हुन्छ। यसलाई नै हामी लिङ्ग उत्तेजित भएको भन्छौं। यौनक्रिया मात्र शारीरिक क्रिया नभै मानसिक तथा भावनात्मक सम्बन्धहरूको मिश्रणसहितको एक जटिल कार्य हो। यौन उत्तेजनाका सन्देश मस्तिष्कसम्म यौन अंगबाहेक अन्य इन्द्रियबाट पनि आउँछन्। स्पर्श एक प्रमुख कुरा हो, हातले लिङ्ग हल्लाउनु वा यौनसम्पर्क गर्नु वास्तवमा स्पर्श नै हो। आँखा (दृष्टि) ले नग्न वा अर्धनग्न चित्र वा शरीरका अङ्ग देख्दा यौन उत्तेजना हुन्छ। लिङ्गको कडापन उत्तेजनाको स्रोत तथा आफ्नो शारीरिक तथा मानसिक स्थितिमा भर पर्छ। तपाईंलाई थाहै होला, यौनका सम्बन्धमा सोच्दा मात्र पनि उत्तेजना हुनसक्छ। तपाईंले यौन चलचित्र वा पत्रप्रत्रिका हेर्दा यौन उत्तेजना कम हुने कुरा गर्नुभएको हो वा यौनेच्छा नै कम हुने कुरा गर्नुभएको हो, स्पष्ट रूपमा लेख्नुभएको भए जवाफ दिन सजिलो हुने थियो।

**लिंग उत्तेजना नहुने कारण ?**

चाहिएको बेलामा चाहेजस्तो गरेर लिङ्ग उत्तेजित नभै यौनसम्पर्क राख्न नसकेको अनुभव धेरैजसो पुरुषले जीवनको कुनै न कुनै बेला गरेका हुन्छन्। लिङ्ग उत्तेजित नहुनु वा उत्तेजित अवस्थामा आइसकेको लिङ्गलाई सो स्थितिमा राख्न नसक्ने समस्यालाई अंग्रेजीमा ष्उयतभलअभ वा भचभअतर्षभ मथकागलअतष्थल भनिन्छ। लिङ्ग उत्तेजित नहुने कारण शारीरिक तथा मानसिक दुवै हुन सक्छन्। लिङ्गको उत्थित हुन सक्ने तन्तुमा रक्तप्रवाहलाई नकारात्मक रूपमा प्रभाव पर्ने कुनै पनि स्थिति लिङ्ग उत्तेजना नहुने सम्भावित कारण बन्न सक्छ। मानिस यन्त्र नभएकाले उसका कार्य एकै नासका हुँदैनन्। लिङ्गको दह्रोपनका लागि मानसिक पक्ष एकदमै महत्त्वपूर्ण हुन्छ। जीवनमा सबैजसो पुरुषले कुनै न कुनै बेला लिङ्ग उत्तेजना हुन अप्ठ्यारो भएको वा कडापन कम भएको महसुस गरेको हुन्छ। लिङ्ग उत्तेजित हुन नसक्ने थुप्रै कारण हुन सक्छन्। हस्तमैथुन गर्दा लिङ्ग राम्रैसँग उत्तेजित भएको हुनुपर्छ। यसले तपाईंको लिङ्ग उत्तेजनको सन्दर्भमा शारीरिक पक्ष ठीकै भएको देखिन्छ। एकपल्ट मात्र तपाईंको लिङ्ग उत्तेजित हुन समस्या देखिएकाले खासै चिन्ता गर्नुपर्ला जस्तो लाग्दैन। तनावपूर्ण वा डर भएको स्थितिमा भने लिङ्ग उत्तेजित नै नहुन वा भएको उत्तेजना पनि हराउन सक्छ। कडा सामाजिक बन्देज भएकाले अविवाहित यौनसम्बन्ध राख्दा वा प्रयास गर्दा एक किसिमको तनाव त हुन्छ नै। समाजवाट लुक्नुपर्ने मात्र होइन, मनमा पनि द्वन्दात्मक स्थिति हुन सक्छ। त्यसमा पनि हतारमा यौनसम्पर्क गर्नुपर्दा वा कसैलाई आफ्नो यौनक्षमता प्रदशित गर्नुपर्ने दबाब भए समस्या बढ्न सक्छ।

**कम गर्न के गर्नुपर्ला ?**

किशोरावस्था तथा युवा अवस्थामा लिङ्गको उत्तेजना सजिलै हुने गरे पनि अनपेक्षित रूपमा यसरी लिङ्गको उत्तेजना नहुँदा निकै चासो तथा चिन्ता हुन्छ, त्यसमा पनि पहिलो यौनसम्पर्कमा नै। यस्तो बेला आफ्नो यौन क्षमता प्रदशित गर्नुपर्ने दबाब भएमा समस्या अझ चर्को हुनसक्छ। यस्तो स्थितिलाई उभायचकबलअभ बलहष्भतथ भनिन्छ। सर्वप्रथम त कारण नै पत्ता लगाउनुपर्ने हुन्छ, किनभने त्यसको उपचार वा समाधान त्यसमै भर पर्छ। मुख्य कुरा तनाव, चिन्ता वा भयलाई कम गर्न सक्नुपर्छ। आत्मविश्वास बढाउने कार्यतिर लाग्नुपर्छ। यौनसाथीसँग लिङ्ग उत्तेजित हुने गरेर यौनसम्पर्करहित यौनक्रियाकलापमा पर्याप्त समय बिताएमा सहयोग पुग्न सक्छ। दुवैले आफ्नै समस्या हो भन्ने ठानेर समाधान गर्ने प्रतिबद्धताका साथ प्रयास गरे समस्या समाधान गर्न सकिन्छ। समस्या कायम रहे चिकित्सकसँग सम्पर्क राख्नुपर्छ, जसले गर्दा समस्याको सही निदान र त्यसैअनुसारको उपचार गर्न सकियोस्।

**हस्तमैथुन नगर्दा किन स्वप्नदोष हुन्छ ?**

यौनेच्छा शान्त पार्ने हस्तमैथुन वा यौनसम्पर्कजस्तो कुनै उपाय गर्न नसकिएको अवस्थामा स्वाभाविक रूपमा निदाएको बेलामा भए पनि स्वप्नदोषको माध्यमबाट यौनतनाव शान्त हुन्छ, त्यसैले यस विषयमा चिन्ता लिनुपर्ने देखिँदैन।


**के तपाईंमा यौन सम्बन्धी समस्या छ ?**

**पुरुषहरूमा देखिने**
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु।

**महिलाहरूमा देखिने**
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु।

**मानसिक**
निराशा उदासिपन, मानसिक डर, भय, दिमागको वोधोपन।

महिला वा पुरुषहरुमा हुने बाँझोपन (नि:सन्तान) को गोपनियताका साथ उपचार

सम्पर्क स्थान: **माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक**
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५

**शाखा कार्यालय**
पोखरा – ०६१-५३९१९४ | वुटवल – ०७१-५४८८९३
भरतपुर – ०५६-५२०९६८ | इटहरी – ०२५-५८४०८८
दाङ– ०८२-५६२९८३, | हरिओन सर्लाही – ०४६-५३०४८४
हेटौडा – ०५७-५२६०४६ | सप्तरी, फत्तेपुर – ०३१-५५०११२



**सुखी विवाहित जीवनको लागि**
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
**पापुलर आयुर्वेद औषधालय**
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं



**The Flying Institute**
announces Admission open for
**Airhostess Training**



Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
Call: 4465653, 9841278689
www.theflyinginstitute.edu.np
**The Flying Institute P. Ltd.**
Minbhawan, Kathmandu




**सौन्दर्यका सामान**
- Height बढाउने (Yoko Japanese)-1050/-
- मोटोपन घटाउने (Sauna Belt)
- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन बढाउने, घटाउने साथै टाइट गर्ने (Cream)
- डण्डीफोर, चाया पोतो हटाउने (Cream)
- धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
- लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाईट गर्ने।

Free Home Delivery / 100% Guaranteed
**Worldwide Shopping Centre**
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Newbaneshwor 9808301235
Ph. 2290871, Mob. 9841506134



**Welcome to Learn** / free books/cassettes N practice time
**English** - 2&3 months packages - special/speaking classes - Audio/Visual in British/American tone
Japanese/Chinese/French/Spanish/German/Korean/Nepali.....
IELTS/TOEFL/VISA/Job interview pre.
**Tuition** All in One Master's, Bachelor's, School's N +2 package 4 children & Eng. b4 & after S.L.C
+2 Acc.@650/- (Course Complete)
**Computer** Basic-Advanced (well manged lab) Acc./Office/Graphic/Web/Photoshop/Hardware
अंग्रेजी जान्दै नजान्नेलाई पनि सिकाइन्छ र सबै कोर्षमा कमजोरकालागि विशेष help
**OASIS** Language&Computer Institute Galkopakha Thamel 4359170
**MILLIEUX** Begining The Best Isstitute Thamel 4418912

# भारोत्तोलनमा इतिहासकै खराब नतिजा



‘अहिलेसम्मकै खराब’, दुई शब्दमै ढाकामा नेपाली भारोत्तोलन टोलीले बेहोरेको नतिजा व्यक्त गर्न सकिन्छ। ११ औं सागमा नेपालले भारोत्तोलनबाट ठूलै अपेक्षा गरेको थियो, विशेष गरी कमलबहादुर अधिकारीबाट। चार वर्षअघि दसौं सागमा ऐतिहासिक स्वर्ण जितेका अधिकारी ११ औं सागमा पदकविहीन भए। बाँकी ५ खेलाडी पनि पदक जित्न असफल भएपछि पहिलोपल्ट दक्षिण एसियाली खेलकुदमा नेपाली भारोत्तोलन टोली रित्तो हात भएको छ।

तीन खेलाडी मात्र सहभागी ६९ किलोग्राम तौलको स्पर्धामा कमल क्लिबन एन्ड जर्कमा १ सय ५२ किलोग्राम भार उठाउने प्रयासमा असफल भएपछि वासआउट अर्थात् ‘अयोग्य’ ठहरिएका थिए। उनको त्यो प्रयास रजत पदकका लागि थियो। अन्तिम स्थानमा रहँदा पनि कांस्य निश्चित भएको स्पर्धामा उनले आफ्नो कीर्तिमानभन्दा दुई किलोग्राम थोरै उठाउन सकेनन् र पाउने पदक पनि गुमाए। स्न्याचमा भने उनले १ सय १७ किलोग्राम भार उचालेर नयाँ राष्ट्रिय कीर्तिमान बनाएका छन्। बलिया खेलाडी प्रतिद्वन्द्वी रहेकाले स्पर्धा परिवर्तन गरेर ७७ किलोग्राममा खेल्ने कमलको अन्तिम समयसम्मको प्रयास सफल हुन सकेन।

दसौं सागमा कांस्यपदक पाएका ज्ञानबहादुर श्रेष्ठको नियति पनि कमलकैजस्तो रह्यो। ९४ किलोग्राम तौल समूहमा सहभागी उनी स्न्याचमै अयोग्य ठहरिए। १ सय १० किलोग्राम उचाल्ने तीनपल्टको प्रयास असफल भएपछि उनी क्लिन एन्ड जर्कसम्म पुग्ने पनि मौका पाएनन्। डोपिङ टेस्टमा पाकिस्तानी खेलाडी असफल भएपछि नवौं सागमा कांस्य हात पारेका गोपालबहादुर श्रेष्ठ १ सय ५ किलोग्रामभन्दा माथिको तौल समूहमा स्न्याचमा १ सय १२ किलोग्राम र क्लिन एन्ड जर्कमा १ सय ५२ गरी कुल २ सय ७४ किलोग्राम उठाएर चौथो भए।

१ सय ५ किलोग्राम तौल समूहमा पुन्तीलाल यादव चौथो स्थानमा रहे। उनले स्न्याचमा १ सय २१ र क्लिन एन्ड जर्कमा १ सय ५६ गरी कुल २ सय ७७ किलोग्राम भार उचाले। त्यस्तै ५६ किलोग्राममा हेम शंकर चौधरी र ६२ किलोग्राममा विकास थापाको ढाका यात्रा अनुभवमै सीमित रह्यो। पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी दुवैले पदकमा चुनौती दिन सकेनन्।

नेपाली खेलकुदको इतिहासमा भारोत्तोलनको स्वर्णिम इतिहास छ। अन्तर्राष्ट्रिय प्रतियोगितामा सर्वाधिक पदकको संख्या नेपालले भारोत्तोलनबाटै ल्याएको थियो। दक्षिण एसियाली खेलकुदमा अहिलेसम्म नेपाली भारोत्तोलकले १ स्वर्ण, २४ रजत र ८६ कास्य गरी कुल १ सय ११ पदक दिलाएका छन्। ढाकामा भएको छैटौं सागमा भारोत्तोलन समावेश गरिएको थिएन। यसपालिबाहेक बाँकी सबै संस्करणमा नेपाल पदकविमुख भएको थिएन।

ढाकामा पदकविहिन हुनुपर्ने स्थिति कहिल्यै नसोचिएको मुख्य प्रशिक्षक तिलकबहादुर रावतले बताए। एकपछि अर्को प्रतियोगितामा कमजोर बन्दै गएको नेपाली भारोत्तोलन सन् १९८० को दशकमा दक्षिण एसियामा बलियै मानिन्थ्यो। ‘त्यसबेला भारत र पाकिस्तानी खेलाडीलाई चुनौती दिनसक्थ्यौं’, पूर्वखेलाडी एवम् अहिलेका व्यवस्थापक सुरेन्द्र हमालले भने, ‘अहिले बंगलादेश र श्रीलंकाकै हाराहारीमा झरेका छौं।’ सरकारी पक्षबाट बेवास्ता गरिए योभन्दा नराम्रो दिन आउन सक्ने उनले बताए।

विनिता महर्जन। बंगलादेशको ढाकामा भएको ११ औं दक्षिण एसियाली खेलकुदमा नेपालका लागि पहिलो स्वर्ण पदक दिलाउने खेलाडी। नवौं दिनसम्म पनि नेपालले कुनै स्वर्ण नजित्दा नेपाली टोलीमा निराशा छाइसकेको थियो। यस्तो स्थितिमा उसुकी विनिताले स्वर्ण भित्र्याएर राहतको काम गरिन्। विनितासँग साप्ताहिकको पाँच प्रश्न।




**स्वर्ण जितेपछिको अनुभव ?**

स्वर्ण जित्दाको अनभुव अविस्मरणीय रह्यो। स्वर्ण जित्ने उद्देश्य प्रत्येक खेलाडीको हुन्छ, त्यो सपनालाई मैले पूरा गरेँ। नेपालले बंगलादेशमा यसपल्ट जितेको यो स्वर्ण नै पहिलो भएको थाहा भएपछि खुसी अझ दोब्बर भयो।

**खेलयात्रा कस्तो थियो ?**

दस वर्ष भयो, खेल्न थालेको छ। जलजला स्कुलमा पढ्दा उसु नियमित खेलिन्थ्यो। जानेर नजानेर त्यसै खेलमा लागियो। त्यसै बेला स्कुल स्तरका धेरै प्रतियोगितामा सहभागिता जनाएँ। यहाँसम्म पुग्न धेरै मेहनत गरेको छु। धेरैले मलाई सहयोग गरेका छन्। स्वर्णको सफलतामा सबैको हात छ। सुरुका दिनमा म खेलप्रति गम्भीर थिइनँ। अब सबै फरक भएको छ।

**दक्षिण एसियामा उसुको स्तर कस्तो छ ?**

सबै देश बलियो हुन थालेका छन्। उसु मात्र होइन, सबै खाले मार्सल आर्टसमा नेपाल बलियो मानिन्छ। अब अरू देशले पनि आफ्नो स्तरमा धेरै सुधार गरेका छन्। सबै देश उत्तिकै देखिन थालेका छन्।

**चीन भ्रमण कत्तिको फाइदा रह्यो ?**

हामी ढाका जानुअघि चीन गएको थियौं, प्रशिक्षणका लागि। त्यहाँ मैले धेरै कुरा सिक्ने अवसर पाएँ। स्वर्णको सफलताका पछाडि चीन बसाइ मुख्य कारण रह्यो।

**अबका योजना के छन् ?**

आउने केही वर्ष अझै खेल्न चाहन्छु। अझ धेरै सफलता चाख्न चाहन्छु। मेरो भविष्यको लक्ष्य भनेको प्रशिक्षक बन्नु नै हो। म स-साना नानीहरूलाई उसु सिकाउन चाहन्छु। म उनीहरूलाई सफल खेलाडी बनाउन चाहन्छु।

# हकीमा स्तर जाँच्ने अवसर

ढाका- विश्वास नहुन सक्छ, कुनै समय हक्की नेपालमा सर्वाधिक लोकप्रिय खेल मानिन्थ्यो। अचेल फुटबल र क्रिकेट खेलिएजस्तै राजधानीका गल्ली गल्लीमा हक्की खेलेको हेर्न पाइन्थ्यो। सन् ८० को दशकसम्म कायम यो लोकप्रियता बिस्तारै ओरालो लाग्न थाल्यो र केही वर्षमै शून्यमै झर्‍यो।

हक्की लगभग दुई दशकको अन्तरालपछि पाँचौं राष्ट्रिय खेलकुदमा फर्किएको थियो। त्यसयता सीधै नेपाली हक्कीको राष्ट्रिय टिमले ११ औं दक्षिण एसियाली खेलकुद खेलेको थियो। सबैको अपेक्षाअनुसार नेपालले एकपछि अर्को खेलमा पर्याप्त गोल खाए। ढाकामा हक्कीप्रेमीहरूले यस्तो भनेको पनि सुनियो, नेपाल टिम आखिरमा किन ढाका आयो ?

नेपाली टिमको सहायक प्रशिक्षक बाबुराम आचार्यको भनाइ सापटी लिने हो भने नेपाल दक्षिण एसियाली स्तरमा हक्की कहाँ पुग्यो, जाँच्न चाहन्थ्यो। ‘भारत र पाकिस्तान दुई बलिया टिम हुन्, यसमा शंका छैन, उनीहरू विश्व हक्कीकै शक्ति हुन्। अब त श्रीलंका र बगलादेश पनि बलिया भैसकेका छन्, हामीले त्यो बुझ्ने अवसर पायौं’, बाबुरामले भने।

नेपाल पहिलो खेलमा भारतसँग २१-० ले हार्‍यो भने दोस्रोमा श्रीलंकासँग १९-१ ले पछाडि पर्‍यो। त्यसमा जितेन्द्र ऐरले ऐतिहासिक गोल गरे। अन्तर्राष्ट्रिय हक्कीमा नेपालका लागि यो दुर्लभ दोस्रो गोल मात्र थियो। तेस्रो खेलमा नेपाल स्वर्ण विजेता पाकिस्तानसँग १५-० ले हार्‍यो। बंगलादेशविरुद्धको अन्तिम खेल २४-० ले गुमायो।

संयोगले त्यो हार दक्षिण एसियाली खेलकुदै सर्वाधिक ठूलो हार रह्यो। बंगलादेशलाई अंकतालिकामा आफ्नो स्थान सुधार्न बढी गोलको आवश्यकता थियो र त्यसका लागि बंगलादेशले श्रृङ्खलाबद्ध आक्रमण बुन्यो। ‘सबै हार अपेक्षित नै थिए’, बाबुरामले भने, ‘दुई साताको अभ्यासले राम्रो नतिजा ल्याउन सकिँदैन।’

वास्तवमा नेपालको मुख्य समस्या हक्कीको क्रियाकलाप नहुनु नै थियौं, उत्तिकै समस्या मैदानलाई लिएर पनि थियो। आजभोलि हक्की आर्टिफिसियल मैदानमा खेलिन्छ, नेपालमा यस्तो मैदान उपलब्ध छैन। नेपाली खेलाडी घाँसे मैदानमै अभ्यास गर्छन्। आर्टिफिसियल मैदानमा फुटवर्क मिलाउन पनि कम्तीमा दुई महिना अभ्यास गर्नुपर्छ।

नेपाली खेलाडीले हक्कीमा केही गर्लान भन्ने आशा कसैमा थिएन। नेपालको अन्तिम स्थिति थियो, ७९ गोल खाएको र एक गोल फर्काएको। आउने दिनमा हक्कीले नेपालमा केही चहलपहल पाउने ठाउँ पनि नरहेको स्थितिमा केही हुने सम्भावना पनि छैन। वास्तवमा हक्कीको स्तर जाँच्ने बहाना महँगो सावित भयो।


BBS (T.U.) मा भर्ना
भर्ना शुल्क रु. ३,७५०/- मात्र
कान्तिपुर कलेज
नयाँ बानेश्वर, शंखमुल जाने बाटो
☎ 4-783619, 4-785627

अत्यन्त जरूरी सूचना !
नक्कली Berina देखि सावधान!
हाल बजारमा देखा परिरहेको नक्कली बेरिनाका सामानहरु बिक्री वितरण भै-रहेको हुँदा बेरिनाको प्रत्येक उत्पादनमा सक्कली बेरिनाको होलोग्राम (Hologram) चिन्ह हेरेर मात्र खरिद गर्नुहुन सर्वसाधारण ग्राहक महानुभाव हरुलाई अनुरोध गरिन्छ।
सक्कली बेरिनाको होलोग्राम चिन्ह




Pornsri Cosmetic Co., Ltd.
Bangkok - 10320, Thailand

BE Entrance Preparation
Admission Open !
- Managed by Highly Experienced Professor and Post Graduate Engineers of IOE, Pulchowk Campus.
- Provided Text books, Question banks and Practice Sheets.
- IOE top tens with 90.85% scores in BE Entrance 2009.
- IOE 1st & 2nd Toppers in BE Entrance 2008 and IOE 1st Topper in ME Entrance 2009.

KEI Kantipur Educational Institute
Kupandol, Lalitpur, Tel: 01-5540917
Web: www.kei.edu.np, E-mail: info@kei.edu.np

तु-आवश्यकता
American Multinational Company लाई थप कर्मचारी आवश्यकता।
योग्यता: SLC/PCL or Above
संख्या: 7 Ladies/7 Gents
सुविधा: 5500-10000 + Bonus
सम्पर्क
01-5532447
9803437476
9849195511
ललितपुर नख्खुदोबाटो चोक
Note : बुझ्न आउदाँ Document अनिवार्य छ

तु: ५५ कर्मचारी
चावहिल स्थित बहुराष्ट्रिय Public Company लाई कर्मचारी आवश्यकता।
Qualification: SLC or Above
तलब: 5500+TA+Bonus
Sky.Net Chahabil Chowk
01-4478001, 9851054287
9803920645
Note: बुझ्न आउदाँ Document अनिवार्य छ

Wanted
L.G Company लाई कर्मचारी आवश्यकता
संख्या: 8 Gents & Ladies
तलब: 10,000/-
योग्यता: SLC/PCL
Unique Solution
Gwarko, Lalitpur
5543056, 9841466409
9803897872
नोट: बुझ्न आउदाँ Document अनिवार्य छ।





# जसले नेपालको नाम राखे

**राजेन्द्र भण्डारी, एथलेटिक्स**

राजेन्द्र चार वर्षअघि दसौं सागमा दुई स्वर्ण जितेर पनि डोपिङमा असफल भै नायकबाट एकाएक खलनायकमा परिणत भएका थिए। शक्तिबर्धक औषधी सेवन गरेको प्रमाणित भएपछि उनको पदक खोसिएको थियो। त्यसपछि राजेन्द्रले दुई वर्ष प्रतिबन्ध सहनुपर्‍यो। यसपालि ढाकामा म्याराथनको स्वर्ण जितेर उनले गुमेको आफ्नो साख जोगाउने प्रयास गरेका छन्। मध्यम दूरीको स्पर्धा परिवर्तन गरेका ३३ वर्षीय धावक राजेन्द्रको विजय विवादरहित भने रहेन। म्याराथनको दूरी ४२ दशमलव १९५ किलोमिटर हुनुपर्छ तर ढाकामा ३७ मिलोमिटर मात्र दौडाइएको थियो। त्यो दूरी १ घण्टा ५९ मिनेटमा पार गरेर राजेन्द्र दोस्रो स्थानको श्रीलंकालीभन्दा १ मिनेट अघि रहे, तथापि आयोजकले विजेताको समय भने सार्वजनिक गरेनन्।

**आङबाबु शेर्पा, उसु**

एक वर्षअघि ढाकामै भएको दक्षिण एसियाली उसु च्याम्पियनसिपको सफलतालाई आङबाबुले ११ औं सागमा पनि दोहोर्‍याएका छन्। थाउलुमा उनले जितेको स्वर्ण महत्त्वपूर्ण त छँदैछ, पाएको अंक पनि दुर्लभ रह्यो। २० पूर्णांकमा यी २९ वर्षे खेलाडीले १९ अंक प्राप्त गरेका थिए। यति प्राप्तंकलाई उसुमा दुर्लभ मनिन्छ।

**विनिता महर्जन, उसु**

सागको सुरुवाती नौ दिन नेपालका लागि निराशाजनक थिए। हात लागेका आठै स्वर्ण अन्तिम तीनमा दिन सम्भव भएको थियो। त्यसमा नेपाललाई पहिलो स्वर्ण दिलाएकी थिइन्– विनिताले। २१ वर्षीय विनिताले उसुको सान्सौंमा स्वर्ण चुमेर दुई वर्षअघि गुमाएकी आमाको इच्छा पूरा गरेकी थिइन्।

**सुनिल लामा, कराँते**

सागमा यसपालि सर्वाधिक सफलता दिलाएको कराँतेमा नेपालका लागि पहिलो स्वर्ण सुनिल लामाले जितेका थिए। २३ वर्षीय लामाले ५५ किलोग्राम तौल समूहको फाइनलमा भारतीय खेलाडीको चुनौती समाप्त पारेका थिए।

**विनोद शाक्य, कराँते**

कराँतेमा निकै लामो अनुभवले विनोदलाई ढाकामा राम्रो प्रतिफल दिएको छ। दसौं सागका कांस्यधारी ३३ वर्षे विनोदले पाकिस्तानी उद्धिनलाई ९-१, अफगानिस्तानी सैयदलाई ७-१ तथा श्रीलंकाली निफाजलाई ५-३ ले पराजित गर्दै साग स्वर्णको यात्रालाई सफल तुल्याएका थिए।

**गंगा अधिकारी, कराँते**

तीस वर्षीया अनुभवी खेलाडी गंगाले पाकिस्तानी गुलसमलाई ९-१ र भारतीय रेवतीलाई ६-० ले सहजै हराएर फाइनल यात्रा तय गरेकी थिइन्। प्रभावशाली प्रदर्शन गरेकी अधिकारी ५-१ ले अघि रहेको स्थितिमा अफगानी जेनावलाई निर्णायकले अयोग्य ठहराएपछि स्वर्ण विजेता बनिन्। छनौटमा बलियी तारा गुरुङलाई पराजित गर्दै गंगाले अविश्वसनीय रूपमा साग यात्रा तय गरेकी थिइन्।

**आयशा शाक्य, तेक्वान्दो**

चार वर्षअघि कोलम्बोमा अन्तिम समयमा गरेको गल्तीका कारण फाइनल हारेकी आयशाले स्वर्णको धोको यसपालि पूरा गरिन्। नेपाली तेक्वान्दोकी आशलाग्दो यी स्टार खेलाडीले पाकिस्तान, श्रीलंका र भारतीय प्रतिद्वन्द्वीलाई संघर्षपूर्ण रूपमा हराएर स्वर्ण चुमेकी थिइन्। उनले ५३ किलोग्राममुनिको स्पर्धामा सफलता हात पारेकी हुन्।

**देवु थापा, जुडो**

देवु अहिले पनि अस्पतालमा छिन्। अझै कति साता अस्पतालमा बिताउनुपर्ने हो, थाहा छैन। उनको कम्मरदेखि मुनि अहिले पनि राम्रोसँग चल्दैन। राम्रोसँग हिंड्न पनि सक्दिनन्। तैपनि उनले पेनकिलर खाएर एरेनामा उत्रँदै नेपालका लागि कांस्य जितिन्। अघिल्लो सागकी कांस्य विजेता ३५ वर्षीया देवुको साहसको सबैले प्रसंशा गरे।

**जमुना गुरुङ, फुटबल**

दशकयता पहिलोपल्ट अन्तर्राष्ट्रिय फुटबल खेलेको नेपाली महिला फुटबल टिमले सागमा रजत पदक हात पार्‍यो। यसअघि एसियन च्याम्पियनसिपका तीन प्रतियोगितामा सहभागी नेपालको नतिजा अत्यन्त खराब थियो। नेपालको उपलब्धिमा कप्तान जमुना गुरुङको भूमिका नेतृत्वदायी थियो। पाकिस्तानमाथि ७-० को जितमा ३ गोल गरेर उनी अन्तर्राष्ट्रिय फुटबलमा ह्याट्रिक पूरा गर्ने पहिलो नेपाली खेलाडी बनिन्। नेपालका लागि सर्वाधिक ७ गोल जमुनाले नै गरिन्।

## जो चलेनन्

**पुरेन्द्रविक्रम लाखे, कराँते**

नेपालको ढाका यात्रामा सर्वाधिक सफलता कराँतेले दिलायो। ११ औं सागमा सबैभन्दा खराब व्यवस्थापक नेपाल कराँते महासंघका अध्यक्ष पुरेन्द्रविक्रम लाखे ठहरिए। उनकै कारण नेपालले थप पदकबाट हात धुनुपर्‍यो। टेक्निकल कमिटी र दक्षिण एसियाली ओलम्पिक कमिटिको बैठकमा दस स्पर्धामा दस खेलाडी सहभागी गराउने आयोजक बंगलादेशको प्रस्तावमा सहमति जनाएर फर्किए पनि उनले नेपाली प्रशिक्षक र खेलाडीलाई परिवर्तित नियमका सम्बन्धमा जानकारी गराएनन्। आफूलाई त्यो नियम थाह नभएको बताएर उनले प्रशिक्षकलाई पटकपटक ढाँट्ने काम गरे। दस स्पर्धाका लागि नेपालले १५ खेलाडीलाई प्रशिक्षण दिएको थियो। त्यसमध्ये ५ खेलाडी ढाका जान पाएनन्। त्यसैले स्वर्णको बलियो सम्भावना रहेको पुरुष र महिला टिम स्पर्धामा नेपालको तयारी खेर गयो।

**सुनिल राजकर्णिकार, कपर्दी**

लिफ्ट दुर्घटनापछि सर्वाधिक चर्चा बटुल्ने पात्र हुन्– सुनिल राजकर्णिकार। नेपाल कपर्दी संघका अध्यक्ष तथा ओलम्पिक कमिटीका सदस्य सुनिलले ढाकामा कहिले निर्णायकको सर्टिफिकेट नक्कली भएको प्रचार गरे त कहिले प्रशिक्षकलाई नै हटाए, खेलाडीलाई धम्क्याए। त्यसैले उनले खेलाडी, प्रशिक्षक एवं निर्णायकको आक्रमण सहनुपर्‍यो।

**आङडेण्डी शेर्पा, उसु**

नेपाल उसु संघका अध्यक्ष सागका अर्का विवादास्पद प्रतिनिधि हुन्। नभएको स्पर्धामा शर्मिला कारञ्जितलाई छनौट गरेर उनले सागको तयारी गराएका थिए। अन्तिम समयमा शर्मिलाको स्पर्धा नै नभएको





खुलासा भएपछि उनले कडा आलोचना खेप्नुपर्‍यो।

**कमलबहादुर अधिकारी, भारोत्तोलन**

नेपाली भारोत्तोलकले सागमा जितेको एकमात्र स्वर्ण कमलबहादुर अधिकारीको नाममा छ। प्रशिक्षणमा लगातार प्रगति गरेर पनि उनी यसपालि ढाकामा असफल भए। आँटेको तौल उठाउन नसकेपछि उनले तीन जना सहभागी भएको स्पर्धामा पनि पदक जित्न सकेनन्। स्न्याचमा भने १ सय १७ केजी भार उचालेर उनले नयाँ राष्ट्रिय कीर्तिमान बनाए। आयोजकसँगको विवाद र उनको रोजाइमा प्रशिक्षकको निर्णयलाई पनि सही मान्न सकिँदैन।

**पुरुष टिम, फुटबल**

नवौं सागदेखि सागको पुरुष फुटबलमा २३ वर्षमुनिको टिमले प्रतिस्पर्धा गर्दै आएको छ। यसपालि स्वर्ण जित्ने लक्ष्यसाथ नेपालले सागमा लगभग पूरै राष्ट्रिय टिम लगेको थियो। सुरुका दुई हारसँगै ढाकामा नेपाली टिमको चुनौती समाप्त भएको थियो। मैदानमै निर्णायकमाथिको आक्रमणले नेपाली पुरुष फुटबल टिम सबैभन्दा अनुशासनहीन ठहरिएको थियो।

**झरना गुरुङ, उसु**

पाँच महिनाअघि थाई राजधानी बैंककमा भएको एसियान मार्सल आर्ट्स गेम्समा नेपालले एकमात्र पदक उसुमा पाएको थियो। त्यो सौभाग्य झरना गुरुङले हात पारेकी थिइन्। सागमा पनि उनीबाट नेपालले स्वर्णको आशा गरेको थियो तर उनी सेमिफाइनलभन्दा माथि जान सकिनन् र कांस्यमै सीमित भइन्।

**करिश्मा कार्की, पौडी**

एक स्पर्धामा घरेलु खेलकुदका सर्वाधिक सफल खेलाडी हुन्– करिश्मा। दस महिनाअघि भएको पाँचौं राष्ट्रिय खेलकुदमा जितेका १२ स्वर्णको उनको रेकर्ड तोड्न लगभग असम्भवजस्तै छ। कांस्यको आशा गरेर ढाका पुगेकी करिश्मा तीन स्पर्धामा कमजोर नतिजा निकालेर रित्तो हात घर फर्किएकी छिन्।





# इतिहास रचे दीपकले

काठमाडौं-कडा मेहनत, अनुशासन र उत्कृष्ट खेलसँगै बलियो आत्मविश्वास । दीपक विष्टले हासिल गर्दै आएको एकपछि अर्को सफलताको आधार हो । यही कडीको उत्कृष्ट संगममा दक्षिण एसियाली खेलकुद (साग) को लगातार चार संस्करणमा स्वर्णपदक जितेर उनले नेपाली खेलकुदमा नयाँ इतिहास रचेका छन् । यो उपलब्धि उनले ११ औं सागमा हासिल गरेका हुन् ।

२६ वर्ष लामो सागको इतिहासको चार संस्करणमा स्वर्ण जित्ने दीपक एक्लो दक्षिण एसियाली खेलाडी बने । बंगलादेशी राजधानीमा प्राप्त सफलतासँगै वैकुण्ठ मानन्धरलाई पछि पारेर दीपक नेपाली खेलकुदमा अहिलेसम्मकै सर्बाधिक सफल खेलाडी दरिएका हुन् । म्याराथन धावक वैकुण्ठले क्षेत्रीय खेल कुम्भको सुरुका तीनै संस्करणमा स्वर्ण जितेका थिए । चौथोमा भने उनी कांस्यमा रोकिएका थिए ।

यसअघि दीपकले सागमा सन् १९९९ को काठमाडौं, २००४ को इस्लामावाद र २००६ को कोलम्बो संस्करणमा स्वर्ण चुमेका थिए । 'इस्लामावादमा मुश्किलले सफल भएको थिएँ', दीपकले भने, 'ढाकामा प्राप्त सहज स्वर्णले मलाई जीवनकै सर्बाधिक खुसी दिलायो ।' अघिल्ला तीन स्वर्ण दीपकले ७८ किलोग्राम तौल स्पर्धामा हात पारेका थिए । तौल नघटाउने चिकित्सकको परामर्श अनुसार यसपालि ८७ किलोग्राम तौल स्पर्धामा सहभागी भएका दीपकले कीर्तिमानी चौथो स्वर्णका लागि पहिलो खेलमा बंगलादेश, सेमिफाइनलमा भारत र फाइनलमा भुटानी खेलाडीको चुनौती पन्छाएका थिए ।

त्यसमध्ये आयोजक बंगलादेशका मोहम्मद मिजानुर यो स्पर्धामा दसौं सागका स्वर्णधारी थिए । उनीमाथि १०-१ को एकपक्षीय जित आत्मसात् गरेका दीपकले भारतीय नकुल मल्होत्रालाई ६-१ ले पन्छाए । फाइनलमा भुटानी टासीको चुनौती १७-९ ले समाप्त पारेर दीपकले दक्षिण एसियाली खेल कुम्भको किर्तिमान कोरेका थिए ।

'मेरो यो सफलता देशप्रति समर्पण गर्न चाहन्छु', ढाकामा सफलता हात पारेपछि ३४ वर्षीय खेलाडी दीपकले सञ्चारकर्मीसँग प्रतिक्रिया दिए, 'यो सफलताले नेपालीलाई थोरै भए पनि खुसी दिन्छ भने त्यो नै मेरा लागि सबैभन्दा ठूलो उपलब्धि हुन्छ ।' कञ्चनपुरस्थित रइकर विचवा-६ का दीपकले आफ्नो सफलता आमा-बुबा, परिवार, गुरु, साथी र सबै खेलप्रेमीको सहयोगले सम्भव मात्र भएको बताए ।

प्रतिकूल स्वास्थ्यस्थिति, आलोचकको शंका एवं प्रतिद्वन्द्वीको चुनौती पार गर्दै दीपकले ढाकामा सफलता चुमेका थिए । बेइजिङ ओलम्पिकको तयारीसँगै बायाँ घुँडामा लागेको चोटको शल्यक्रिया गर्ने मिति सारेर उनी ११ औं सागको अभ्यासमा जुटेका थिए । बढ्दो उमेर, खेलबाहिरको सक्रियता र बिग्रँदो स्वास्थ्यका कारण उनले चौथो स्वर्ण जित्ने कुरामा धैरैले प्रश्न तेर्स्याएका थिए ।

दक्षिण कोरियामा २००२ र कतारमा २००६ मा गरी एसियाली खेलकुदमा दीपकले लगातार २ कांस्य जितेका थिए । एसियाडमा दोहोरो कांस्य जित्ने उनी एक मात्र नेपाली हुन् । १४ वर्ष लामो अन्तर्राष्ट्रिय खेलजीवनमा उनीसँग गत वर्ष भएको बेइजिङ ओलम्पिकको अनुभव पनि छ । छनौट चरण पार गरेर ओलम्पिक खेल्ने उनी दोस्रो नेपाली खेलाडी हुन् । त्यसअघि संगीना वैद्यले मात्र छनौट पार गरेर ओलम्पिक खेलेकी थिइन् ।

ब्ल्याक बेल्ट चौथो डान दीपकले बा-आमाको डाक्टर बनाउने लक्ष्यअनुसार एसएलसी उत्तीर्ण गरेपछि विज्ञानको अध्ययनसँगै तेक्वान्दो खेल्न थालेका थिए । खेलेर पढाई बिगार्छ भन्ने समाज र खेलविरोधी पारिवारिक वातावरणमा अनेक हन्डर खाएर दीपकले तेक्वान्दोको यात्रालाई निरन्तरता दिए । तेक्वान्दो सिक्न उक्साएकाले गुरु तथा छिमेकीलाई गाली गर्दै हातमा लाठी बोकेर छोरा दीपक खोज्न गाउँ चहार्ने कलावती अहिले छोराको सफलताका खबर सुनाउन हतारिन्छिन् ।

डाक्टर नभए पनि खेलमा प्राप्त सफलताका कारण उनी परिवार, समाज र देशवासीका धन्यवाद पात्र भएका छन् । तेक्वान्दोमा प्रवेश गर्नुअघि दीपकले राष्ट्रिय स्तरका भलिबल खेलाडी थिए । आफू सहभागी भएको २३ अन्तर्राष्ट्रिय प्रतियोगितामध्ये अधिकांशमा दीपक खाली हात फर्किएका छैनन् । अहिलेसम्म उनले नेपाली खेलाडीसँग हारेका छैनन् । वर्ल्ड च्याम्पियन, एसियन च्याम्पियन, वर्ल्ड नम्बर वन खेलाडीसँग भिडेको अनुभव आफ्नो खेलजीवनको गौरव गर्न लायक क्षण रहेको उनले बताए । अन्तर्राष्ट्रिय प्रतियोगितामा उनलाई हराउने खेलाडी पनि अहिलेसम्म पदकविहीन भएका छैनन् ।

# मार्सल आर्ट्स नै उत्कृष्ट

काठमाडौं- साढे दुई दशकअघि गरिएको अनुसन्धानले मार्सल आर्ट्स नेपालीका लागि सम्भावना उक्त खेल भएको निचोड निकालेको थियो । त्यो सम्भाव्यता अध्ययन ११ वर्षयता अन्तर्राष्ट्रिय खेलकुदमा नेपालले प्राप्त गरेको सफलताले प्रमाणित गरेको छ । शारीरिक बनौट र क्षमताका आधारमा नेपालीका लागि मार्सल आर्ट्स उपयुक्त खेल भएको त्यो अनुसन्धानले खुलाएको थियो ।

सुविधा र अवसरको अभाव, कम लगानी र अव्यवस्थित व्यवस्थापनका बाबजुद पनि मार्सल आर्ट्सले अन्तर्राष्ट्रिय खेलकुदमा नेपालको इज्जत धान्ने क्रमले ११ औं दक्षिण एसियाली खेलकुद (साग) मा पनि निरन्तरता पाएको छ । १२ दिन लामो क्षेत्रीय खेल कुम्भमा नेपालले ८ स्वर्ण, ९ रजत र २० कांस्य गरेर कुल ३७ पदक जित्यो । विदेशी भूमिमा भएको सागमा नेपालको यो नतिजा अहिलेसम्मकै सर्वोत्कृष्ट हो । यसअघि नेपालले दसौं र नवौं सागमा ७-७ स्वर्ण हात पारेको थियो ।

मार्सल आर्ट्सबाट ढाकामा नेपालले ७ स्वर्ण, ६ रजत र उति नै संख्यामा कांस्य गरी १९ पदक प्राप्त गऱ्यो । त्यो संख्या नेपालले पाएको कुल पदकको ५१ दशमलव ३५ प्रतिशत हो । कराँतेले ३ स्वर्ण, २ रजत र त्यति नै कांस्य नेपाललाई दिलाएको थियो । तेक्वान्दो र उसुबाट समान २-२ स्वर्ण, रजत र कांस्यपदक हात लाग्यो । लिफ्ट दुर्घटनामा परेर पनि जुडोले देशलाई ४ कांस्य दिलायो ।

नेपालका लागि आठौं स्वर्ण म्याराथनमा प्राप्त भएको थियो । दँरी विवादबीच त्यसमा राजेन्द्र भण्डारीले स्वर्ण चुमे । क्षेत्रीय खेल कुम्भको २६ वर्ष लामो इतिहासमा नेपालले अहिलेसम्म जम्मा ६८ स्वर्ण जितेको छ । त्यसमध्ये ५१ स्वर्ण मार्सल आर्ट्सबाट प्राप्त भएको हो । तेक्वान्दोमा सर्वाधिक २४, कराँतेमा २०, उसुमा ४ र जुडोमा ३ स्वर्णपदक पाएको छ । नेपालले अहिलेसम्म बक्सिङमा ६, एथलेटिक्सको म्याराथनमा ५, फुटबलमा २ तथा टेबलटेनिस, सुटिङ, भारोत्तोलन र पौडीमा १-१ स्वर्ण भित्र्याएको छ ।

काठमाडौंमा ११ वर्षअघि भएको आठौं संस्करणसँगै अन्तर्राष्ट्रिय खेलकुदमा नेपाललाई मार्सल आर्ट्सले मात्र सफलता दिलाउँदै आएको छ । आठौं, नवौं र दसौं सागमा नेपालले पाएका ५४ मध्ये ३ स्वर्ण मात्र अन्य खेलबाट आएको थियो । तैपनि दक्षिण एसियाली मार्सल आर्ट्समा नेपालको आधिपत्य भने समाप्त भएको छ ।

## नेपालका पदक विजेता

**स्वर्ण** : विनीता महर्जन (उसु), सुनिल लामा (कराँते), विनोद शाक्य (कराँते), गंगा अधिकारी (कराँते), आङबाबु लामा (उसु), दीपक विष्ट (तेक्वान्दो), आयशा शाक्य (तेक्वान्दो), राजेन्द्र भण्डारी (एथलेटिक्स)

**रजत** : सत्येन्द्रकुमार यादव (कुस्ती), कुमार मानन्धर (तेक्वान्दो), पुरुषोत्तम रिजाल (उसु), विकास गुरुङ (उसु), अनु अधिकारी (कराँते), महिला टिम (फुटबल), विनोद महर्जन (कराँते), मनिता शाही (तेक्वान्दो), अजित गुरुङ (बक्सिङ) **कांस्य** : दीपककृष्ण श्रेष्ठ (जुडो), राजन जोशी (जुडो), देवु थापा (जुडो), राधादेवी राई (जुडो), पुरुष टिम (ब्याडमिन्टन), महिला टिम ( ब्याडमिन्टन), पुरुष टिम (सुटिङ), पुरुष टिम (कपर्दी), महिला टिम (कपर्दी), एलिना चौधरी (उसु), झरना गुरुङ (उसु), यानकुमारी चौलागाईं (तेक्वान्दो), पुरुष टिम (टेबलटेनिस), दानबहादर ऐरी (तेक्वान्दो), पुरुष टिम (कराँते), लक्ष्मण साउद (बक्सिङ), कुशल श्रेष्ठ (कराँते), मुना बासुकला (टेबलटेनिस), महिला डबल्स (टेबलटेनिस), पुरुष टिम (आर्चरी) ।

### कुन खेलबाट कति पदक ?

| खेल | स्वर्ण | रजत | कांस्य |
|---|---|---|---|
| कराँते | ३ | २ | २ |
| उसु | २ | २ | २ |
| तेक्वान्दो | २ | २ | २ |
| एथलेटिक्स | १ | - | - |
| बक्सिङ | - | १ | १ |
| फुटबल | - | १ | - |
| कुस्ती | - | १ | - |
| जुडो | - | - | ४ |
| टेबलटेनिस | - | - | ३ |
| कपर्दी | - | - | २ |
| ब्याडमिन्टन | - | - | २ |
| सुटिङ | - | - | १ |
| आर्चरी | - | - | १ |
| कुल | ८ | ९ | २० |

### ११ औं सागको अन्तिम पदक तालिका:

| देश | स्वर्ण | रजत | कांस्य | कुल |
|---|---|---|---|---|
| भारत | ९० | ५५ | २९ | १७४ |
| पाकिस्तान | १९ | २५ | ३६ | ८० |
| बंगलादेश | १८ | २३ | ५६ | ९७ |
| श्रीलंका | १६ | ३५ | ५४ | १०५ |
| नेपाल | ८ | ९ | २० | ३५ |
| अफगानिस्तान | ७ | ९ | १६ | ३२ |
| भुटान | - | २ | ३ | ५ |
| माल्दिभ्स | - | - | २ | २ |
| कुल | १५८ | १५८ | २१६ | ५३२ |

# भाग्यमा निर्भर पदक



काठमाडौं- ११ औं दक्षिण एसियाली खेलकुद (साग) मा समावेस २३ अर्थात् सबै खेलमा नेपालले चुनौती पेस गरेको थियो । धेरै खेलमा नेपालको चुनौती फिक्का अनि थोरैमा मात्र सन्तोष मान्न सकिने स्थिति रह्यो । १३ खेलमा पदक जिते पनि नेपाल १० खेलमा रित्तो फर्कियौं ।

जितेका स्वर्ण र रजतबाहेक प्राप्त २० कांस्य पाउनुमा नेपाली खेलाडीको प्रदर्शनभन्दा भाग्य बलियो देखियो । केही खेलमा भने नेपाली खेलाडीको चुनौतीलाई कमजोर भन्न मिल्दैन । प्रतिस्पर्धा गर्नुअघि नै ब्याडमिन्टनमा नेपालको दुई कांस्य लगभग निश्चित थियो । महिला र पुरुष टिम स्पर्धामा नेपाल नराम्रोसँग पराजित भएको थियो । नेपालले आर्चरी र सुटिङमा १-१ कांस्य पाएको थियो । कपर्दीमा पाएको दुई रजत साग इतिहासमा नेपालको पहिलो पदक थियो । सन् १९९१ को कोलम्बो संस्करणको स्वर्णिम इतिहास दोहोऱ्याउन नसके पनि टेबलटेनिसको तीन कांस्यमा सन्तोष मान्ने ठाउँ छ ।

सत्येन्द्रकुमार यादवले दिलाएको रजत कुस्तीमा लामो समयपछिको उच्च पदक हो । बक्सिङमा अजित गुरुङको रजतमा चित्त बुझाउन सकिन्छ । आयोजक बंगलादेशी खेलाडीविरुद्ध मुक्का बर्साउँदा निर्णायकले पनि उनको विपक्षमा अंक दिएका थिए । खस्कँदै गएको बक्सिङमा नेपालले थप एक कांस्य पनि जित्यो । महिला फुटबलमा पाएको रजतपदक ऐतेहासिक रह्यो । अन्तर्राष्ट्रिय फुटबलमा नेपाली महिलाको यो पहिलो सफल यात्रा थियो ।

**सहभागितामै सीमित**

नेपालले सबैभन्दा खराब नतिजा भारोत्तोलनमा बेहोऱ्यो । दक्षिण एसियाली खेलकुदको इतिहासमा पहिलोपल्ट नेपाल भारोत्तोलनमा पदकविहीन भयो । अन्तर्राष्ट्रिय खेलकुदमा नेपाललाई सर्वाधिक पदक दिलाएको खेलको लोभलाग्दो पहिचान बोकेको भारोत्तोलनमा निश्चित रहेको दुई पदक पनि ढाकामा आफ्नै गल्तीले गुमाएको थियो ।

चार वर्षअघिका स्वर्ण विजेता कमलबहादुर अधिकारीले आँटेको तौल उचाल्न सकेनन् । दसौं सागका कांस्य विजेता ज्ञानबहादुर श्रेष्ठको नियति पनि उस्तै रह्यो । भार उठाउन नसकेर उनी पनि वासआउट भए । कमल र ज्ञानबहादुर सहभागी दुवै स्पर्धामा ३-३ खेलाडी मात्र सहभागी भएकाले जतिसुकै कम तौल उचाले पनि कांस्य पदकबाट वञ्चित हुनुपर्दैनथ्यो ।

दस खेलमा पदकविहीन यात्राले नेपाल सरकारको लगानीको प्रतिफल दिन सक्दैन । नेताका नातेदार तथा दलका कार्यकर्ताले भरिएको झन्डै ५ सय संख्यामा रहेको नेपाली टिम सुरुमै विवादमा मुछिएको थियो । अनावश्यक व्यक्तिको ढाका भ्रमणले नेपाली जनताको करबाट संकलित रकम दुरुपयोग मात्र भयो । त्यसमा सम्भावना कम भएका खेलमा अत्यधिक सहभागिताले पनि सरकारको ढुकुटी रित्याउन सघायो । नेपाली खेलाडी तथा पदाधिकारीको अनुशासनहीनताले ढाकामा खुबै चर्चा पाएको थियो ।

पदकविहीन रहे पनि सेमिफाइनल यात्रा गरेको ह्यान्डबल र बास्केटबलको नतिजालाई नराम्रो भन्न मिल्दैन । जम्बो टोली रहेको एथलेटिक्समा म्याराथनबाहेक बाँकी सबै स्पर्धामा नेपालको चुनौती कमजोर रह्यो । पौडीमा पनि नेपाली खेलाडीको अन्तिम स्थानको वरियता अन्य मुलुकले खोस्न सकेनन् । पहिलोपल्ट सामेल गरिएको गल्फमा पनि नेपालको नतिजा निरासाजनक रह्यो । टेस्ट खेल्ने मुलुकसँग सबै खेल हारे पनि क्रिकेटले आत्मसन्तुष्टिको ठाउँ राखेको छ ।

निर्जला ताम्राकार कांस्यका लागि भारतीय खेलाडीसँग आठ सेकेन्ड पछि परेपछि साइक्लिङमा पनि नेपाल रित्तो हात फर्कियो । हक्कीमा नेपालले अहिलेसम्मकै खराब नतिजा बेहोऱ्यो । स्क्वास र भलिबलमा पनि नेपालले कडा चुनौती प्रस्तुत गर्न सकेन ।

# बूढासुब्बा गोल्डकप आरसीटीलाई



धरान- धरान रंगशालामा सञ्चालित १२ औं बूढासुब्बा गोल्डकप प्रतियोगिताको उपाधि रानी पोखरी कर्नर टिम (आरसिटी) क्लब, काठमाडौंले चुमेको छ। शनिबार सम्पन्न फाइनल खेलमा नेपाल प्रहरी टिमलाई ट्राई ब्रेकरमा ३-१ हराउदै आरसिटीले उपाधिमा कब्जा जमाएको हो। गोलरक्षक दिलीप क्षेत्रीले ट्राइब्रेकरमा विपक्षी टिमको प्रहारलाई लगातार तीन पटक रोकेपछि आरसीटीको जित सुनिश्चत बनेको थियो। दिलीपले प्रहरीका भोला सिलवाल, योगेश श्रेष्ठ तथा रविन श्रेष्ठको पेनाल्टी रोकेका थिए भने प्रहरीका दीपेन श्रेष्ठले मात्र गोल गर्न सकेका थिए। आरसिटीका तर्फबाट कृष्ण कुावर, सन्तोष गुरुङ तथा दीपक राईले गोल गरेका थिए।

खेलको पहिलो हाफमा निकै आक्रामक रूपमा प्रस्तुत भएका दुवै टिम मजबुत देखिन्थे। पहिलो हाफको २८ औं मिनेटमा दीपेन श्रेष्ठले गोल गर्दै प्रहरीलाई अग्रता दिलाएका थिए। १-० ले पछि परेको आरसीटीका ऋषि राईले दोस्रो हाफको ७ औं मिनेटमा गोल गर्दै खेल बराबरीमा पुऱ्याए। दोस्रो हाफको ३० औं मिनेटमा दीक राईले गोल गर्दै आरसिटीलाई २-१ को अग्रता दिलाएका थिए। प्रहरीका रोशन कार्कीले अर्को गोल फर्काएर खेल २-२ को बराबरीमा पुगेको थियो। ९० मिनेटको खेल सकिएपछि समय थप्दा पनि गोल हुन नसकेपछि ट्राइब्रेकर भएको थियो।

उपाधि विजेता टिमले १ लाख ५० हजार रुपैयााका साथ ट्रफी तथा उपविजेताले ७५ हजार रुपैयाा र ट्रफी प्राप्त गरे। विजयको खुसीले प्रसन्न आरसीटीका प्रशिक्षक मधु कार्की भन्छन्- 'हामीले मेहनत गरेको र प्रहरीका खेलाडीसाग हाम्रो टिमका खेलाडीले डटेर खेलेकाले लामो समयपछि उपाधि जित्न सफल भएका छौं।' यसअघि आरसीटी गोल्डकपको सेमिफाइनलसम्म पुगेको थियो। आरसीटीले बूढासुब्बा गोल्डकप पहिलो पटकको जित हो।

तीन पटक गोल्डकप विजेता भैसकेको नेपाल प्रहरी टिमलाई फाइनलमा हराउन आरसीटीले निकै कसरत गर्नुपरेको थियो। खेल अवधिभर निकै गोल बनाउने अवसर पाएको नेपाल प्रहरीले कुनै सफलता प्राप्त गर्न सकेन। पराजित टिमका प्रशिक्षक विराटकृष्ण श्रेष्ठका अनुसार आफ्ना खेलाडीले मिस पास गर्नु र राम्रा खेलाडी जुमानु राई, चेतन घिमिरे, दीपक श्रेष्ठ र राकेश श्रेष्ठ घाइते भएर नखेलेकाले पनि हार खेप्नुपऱ्यो।

प्रतियोगितामा बेस्ट प्लेयर विजेता टिमका गोल रक्षक दिलीप क्षेत्री घोषित भए। फाइनल खेलमा सर्वोत्कृष्ट खेलाडी नेपाल प्रहरीका दीपेन श्रेष्ठ घोषित भए। प्रतियोगितामा सबैभन्दा बढी गोलकर्ताको पुरस्कार रोशन कार्की, दिपेन श्रेष्ठ, लक्ष्मी श्रेष्ठ तथा प्रेम लिम्बूले संयुक्त पाएका थिए। उनीहरू सबैले खेल अवधिभर बराबरी ३-३ गोल गरेकाले सामूहिक उपाधि प्रदान गरिएको थियो।

धरान फुटबल क्लबको आयोजनामा धरान रंगशालामा माघ १९ गतेदेखि फागुन १ गतेसम्म सञ्चालित प्रतियोगितामा नेपाल तथा भारत गरी कुल १२ टिमको सहभागिता थियो।

**-भीषण राई**

दीपेन श्रेष्ठ बूढासुब्बा गोल्डकपमा सर्वोकृष्ट खेलाडी घोषित भएपछि प्रसन्न छन्।

सर्वोकृष्ट खेलाडी बन्छु जस्तो लागेको थियो ?

मैले राम्रो खेलेको थिए। आयोजकहरूले मलाई मेरो खेल हेरेर छान्नुभयो।

कस्तो लागिरहेको छ ?

एकदम खुसी लागिरहेको छ। म यो खुसी सबै साथी भाइसाग बााड्न चाहन्छु।

अब के गर्नुहुन्छ ?

प्रहरीसागको मेरो कन्ट्रयाक्ट गोल्डकपसागै सकिएको छ। म अब काठमाडौमा हुन गैरहेको जावलाखेल लिगमा व्यस्त हुन्छु होला।

खेलजीवन कस्तो लागिरहेको छ ?

राम्रो लागिरहेको छ, धेरैले चिन्छन्। पछिसम्म यसमै लाग्ने विचार छ।

# सहिद तेजबहादुर अमात्य क्रिकेट



वीरगन्ज- आयोजक वीरगन्ज क्रिकेट एकेडेमीलाई ६ विकेटले पराजित गर्दै कलैया क्रिकेट क्लबले यहाा आयोजित सहिद तेजबहादुर अमात्य अन्तर्राष्ट्रिय ट्वान्टी- २० क्रिकेट प्रतियोगिताको उपाधि उचालेको छ। वीरगन्जस्थित आदर्शनगर खेलमैदानमा सोमबार भएको रोमाञ्चक फाइनलमा कलैयाले उक्त सफलता हात पारेको हो।

ठूलो संख्यामा उपस्थित दर्शकको समर्थनको फाइदा आयोजक एकेडेमीले उठाउन सकेन। कमजोर बलिङ र क्षेत्र रक्षण कारण ऊ पराजित हुन पुग्यो। टस जिती आयोजक एकेडेमीले पहिले ब्याटिङ गर्दै २० ओवरमा ९ विकेट पतनपछि १ सय १४ रन बनाएको थियो। उसका लागि यासिन हवारीले अविजित ५१, पुनीत थापाले १७ तथा हासिम अन्सारीले ११ रनको योगदान गरेका थिए। उता कलैयाका बलरहरूमा रविन गुरुङले ३, सुदिप चौधरीले २ तथा कुमार थापा र जटाशंकर सर्राफले १-१ विकेट लिएका थिए।

१ सय १५ रनको विजयी लक्ष्य पछ्याएको कलैया क्रिकेट क्लबले १९ ओवरमा ४ विकेट पतनपछि विजयी लक्ष्य भेट्टाएको थियो। उसका लागि अमित श्रेष्ठले ५४, विनय साहले २२ तथा शिव तण्डुकारले १४ रन जोडेका थिए।

वीरगन्जका बलरहरूमा, विजय गुप्ताले २, रामनरेश यादव तथा यासिन हवारीले १-१ विकेट आफ्नो खातामा लेखाएका थिए।

म्यान अफ द म्याच कलैयाका अमित श्रेष्ठ भए। म्यान अफ द सिरिज कलैयाका कप्तान शिव तन्डुकार भए। त्यसैगरी बेस्ट ब्याट्म्यान आयोजक क्बलका कन्चन थापा र बेस्ट बलर कलैयाकै रविन गुरुङ भए। प्रतियोगितामा नेपाल र भारतका गरी ८ क्रिकेट क्लब सहभागी भएका थिए।

## महिलातर्फको उपाधि भारतलाई



सहिद तेजबहादुर अमात्य महिला तथा पुरुष इन्टरनेसनल क्रिकेटको महिलातर्फको फाइनल खेलमा भारतको महिला क्रिकेट क्लव विजयी भएको छ। उसले नेपालको सर्लाही महिला क्रिकेट क्लबलाई ९८ रनले पराजित गरेर उपाधि चुमेको हो। भारतले निर्धारित १५ ओवरको खेलमा ५ विकेटको क्षतिमा १ सय ५१ रनको योगफल खडा गऱ्यो। उसका लागि पूनम बर्माले अविजित ५३ रन बनाएकी थिइन्। सर्लाहीका बलरहरूमा कृतु दाहाल, दिवसना गुरुङ, रीतु बुढाथोकी, बिना खड्का र उषाले १-१ विकेट लिएका थिए।

जवाफमा सर्लाही महिला क्रिकेट क्लब १५ ओवरमा ५ विकेट गुमाई ५३ रन बनायो। उसका लागि कृतु दाहालले १५ रन बनाइन्। भारतका बलरहरूमा सायना सैफ र सरिता यादवले २-२ तथा सृष्टि कुमारीले १ विकेट लिएका थिए। वुमन अफ द म्याच भारतकी पूनम वर्मा भइन्।

# भीमनारायण कप देउरालीलाई



धनकुटा- पाहुना टोली सिक्किम-११ लाई ३-० ले हराउँदै छैटौं सहिद भमिनारायण श्रेष्ठ रनिङ्गकप फुटबलको उपाधि घरेलु टिम देउराली युवा क्लबले हात पारेको छ। देशका चर्चित खेलाडीहरूका साथ खेलमैदानमा उत्रिएको देउरालीले जितसँगै कप र नगद ५० हजार हात पाऱ्यो भने हारसँगै सिक्किम-११ ले २५ हजारमा चित्त बुझायो।

गत शुक्रबार सम्पन्न फाइनल खेल सुरु भएको तीन मिनेट पनि बित्न नपाउँदै देउराली क्लबका बुद्ध चेम्जोङले सिक्किम-११ को गोलपोष्टमा हानेको बल पोलमा लागी फर्किएपछि उक्त बललाई नियन्त्रणमा लिई देउरालीका रितेस श्रेष्ठले जाली चुमाउँदै खाता खोलेका थिए। एक गोलले पछि परेको सिक्किम-११ पहिलो हाफभरी निकै आक्रामक रूपमा प्रस्तुत भए पनि उसले पाँचवटा गोल गर्ने अवसर गुमाएको थियो।

घरेलु दर्शकको साथ पाएको देउराली युवा क्लबले खेलको दोस्रो हाफको सुरुवातमै पुनः बुद्ध चेम्जोङले प्रहार गरेको आकर्षक प्रहारलाई सिक्किम-११ का गोलरक्षक पवन क्षेत्रीले बचाएका थिए। खेलको ६८ औं मिनेटमा पुनः वुद्ध चेम्जोङले दाया कर्नरबाट निकालेको पासलाई आजाद प्रधानले हेडिङमार्फत शानदार गोल गर्दै टिमलाई दुई शून्यले अग्रता दिलाए। दुई मिनेट लगत्तै पुनः बुद्ध चेम्जोङकै पासमा गोल थपेर आजाद प्रधानले टिमलाई ३-० ले टिमको विजय सुनिश्चित गरेका थिए।

पहिलो पटक सहिद भीमनारायण रनिङ कपमा भाग लिएको सिक्किम-११ ले सेमिफाइनलमा झापाको शैनिक क्लबलाई हराएको थियो भने विजेता देउराली युवा क्लबले गत वर्षको विजेता ट्याम्के क्लब धरानलाई ट्राइब्रेकरमा हराएको थियो।

खेलको म्यान अफ दि सिरिज देउराली युवा क्लबका रितेश श्रेष्ठ घोषित भए भने बेस्ट स्कोरर सिक्किम-११ का पलामान राई घोषित भएका थिए। त्यसैगरी बेस्ट किपर देउरालीका राजु नगरकोटी भए।

विगतका वर्षहरूमा पूर्वाञ्चलस्तरीय रूपमा सञ्चालन गरिँदै आएको यो प्रतियोगितालाई यस वर्षदेखि राष्ट्रिय स्तरको बनाइएको छ। प्रतियोगिता राष्ट्रिय स्तरको बनाइएपछि पुरस्कार राशि १५ हजारबाट ५० हजार वनाइएको छ भने दोस्रो पुरस्कार ७ हजारबाट २५ हजार बनाइएको छ। माघ २२ प्रारम्भ भएको प्रतियोगितामा देशभरका ८ वटा टिमले सहभागिता जनाएका थिए।

**-भिषा काफ्ले**

**• मैदान बाहिर •**



# उडको दाम्पत्य जीवन सुमधुर

घरमा श्रीमती हुदाँहुँदै बाहिरी महिलाहरूसँग सम्पर्क राखेको घटना सार्वजनिक भएपछि दाम्पत्य जीवनबाट हात धोएका टाइगर उड तथा श्रीमती एलिन नोर्डेग्रेनबीच मिलन हुने सम्भावना बढेको छ। गत वर्षको अन्त्यमा टाइगर उडसँग रमाइला क्षण बिताएका १९ जना महिला एकपछि अर्को गर्दै देखा पर्न थालेपछि एलिन टाइगरबाट अलग भएकी थिइन्। उडको अत्यधिक यौनचाहनाका कारण उनलाई ६ साता यौन परामर्श केन्द्रमा लगेर उपचारसमेत गरिएको छ। यो उपचारपछि उडको यौन व्यवहार परिवर्तन हुने आशाका साथ एलिन टाइगरलाई लिएर घर जाने मनसायमा भएकी ऱ्याडर अनलाइन वेबसाईटले जनाएको छ। उपचारपश्चात् घर गएर एलिन र टाइगरले एकान्त ठाउँमा समय बिताउने योजना बनाएका छन्। त्यसपछि टाइगर पुनः खेलक्षेत्रमा फर्कने सम्भावना छ। यसबीच एलिनले अमेरिकाबाट प्रकाशित हुने ओके म्यागजिनलाई अन्तर्वार्ता दिँदै टाइगरको बचाउसमेत गरेकी छिन्। एलिनले भनेकी छिन्- 'खेलाडीहरू खेलेर थाक्दा पानी पिएजस्तै उड खेलेर तनावमा रहँदा यौनसम्पर्क राख्न चाहन्थे, जसका लागि उनले बाहिरी महिलाहरूको सहयोग लिए। यो उनको तनाव कम गर्ने उपाय मात्र हो।'

# भ्यालेन्टाइन डेमा

## तिमी नै हौ मेरी अब मान न...

सुव्रत आचार्य

चार वर्षअघि जीपी तिमिल्सिनाले आफ्नी जीवनसंगिनी उषा खड्गीका लागि एउटा गीत रचेका रहेछन्- 'यो के भयो भन न, तिमी नै हौ मेरी अब मान न..'। आइतबार भ्यालेन्टाइन्स डेका अवसरमा यी दम्पतीले आयोजना गरेको कार्यक्रमको शुभारम्भमा जीपीले त्यही गीत आफ्नो स्वरमा गाइदिँदा उषाका आँखा रसाए। किनकि उनले जी.पी.ले त्यो गीत गाउँछन् भन्ने भेउसम्म पाएकी थिइनन्। जिपीको त्यो गीत नै उनका लागि मूल्यवान् भ्यालेन्टाइन उपहार भयो। यसपटक यो दम्पती इन्भेनियो वाइनको साथ पाएर होटल एभरेस्टमा निम्त्याइएका जोडीलाई एकपटक फेरि वाचा गर्ने अनुरोध गर्दै थिए। कार्यक्रमको शिर्षक नै थियो- 'कमिटमेन्ट वन्स अगेन'।

'नजिक आउनुमा माया लाउनुमा किन हिचकिची, किन कञ्जुसी...'-गायक रामकृष्ण ढकाल यो रोमान्टिक गीत गाउँदा कतै हराए। छोरीलाई सञ्चो नभएर उनको 'भ्यालेन्टाइन' अर्थात् नीलम कार्यक्रममा आउन सकिनन्। सम्भवतः उनी नीलमलाई सम्झँदै थिए। 'विवाहअघि धेरै ट्र्याजिटी गीत गाए पनि विवाहपछि रोमान्टिक गीत गाउन थालेको छु,' आफ्ना तीनवटा रोमान्टिक गीत प्रस्तुत गर्दै रामकृष्णले त्यसो पनि भन्न भ्याए, अनि गीत गाएर मञ्चबाट ओर्लनेबित्तिकै उनी सबैसँग बिदा भएर हिंडिहाले। उषाले बेलुन डान्स गर्ने अनुरोध गरेपछि रोमान्टिक जोडी मात्र होइनन्, दाजु-बहिनी र साथीहरू पनि जोडी बनाएर बेलुन बीचमा राखेर नाच्न थाले। बेलुन फुटाउन नपाइने र छुन पनि नपाइने भनिए पनि अप्ठेरो भएर बेलुनमा हात गैहाल्ने अवस्था थियो। जसले त्यो रमाइलो हेरिरहेका अन्य आमन्त्रितहरूलाई रमाइलो भयो। त्यस्तै रमाइलो पेपर डान्समा पनि भयो। दुईतिर पर्दामा मञ्च र मञ्च अगाडिमा रमाइला गतिविधिहरू प्रत्यक्ष देखाइएकाले हलको पछिल्तिर स्वादिलो डिनर र पेयको आनन्द लिइरहेकाहरूलाई समेत मनोरञ्जन भैरहेको थियो। आमन्त्रितहरूलाई ड्रेसकोड रातो र कालो रंगको लगाउनुपर्ने भएकाले धैरैले त्यसो गरेका थिए। त्यसैले कार्यक्रममा बेस्ट ड्रेस कपल, बेस्ट ड्रेस, बेस्ट डान्सिङ कपल आदि पुरस्कार पनि वितरण गरिएको थियो। कार्यक्रममा डिजेइङको तालमा विभिन्न हिन्दी तथा नेपाली रोमान्टिक गीतमा नाच्दै पूर्व मिसनेपाल उषा खड्गी र जीपीसँगको रमाइलो कार्यक्रम रातको ११ बजे समापन भयो।

### नम्रताको नाटक

वरुण- 'हेल्लो, ल म तिमीलाई बीस सेकेन्ड समय दिन्छु, मेरो प्रस्ताव स्वीकार गर्नका लागि..'

नम्रता- 'मात्र बीस सेकेन्ड ?'

बरुण- 'ल काउन्टडाउन सुरु भयो है..? बीस, उन्नाइस.. सात..छ...'

नम्रता- 'दुई..एक..आई...लभ.. हेल्लो..हेल्लो..'

बरुण- 'हेल्लो..हेल्लो...लौ के भयो...नेटवर्क नै छैन...फेरि के म्यासेज आयो..(तपाइँको ब्यालेन्स ०.०० भैसकेको छ, कृपया तुरुन्तै रिचार्ज गराउनु होला) हत्तेरी अब रातको १२ बजे कहाँ गएर रिचार्ज गराउनु ?'

नम्रता- 'ल, मोबाइलमा ब्यालेन्स सकिएछ...।'

मोबाइल सन्देशबाट आरम्भ भएको प्रेम प्रस्ताव स्वीकार हुन नपाउँदै मोबाइलमा पैसा सकिदाँसम्मको रमाइलोलाई नायिका नम्रता श्रेष्ठ तथा मोडल वरुण राणालाई अभिनय गराइएको छोटो नाटक 'स्ट्यान्ड बाइ मी'को निर्देशन चलचित्र 'सानो संसार'का नायक कर्माले गरेका थिए भने त्यसको कथा प्रचण्ड श्रेष्ठले लेखेका थिए। पर्दामा चलचित्र 'मेरो एउटा साथी छ'पछि नायिका नम्रतालाई त्यहाँ प्रत्यक्ष अभिनयमा देखियो। भ्यालेन्टाइन डेका अवसरमा आइतबार नम्रताले उनको पनि साझेदारी रहेको राजदरबार संग्रहालयको उत्तरढोकापारि स्थित रेस्टुराँ एटिकमा फरक ढंगको कार्यक्रम प्रस्तुत गर्ने तयारीस्वरूप उक्त अवसरमा प्रेमकविता वाचनका साथै गीतहरू सुनाइएको थियो। कार्यक्रममा कान्तिपुर एफएमका आरजे रेमन श्रेष्ठले गीत गाउँदा उनलाई केही शुभचिन्तकले एल्बम निकाल्ने सल्लाह दिएका थिए।

### क्लोजअपले जुरायो

क्लोजअप टुथपेस्टका दुई खाली खोल बुझाएपछि एक जोडीले प्रवेश पाउने भ्यालेन्टाइन डान्सपार्टीको रौनक काठमाडौंको कान्तिपथस्थित १९०५ रेस्टुराँमा देखियो। उक्त पार्टीमा कतिपय जोडी हातमा हात राख्दै गुलाबको फुलका साथ पुगेका थिए। डिजे बीम्यानलगायतका डिजेहरू डिजेइङ्गमा नाच्नुको मज्जा एकातिर थियो भने बिब्वाइ र बिगर्लहरूको बी-बोइङले कार्यक्रममा रौनक थपेको थियो। नेप्साइडेजका गीतको प्रत्यक्ष प्रस्तुति युवापुस्ताका लभजोडीलाई प्रेममा डुब्न मद्दत पुऱ्याएको थियो।

### निमाको प्रेमगीत

'आऊ आऊ न मसँग गाऊ न' गायक निमा रुम्बाका दर्जनौं चर्चित यस्ता पपगीतलाई प्रत्यक्ष उनकै स्वरमा सुन्न पाइने व्यवस्था भर्खरै सञ्चालनमा आएको टिप्सी लाउञ्जले गरेको थियो। साँझ सात बजेदेखि निमाले रोमान्टिक जोडीहरूका लागि प्रणय भावले भरिपूर्ण आफ्ना गीत सुनाए। दरबारमार्गस्थित उक्त लाउञ्जभन्दा झन्डै सय मिटर नजिकै रहेको भिन्टेज क्याफे एन्ड पबमा पनि भ्यालेन्टाइन संगीतमा नाच्ने युवाजोडीहरू निकै थिए। डिजे नो-रेस्टले घन्काएका गीतहरूमा नाच्दै,



खाँदै र पिउँदै उक्त कार्यक्रम 'लभ इन हेभन'मा रातको १२ बजेसम्म आमन्त्रितहरू नाचिरहे।

शीघ्र प्रदर्शन हुँदैछ




## ब्युटिसियन तथा हेयर ड्रेसिङ्ग तालिम

यस क्राउन टेक्निकल इन्स्टिट्युटमा वरिष्ठ ब्युटिसियनहरुद्वारा ब्युटिसियन तथा हेयर ड्रेसिङ्गको विभिन्न प्रकारका तालिमहरु संचालन हुदैछ। विद्यार्थी तथा अन्य भिषामा विदेश जानेहरुको लागि विशेष कोर्षको पनि व्यवस्था छ।

- Basic hairdressing and cutting
- Hair refresher
- Barbering
- Technical training for hair
- Personal makeup & hair styling
- Professional makeup & hair styling
- Personal grooming
- Nail culture and nail art
- Henna designing
- Professional short term courses

क्राउन टेक्निकल इन्स्टिट्युट
नयाँ बानेश्वर (शंखमूल जाने बाटोमा), काठमाडौं, फोन: ४७८३५२२
Crown Technical Institute, Ph: 478 3522, 9841085445

## फोटोग्राफी भिडियोग्राफी

- फोटो/भिडियो एडिटिङ
- फोटो/भिडियो प्रत्रकारिता
- फोटो ल्यामिनेशन

अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
Hurry UP
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिट्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, kolasktm@yahoo.com, 4216291

## यौन शक्ति

जस्तो सुकै यौन दुर्वलता र कमजोरीका लागि
Herbal Levitra — प्रेसर र सुगर हुनेलाई पनि उपयुक्त
A Quality Product of Germany
जगाउँछ नशा नशामा जोस र शक्ति दिन्छ Xtra Time र अधिक सन्तुष्टि
शीघ्रपतनका लागि Dr. Power Gel
जाँड-रक्सीको कुलत छुटाउन
मोटोपना घटाउन/तौल बढाउन (३ मिनेटमा ५ ईन्च सम्म पेट, हिप र थाई घटाउन)
कपाल सम्बन्धि सम्पूर्ण उपचार
स्तन बढाउन घटाउन र टाईट गर्न
Cash Guaranteed Result
Helpline: 4672065, 2084130, 9851034690

## मोबाईल तालिम

(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
- रेडियो क्यासेट DVD, VCD, TV
- कम्प्युटर हार्डवेयर, सफ्टवेयर
- एसी/फ्रिज
- हाउसवायरिङ्ग
- मोटरवाईण्डिङ्ग

Guarantee
लोडसेडिङ्ग नो प्रोब्लम
१३ वर्ष पुरानो
३३% छुटमा
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

## ब्यूटीसियन तालिममा नि:शुल्क भर्ना खुल्यो

बिगत १३ बर्ष देखि देशभर १२ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्वारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा Basic, Advance, Diploma, Beautician Teachers Trainining, Hair Dressing र Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।
*********************************
नोट: यू. के., अमेरिका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेन्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन्।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-५४१४६९, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८

## ३ महिनामा ४" उचाइ बढाउने

- केश झर्न तुरुन्तै रोकी उमार्ने
- १ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
- जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
- तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
- १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
- प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
- ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)

नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल पाटन हस्पीटल अगाडी
Tel :01-5004046, 01-5550195
शाखा कार्यालय बनेपा Mo:9851112675

## Language/Computer

TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
विशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पानी ट्यांकी): Tel: 4483414 | New Baneshwor Chowk (Opp. New Baneshwor Dept. store): Tel: 4785226 | Adwait Marg (Bagbazar): Tel: 4232866 | Lagankhel (Bus Park): Tel: 5004018

## 50 % Discount

Hardware Networking @ 2500 only
- Basic
- Office Package
- Graphic
- WebPage
- Tally+Fact
- AutoCAD
- PHP&MYSQL
- Diploma
- Video Editing
- C,C++

Microsoft Institute
Bagbazar, Recross Building
Hello: 4-256303, 4-229903

## Real-Life SPOKEN ENGLISH

Real Life Accent | Fluency | Accuracy
अंग्रेजी भाषा प्रशिक्षणमा लामो अनुभवि शिक्षकशिक्षिकाद्वारा तयार पारिएको Course Syllabus जसमा वास्तविक जीवनमा प्रयोग हुने बोलीचालीको भाषालाई बढि प्राथमिकता दिइएको छ। यो कोर्ष ४८ घण्टाको हुनेछ।
(Free: Books, CDs, Handouts. Audio-Visual and Internet facility)
STUDY ABROAD
UK, USA, Canada, Australia, Cyprus, New Zealand, Switzerland, Japan, Malaysia, Singapore & More
TESTS PREPARATION
IELTS, TOEFL, SAT, GRE, GMAT
(Free: Books, CDs, and Internet facility)
Attractive Discount Scheme
FOCUS Education & Consultants
Focused on students success
Putalisadak (Way to Dillibazar), Kathmandu
Tel: 4421637, 4421868
E-mail: info@focusedu.com.np, focusedu@wlink.com.np
www.focusedu.com.np

## होटल तथा पर्यटन तालिम

- Tour and Travel Mgmt.
- Tour Operation
- Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
- Hotel Management
- F & B Management
- Cook
- Front Office
- Bartender
- Housekeeping
- Waiter
- Bakery
- Coffee Making

10th Year of Establishment
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक (अन्तर्राष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
Affiliated to CTEVT
Member HAN, REBAN, ATHTIN
4472553 / 4475113

## If U Can Talk then

Earn 17000+ Per Month
Luxurious Office+ Vehicle
Work 1/2 Hours Only Per Day
Three Generation Royalty Income
A Step 2 Make UR Dream Come True
Flexible Working Hour + Huge Income
Own Ur Business Without Investment
Life Insurance + Academic Scholarship
Free luxurious Bunglow + Foreign Tour
Both Freshers + Highly Skilled Can join
Shaping Minds Group-Business Club
Putalisadak 2222605, 4233478 | New Baneshwor 4782162, 4781431 | Kumaripati 5008632, 2292244

## के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?

युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
नेपालमा पहिलो
उद्यमशीलता तालिम तथा रोजगारी विकास
फोटोग्राफी भिडियोग्राफी
महिला तथा विद्यार्थीहरुका लागि ५०% छुट
KANTIPUR PHOTOGRAPHY
पुतलीसडक चोक, काठमाडौं
४४४३३१९, ९८४१-३२२७७७

## होटल तालीम

छुटमा (%)
★Cook ★Waiter ★Bakery ★Housekeeping ★Front Office ★Bartender ★Coffee making ★Hotel Mgmt ★F & B Mgmt ★Airlines Ticketing ★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।